साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ५ ✪ ८ फागुन २०८०, मङ्गलबार ✪ 20 Feb., 2024, Tuesday ✪ मूल्य रू. १०।-

# शैक्षिक क्षेत्र पनि भ्रष्टाचारबाट अछुटो छैन

भक्तपुर । गणेश माध्यमिक विद्यालय भार्वाचोको ४० औं वार्षिकोत्सव तथा भवन समुद्घाटन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) ले देशको शैक्षिक क्षेत्र पनि भ्रष्टाचारबाट अछुटो नभएको चर्चा गर्दै शिक्षकको नियुक्ति, सरुवा बढुवालगायतका क्षेत्रमा भ्रष्टाचार व्याप्त भएकोले आज शिक्षा क्षेत्र कमजोर भएको बताउनुभयो ।

माध्यमिक तहसम्म सञ्चालन भएका विद्यालयमा मावि दरबन्दी एउटा पनि नहुनुबाट सरकार शिक्षा क्षेत्रबाट पन्छिएको पुष्टि भएको उल्लेख गर्दै सरकारी विद्यालयको स्तरोन्नतिको लागि स्थानीय तह र समुदायसँगको सहकार्य आवश्यक भएको बताउनुभयो ।

कामदारवर्गका छोराछोरी पढ्ने विद्यालयका अभिभावकहरू बिहानैदेखि काममा जानुपर्ने भएकाले सरकारले बिहान र साँझको समयमा समेत शिशु कक्षाहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

स्थानीय जनताले अभिभावकीय भूमिका निभाएका सरकारी विद्यालय राम्रो हुने उदाहरण गणेश माविले देखाएको बताउँदै उहाँले असल र देशभक्त नागरिक तयार गर्न शिक्षकहरू लागिपर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले पञ्चायती व्यवस्थाको अन्त्य भए तापनि पञ्चायती प्रवृत्ति र शैली गणतान्त्रिक सरकारमा देखिरहेको चर्चा गर्दै सरकारमा गएका पार्टीका नेता कार्यकर्ताहरूको लगानी भएका निजी कलेज र विद्यालयहरू बिलाउने डरले सरकारी विद्यालयप्रतिको चासो हराएको बताउनुभयो ।

उहाँले कर्णाली प्रदेशका विद्यालयहरू विद्यार्थी शून्य हुँदै गएको समाचारले देशलाई युवाविहीन मात्र नभई बालबालिकाविहीन हुँदै गएको पनि चर्चा गर्नुभयो ।

उहाँले एमाले, काङ्ग्रेस र माओवादीको अकर्मण्यताको कारण देशले दुर्गति भोग्नुपरेको बताउँदै नयाँ पुस्तामार्फत सचेतना फैलाउन सङ्घर्ष गर्न आवश्यक छ भन्नुभयो ।

वाग्मती प्रदेशका सांसद सृजना सैजूले द्वैध शिक्षा नीति रहेसम्म दुई किसिमको शिक्षा रहने बताउँदै कामदार वर्गका छोराछोरी पढ्ने विद्यालयलाई राज्यले अपहेलित गरिरहेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

## काठमाडौँमा सत्रौं नेपालभाषा साहित्य तः मुंज्या सम्पन्न

# भाषा र संस्कृतिलाई सरकारले काखापाखा गर्न मिल्दैन




काठमाडौँ । काठमाडौँ टोखाको क्वने लाछी टोलमा १७ औं नेपालभाषा साहित्य तःमुंज्या सोमबार सम्पन्न भयो । नेपालभाषा साहित्य तःमुंज्या टोखाको आयोजना र बाल विकास क्लव टोखाको सहआयोजनामा १७ वर्षदेखि हरेक वर्ष फागुन ७ का दिन साहित्य सम्मेलन हुँदै आएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भाषा र संस्कृति मानव जातिको सभ्यता विकासको सिलसिला भएको धारणा राख्दै सरकारले सबै भाषा र संस्कृतिको संरक्षण गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भाषा र संस्कृतिलाई सरकारले काखापाखा गर्न मिल्दैन । सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, स्वास्थ्य उपचार निःशुल्क र स्वदेशमा रोजगारी दिनु आवश्यक छ ।"

"ख्वप विश्वविद्यालयको स्वीकृति नदिने सरकारहरू देश र जनताको हुनेछैन । कृषिमा आत्मनिर्भर बनाउनुपर्ने सरकारहरू दाल, चामल, तरकारीसमेत भारतबाट आयात गर्दै छन् । गोर्खा भर्तीबाट नेपाली युवालाई विदेश पठाउन सुरु गरिएको थियो । अहिले युक्रेन, रुस, इजरायल, फ्रान्स, अमेरिकालगायत देशको सेनामा नेपाली युवालाई पठाइँदै छन् । ८० लाख युवाहरू विदेश पठाएर नेपालको विकास कसरी हुन्छ ?", उहाँले प्रश्न गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "प्रजातन्त्रको अर्थ आर्थिक समानता र आर्थिक न्याय हो । १० प्रतिशत धनीहरूसँग ९० प्रतिशत गरिबहरूको भन्दा कैयौं गुणा बढी सम्पत्ति र भूमि रहेको छ ।"

"सरकारमा गएकाहरूले नै मेलम्ची, ललिता निवास, गिरिबन्धु, बाँसबारीलगायतको सरकारी जग्गा भ्रष्टाचार गरेको सार्वजनिक भयो । सहकारी पीडित, मिटरब्याज पीडित र लघुवित्त पीडित जनता आन्दोलनमा छन् । सरकारले गरिब जनताको समस्या समाधान गर्न सकेको छैन", उहाँले भन्नुभयो ।

विदेशी पुँजी ल्याउनको लागि लगानी सम्मेलन गर्न स्रोत नखुलको सम्पत्तिमा अलिकति कर तिराएर वैध बनाउने कानुन पारित गरियो । विदेशी पुँजीसँगै देश नवउपनिवेश हुनेछ । विदेशी पुँजीले नेपाली युवालाई हाम्रै देशमा शोषण गर्ने बाटो खुल्नेछ । देश बेच्ने भनेको माटो उठाएर लाने होइन । विदेशी पुँजीले नवउपनिवेश बनाउनु, विदेशी कानुन र नीति मान्नुपर्ने एमसीसी सम्झौता गर्नु र नेपालको जलस्रोत भारतीय कम्पनीहरू एमआर र सतलजलाई कब्जा गर्न दिनु देश बेच्नुजस्तै हो, सांसद सुवालले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रम मोदीलाई तत्कालीन प्रम शेरबहादुर देउवाले अरुण चौथो प्रसाद दिएर पठाए । गएको जेठमा भारत गएका प्रम दाहालले फुकोट कर्णाली मोदीलाई दिए । देशको सन्तुलित विकास गर्न प्रम, मन्त्री र सांसदहरू आ-आफ्नो जिल्लामा जनतासँगै बस्नुपर्ने, बसाइँसराइ गर्न नपाउने कानुन जरुरी छ । निर्वाचनमा सामान र पैसा बाँडेर, भोज खुवाएर धेरै भोट ल्याउने उम्मेदवार र पार्टीलाई कारबाही हुने कानुन जरुरी छ ।"

सचिव सुवालले थप्नुभयो, "युक्रेनमा रुसविरुद्ध अमेरिकाले छद्मयुद्ध गरेको हो । प्यालेस्टिनमा इजरायली फासीवादलाई अघि सारेर अमेरिकी साम्राज्यवादले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गर्दै छ ।"

उहाँले भन्नुभयो, "भारतीय कामदार जनता र अमेरिकी कामदार वर्गका जनता नेपाली कामदारवर्गका मित्र नै हुन् । भारतीय एकाधिकार पुँजी र विस्तारवाद तथा अमेरिकी साम्राज्यवाद विश्वकै कामदारवर्गका जनताका शत्रु हुन् ।

स्थानीय ज्येष्ठ नागरिक कृष्णलाल डंगोलले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो । नेपालभाषा साहित्य तःमुंज्या टोखाका अध्यक्ष काशीलाल डंगोलको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाई, नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जन र कृष्णकुमार वैद्य, नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय अध्यक्ष अनुराधा थापामगर, जलस्रोतविद् रतन भण्डारी, नेपालभाषा साहित्य तःमुंज्या कीर्तिपुरका श्रीकृष्ण महर्जनलगायतले मन्तव्य राख्नुभएको थियो ।

त्यस्तै ख्यातिप्राप्त कवि राजभाइ जकमी, टोखा नगरपालिकाका उपमेयर मुरारी तामाङ, टोखा ३ का वडाध्यक्ष रमेश डंगोल, बाबुलाल डंगोल, नेवा सम्पदा समाजका रमेश नापित, सांस्कृतिक सम्पदा संरक्षण समितिका गणेशमान श्रेष्ठले पनि बोल्नुभएको थियो । सम्मेलनमा स्थापित र नयाँ साहित्य सर्जकहरूले रचना वाचन गर्नुभएको थियो । साँझ सांस्कृतिक कार्यक्रम देखाइएको थियो ।

## व्यापक जनतालाई सचेत र सङ्गठित नगरिएसम्म क्रान्ति सफल नहुने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिले शनिबार 'रुसको डिसेम्बर विद्रोह' पुस्तकको अध्ययन गोष्ठी सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले पार्टी कार्यकर्ताहरूले संसारको विषय थाहा पाउन पार्टी प्रकाशन अध्ययन गरी अध्ययन र अन्तरक्रियालाई जोड दिनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्ताका युवालाई अध्ययन र अन्तरक्रियाको साथै विभिन्न भाषाको ज्ञान पनि हुनुपर्दछ । साहित्य र संस्कृतिको फाँटमा पनि युवाहरूले आफ्नो गतिविधिलाई अगाडि बढाएर जनताको सेवा गर्नु जरुरी छ । देशका विभिन्न ठाउँमा गएर जनताको सेवा गर्नुपर्छ ।"

उहाँले थप्नुभयो, "मार्क्सवाद विश्वव्यापी दर्शन हो । संसारका मजदुर र किसानको हित मार्क्सवादले मात्र गर्छ । मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखेर पुँजीवादको विकास, उत्थान र पतनको नियमबारे व्याख्या गर्नुभयो ।"

नेपाल मजदुर किसान पार्टीले बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन गरेर शोषित पीडित जनताको पक्षमा आफ्नो स्थापनाकालदेखि नै काम गर्दै आएको प्रमुख अतिथि सुवालले बताउनुभयो ।

सांसद सुवालले डिसेम्बरवादी विद्रोहीहरूले युरोपमा भएको सामान्तवादीविरोधी आन्दोलन र विकासबाट प्रभावित भई रुसमा पनि प्रजातन्त्रको निम्ति सङ्घर्ष गरेको उल्लेख

बाँकी पृष्ठ १२ मा

## ख्वप विश्वविद्यालय विधेयकबारे शिक्षा समिति र शिक्षा मन्त्रीबिच छलफल हुने

काठमाडौँ । प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा नेपाल विश्वविद्यालय विधेयकमा सांसदहरूको संशोधनबारे फागुन २ गते छलफल भयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विधेयकमा आफ्नो संशोधन पेस गर्दै उत्पादन श्रमसँग जोडिएको उच्च शिक्षा प्रदान गर्ने एउटा सहरी विश्वविद्यालय (सिटी युनिभर्सिटी) को रूपमा उक्त विधेयकलाई अगाडि बढाउनु उपयुक्त हुने चर्चा गर्नुभयो ।

विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क हुनुपर्ने उल्लेख गर्दै सांसद सुवालले नेपाल विश्वविद्यालयको केन्द्रीय कार्यालय र विश्वविद्यालय सञ्चालन हुने स्थान सुदूरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको अमरगढी नगरपालिका भनी विधेयकमा स्पष्टसँग किटान हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । विधेयकमा विश्वविद्यालयको केन्द्रीय कार्यालय काठमाडौँ उपत्यकाबाहिर रहने भनी अमूर्त ठाउँ लेखिएको हुँदा तुलनात्मकरूपले आर्थिक र शैक्षिकरूपमा पछाडि पारिएको सुदूरपश्चिम प्रदेश भनी स्पष्टसँग उल्लेख गर्नुपर्नेतर्फ सांसद सुवालले जोड दिनुभयो ।

कार्यरत कुलपतिको कार्य अवधि सकिएको १५ दिनअगाडि नयाँ कुलपति नियुक्ति गरिसक्ने र उपकुलपति, रजिस्टार, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्का सदस्य पदमा नियुक्ति हुनेहरूको लागि सिफारिस समितिमा विश्वविद्यालय

बाँकी पृष्ठ १२ मा

# चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शन

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्य तथा नेपालस्थित चिनियाँ राजदूत महामहिम छन सोङको विशेष आतिथ्यमा चिनियाँ नयाँ वर्ष २०२४ (ड्रागन वर्ष) को अवसरमा सांस्कृतिक प्रदर्शनी कार्यक्रम फागुण २ गते लायकु, भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले चिनियाँ कम्युनिस्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै नेपाल-चीनबिचको मित्रता र सांस्कृतिक सम्बन्ध युगौंदेखिको पुरानो हो भन्नुभयो । उहाँले भन्नुभयो, "तेन्हौं शताब्दीमा नेपालका वास्तुकलाविद् अरनिको चीन गएर निर्माण भएको श्वेत चैत्य नेपाल-चीनबिचको सयौं वर्ष अघिदेखिको मित्रता र सांस्कृतिक सम्बन्धको बलियो प्रमाण हो ।"


उहाँले चीनको स–छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाका पार्टी समिति सचिव युआन चियाच्युन, सिचाङ (तिब्बत) स्वायत्त क्षेत्रका कम्युनिस्ट पार्टीका सचिव वाङ च्युङचङले भक्तपुरको अवलोकन भ्रमण गर्नुभएको स्मरण गर्दै भक्तपुर नगरपालिका र चीनको लसान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य स्थापना गर्न सहमत भई हस्ताक्षर भएको जानकारी गराउनुभयो ।

कार्यक्रमका विशेष अतिथि राजदूत सोङले भक्तपुरलाई नेपालको सांस्कृतिक राजधानीको संज्ञा दिँदै भक्तपुर नगरभित्रका विशिष्ट कला र संस्कृतिले संसारभरका पर्यटकहरूलाई आकर्षित गरेको जानकारी दिनुभयो । उहाँले "चिनियाँ नयाँ वर्ष सबैभन्दा पुरानो र लाखौं परिवारहरूलाई एकताबद्ध गर्ने र पुरानोलाई त्यागेर नयाँ अँगाल्ने उत्सव हो" भन्नुभयो ।

राजदूत सोङले यो वर्ष चीनको जनगणतन्त्र स्थापनाको ७५ औं र आउँदो वर्ष चीन-नेपाल दौत्य सम्बन्धको ७० औं वर्षगाँठ भएको हुँदा दुबै देशको सम्बन्धमा नयाँ अवसर र सम्भावनाहरू रहेको जानकारी दिँदै आगामी दिनमा नेपाल चीनबिच विभिन्न क्षेत्रमा सहयोग आदानप्रदान र सहकार्यको नयाँ वातावरण सृजना हुनेमा आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा चीनको तर्फबाट ड्रागन नाच, सिंह नाच र छीलीन नाच प्रस्तुति गरिएको थियो भने भक्तपुर नगरपालिकाको तर्फबाट रामचन्द्र नाच (माक प्याखं), लाखे नाच र सिंहसमेतको देवी नाच प्रस्तुत गरिएको थियो ।

कार्यक्रमपश्चात् पचपन्न झ्याले दरबार साकोठा हुँदै टौमढीसम्मको छोटो सांस्कृतिक ऱ्यालीमा ६ वटै नाचसहित प्रमुख अतिथि, अतिथि, जनप्रतिनिधि, कर्मचारीहरू, चिनियाँ कलाकार, नेपाली कलाकारसमेतको सांस्कृतिक टोली तथा नगरवासीहरू सहभागी भएका थिए ।



*धर्म बहुमत जनताका लागि अफिमसरह हो । त्यसले केही अवधिका लागि दुःख र दुखाइलाई भुलाइदिन्छ ।*

– कार्ल मार्क्स

## सम्पादकीय

# भ्रष्टाचार, मन्त्री र फितलो फैसला

सिंहदरबारका कर्मचारीहरूको काम र कर्तव्य सरकारले गरेको निर्णयलाई पालना गर्ने हो । ती कर्मचारीहरू सरकारकै एक अङ्ग हुन् । तर, प्रजातन्त्रको पुनः स्थापनापछि सबै शासक दलहरूले सरकार बदलेपछि आ–आफ्ना मानिस भर्ना गर्दा सिंहदरबार र मातहतका कर्मचारीतन्त्र 'पाण्डोराको बाकस' बनेको छ ।

हुन त पहिलो संसद्मै नेमकिपाले संसद्मा पुराना सबै ठुलठुला कर्मचारीहरू हटाएर निर्वाचित शासक दलका विशेषज्ञहरू राख्नुपर्ने (स्वाइल सिस्टम) बारे प्रश्न उठाएको थियो । संरा अमेरिकामा नयाँ राष्ट्रपति निर्वाचित हुँदा हजारौँ कर्मचारीहरू फेरिन्थे, युरोपेली देशहरूमा पनि त्यस्तो चलन थियो । पञ्चायती व्यवस्थालाई बलियो बनाउँदै आएका कर्मचारीहरूले पनि पञ्चायती विचार राख्नु स्वाभाविक हो । यसकारण, तिनीहरूलाई बदल्नुपर्ने वा उनीहरूले स्वेच्छाले नै राजीनामा दिनुपर्ने हो । तर, परिस्थितिअनुसार त्यो बन्दोबस्त लागु गरिएन ।

अहिले विश्लेषण गर्दा त्यो प्रणाली लागु भएको भए पनि दुई तीन किसिमको अप्रिय परिणाम आउँथ्यो - एक, तत्काल सिंहदरबार र मातहतका कार्यालयहरू सम्हाल्न सक्ने प्रशासकहरू नै नेपाली काङ्ग्रेस, एमाले र अरू कुनै पनि राजनैतिक शासक दलहरूसँग नभएको पुष्टि हुन्थ्यो ।

दोस्रो, आज पत्रपत्रिकाहरूको सूचनालाई सही मानेको खण्डमा सिंहदरबारभित्रकै बहुसङ्ख्यक माथिल्ला राजनैतिक नेता र कार्यकर्ताहरू 'भ्रष्टाचार' मुद्दामा कारागारमा हुन्थे ।

तेस्रो, आज देशमा विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कारण विदेशीहरूको आर्थिक सहयोग र कार्यशैलीले समानान्तर सरकार चलेजस्तै त्यसबेला निश्चित एक दुई देशको चङ्गुलमा नेपाल फसेको अनुभव हुने थियो ।

यसकारण, सङ्घीय प्रदेश, प्रदेश र स्थानीय तह (गाउँ र नगरहरूको) आ–आफ्नै ऐन नियमअनुसारको कर्मचारीतन्त्रको बन्दोबस्त गर्नुपर्दथ्यो । आज सहकारी संस्था आ–आफ्नो गाउँ, नगर र जिल्लाअनुसार नभई प्रदेश र सङ्घीय स्तरको सहकारी केन्द्र बन्दा नियन्त्रण नै गर्न नसकिने गरी भद्रगोल हुँदै छ । अर्ब र खर्बको हिसाबकिताबको मिहीन जाँचबुझ आवश्यकता देखियो । सहकारी संस्थालाई देशभरि कुनै एक राजनैतिक पार्टीको शाखाको रूपमा बनाउनु वास्तवमा 'कानुनी डकैती' साबित भयो ।

यसकारण, शासक दलहरू सरकार, सिंहदरबार र प्रशासन बाँदरको हातको नरिवल भए । यसको कारण शासक राजनैतिक दलहरूको अराजनैतिक सोच जिम्मेवार छ । हरेक राजनैतिक दलहरूले आ–आफ्नो सिद्धान्त र नीतिअनुसारको आदर्श समाज निर्माण गर्ने महान् उद्देश्यलाई भट्टी पसलमा फेरे ।

कर्मचारीहरू दही चिउरे, जहाँ पनि घुस्ने र फाइदा लिने, तिहुनचखुवा र भत्काई बिगारी अन्तै सरुवा हुने बाँदर प्रवृत्तिमा पूर्णरूपले बन्देज लगाउनुपर्दथ्यो । राजनैतिक नेता र कर्मचारीहरूलाई साधारण जनतालाई भन्दा बढी जिम्मेवार बनाइनु आवश्यक छ र सोअनुसार तिनीहरूमाथि निगरानी र कानुन पनि कडा गर्नैपर्छ ।

सङ्घीय स्तरको कर्मचारी, प्रदेश स्तरको कर्मचारी र स्थानीय तहका कर्मचारीहरूको एकै प्रकारको ऐन–नियम, नियुक्ति र पदमुक्तिजस्ता बन्दोबस्त एकात्मक शैलीको हुनु हुन्न बरु विकेन्द्रित र स्वायत्ततामा आधारित हुनु आवश्यक छ । वर्तमान नेपालको कर्मचारीतन्त्र एक निश्चित जातजाति, भाषाभाषी, धर्म र संस्कारको 'फासीवादी' चरित्रको छ ।

राजनैतिक दलहरू गम्भीर र इमानदार नहुँदा सिंहदरबारका कर्मचारीहरू पनि त्यसैको पछि लागे । आजसम्मको सार्वजनिक जग्गा र अनेक निर्माण कार्य एवं सामानको खरिद प्रक्रियामा प्रधानमन्त्री, मन्त्री, इन्जिनियर, डाक्टर र माथिल्ला कर्मचारी नमुछिएको कुनै मुद्दा नै छैन । तर, ती जिम्मेवार व्यक्तिहरूलाई मुद्दाबाट मुक्ति दिलाउन देशको ऐन कानुन समयअनुसार संशोधन नभएर हो वा अर्बौं रकम भ्रष्टाचार गर्दा पनि केही हजार, लाख र करोड जरिवाना कायम गरी अदालतले फैसला गर्ने गरेको बारे जनतामा चर्चा चलेको देखिन्छ । सम्भवतः नेपालका अपराध सम्बन्धित ऐन कानुन पुरानो भएको र ती सबैलाई समयअनुसारको सजाय बढाउनुपर्नेबारे अनौपचारिकरूपले जानकारहरू सल्लाह गर्दै गरेको पनि सुनिन्छ ।

# स्वार्थ जोडिएका देशकै खर्चमा भ्रमण जानु नेपालको हितमा नहुने

✍ **प्रेम सुवाल**

प्रधानमन्त्री, मन्त्री, सांसद तथा कर्मचारीहरूलाई स्वार्थ जोडिएका देशको खर्चमा भ्रमण पठाउनु नेपालको हितमा हुने छैन । भारतसँग नेपालको गोर्खा भर्ती, सुरक्षा मामिला, कालापानीमा भारतीय सेना, लिम्पियाधुरासम्मको नक्सा, सुस्तामा नेपाली भूमि अतिक्रमण, कोशी, गण्डक, महाकाली, माथिल्लो कर्णालीलगायत सन्धि र सम्झौताबारे विवाद छ । भारतकै पैसामा प्रधानमन्त्री, मन्त्री, सांसदहरूको भारत भ्रमण भइरहेको नेपालको हितमा छैन । के प्रधानमन्त्रीलाई भारत भ्रमण गराउन अर्थ मन्त्रालयसँग पैसा छैन र ?

भारतीय दूतावासबाट नेपालमा सोझै २० करोडको योजना छनौट गरिने सम्झौता नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप भएको हुँदा खारेज हुनुपर्छ । भारतले नेपाललाई वार्षिक ५५० करोडबाट ७०० करोड रुपैयाँ सहयोग आउने पनि सार्वजनिक भयो । के भारत त्यसरी सहयोग गर्न सक्ने देश हो र ? भारतमा ३६ करोड जनता गरिब छन्, ६० करोड जनता दिनको एकछाक खान्छन्, ४८ प्रतिशत भारतीय शौचालयविहीन छन् भने ३० करोड भारतीय जनता महिला खुला शौच गर्छन् । खुला शौचको कारण महिला बलात्कार बढी हुने देश भारत हो । भारतीय कारागारमा बन्दी बढ्दो छ । भारत सरकार सहयोगको नाममा नेपालको सूक्ष्म व्यवस्थापनमा हात हाल्दै छ । यतिबेला भारतले आफ्ना गरिब जनताको हित हेर्नु जरुरी छ भने नेपाललाई अन्तर्राष्ट्रिय कानुनअनुसार पारवहन अधिकार दिनु पर्दछ ।

नीतिगत निर्णयको नाममा भ्रष्टाचारमा संलग्न राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरूलाई सफाइ दिनु हुँदैन, कारबाही हुनु आवश्यक छ । शासक दलबिच न्यायाधीश भागबन्डा अन्त्य हुनुपर्छ । नेपाल स्काउट र नेपाल रेडक्रस सोसाइटीमा भएको खर्बौं रुपैयाँको भ्रष्टाचार छानबिन गर्न प्रधानमन्त्रीले साहस गर्नुपर्दछ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको आकस्मिक समयमा २०८० फागुन ६ गते राख्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

### बजेट निर्माणमा विदेशी पुँजीका दलालहरूको सुझाव प्रत्युपादक हुने

सरकारले सामान्य अवस्थामा अध्यादेश जारी गर्नु प्रजातन्त्र होइन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० मा समेट्नुपर्ने सैद्धान्तिक विषयतर्फ अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु :

सङ्घीय संसद् र समितिका बैठकहरूमा संसद्का सदस्यहरूबाट प्राप्त सुझावअनुसार अर्थमन्त्रीले बजेटको कार्यक्रमका सिद्धान्त र प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम र बजेटसमेत निर्माण गर्नुपर्ने, बजेटको व्याख्यात्मक टिप्पणीमा कुन सांसदको सुझावमा बजेट विनियोजन गरिएको हो सो समेत लेख्नुपर्ने, अर्थमन्त्रीले मनपरी बजेट विनियोजन गर्नु प्रजातन्त्र नहुने प्रावधान अध्यादेशमा हुनु आवश्यक छ । संसद् सदस्यको सुझावअनुसार बजेट बनाउनु नै प्रजातन्त्र हुनेछ । अर्थमन्त्रालयको कोष जनताले तिरेको राजस्व हो, अर्थमन्त्रीको पेवा होइन । अर्थमन्त्रीले यो मेरो ढुकुटी हो, कसैलाई छुन दिन्न भन्नु अख्तियारको दुरुपयोग हो ।

बजेटको सिद्धान्त तथा प्राथमिकता, नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नुअघि सांसदहरूलाई सम्बन्धित निर्वाचन क्षेत्रका जनतासँग सुझाव लिने र प्राप्त सुझावअनुसार अर्थले बजेट बनाउनुपर्ने यो अध्यादेशमा आउनु जरुरी छ, तर आएन । अर्थमन्त्रीले बजेट बनाउँदा विदेशी पुँजीका दलालहरूको सल्लाह सुन्नु हुँदैन ।

प्रधानमन्त्री र मन्त्रीहरूले पनि आ–आफ्नो निर्वाचन क्षेत्रमा गएर जनतासँग सुझाव लिनु जरुरी छ, काठमाडौँमा अड्डा जमाएर जनतालाई बोलाउनु ठीक होइन ।

जनताको १ खर्बभन्दा बढी रकम केही सहकारी सञ्चालकहरूबाट ठगी भइरहेको हुँदा ती सञ्चालकहरूको घैघरानाबाट असुल उपर गराउन अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।

भक्तपुरमा रहेको दुग्ध विकास संस्थानले २–३ महिनादेखि स्थानीय किसानहरूको दूध किनेको छैन र किसानको दूधको भुक्तानी पनि दिएको छैन, किसानको दूध किन्न लगाउन र किसानको भुक्तानी दिलाउन अर्थमन्त्रीको ध्यान जानु जरुरी छ ।

पुँजी लगानीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने चर्चा छ । साम्राज्यवादी र पुँजीवादी देशका लगानीकर्ताहरूमा मानवता हुँदैन । उनीहरूलाई लगानी गर्न बोलाउनु नेपालमा शासन गर्न र नेपालीलाई शोषण गर्न बोलाउनुजस्तै हो । देश बेच्नु भनेको देश उठाएर लाने होइन । एमसीसी सम्झौता गरेर विदेशीको नीति र कानुन मान्नु र नेपालका जलस्रोत भारतीय कम्पनीहरू - जीएमआर र सतलजलगायतलाई दिनु पनि देश बेच्नुजस्तै हो । देशघाती काम गर्ने प्रधानमन्त्री र मन्त्रीहरूलाई आफ्नै सुरक्षा गार्डबाट गोली हानी हत्या गरिएको संसारमा धेरै उदाहरण छन् । नेपालमा यस्तो घटना नदोहोरिने कामना गर्न चाहन्छु ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश २०८० लाई अस्वीकार गरियोस्" भन्ने प्रस्तावमा राख्नुभएको मन्तव्यको सार । तत्पश्चात अर्थमन्त्री प्रकाशशरण महत सांसद सुवालको मन्तव्यबारे जवाफ दिँदा छुट्टै छलफल गर्नुपर्ने बताउँदै पन्छिएका थिए । सभामुख देवराज घिमिरेले सांसद सुवाललाई अध्यादेश अस्वीकार प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुभयो । सांसद सुवालले भन्नुभयो- सन् १८२५ को डिसेम्बरमा रुसमा राजतन्त्रको विरोधमा खानदानी वर्गको विद्रोह हुँदा एउटा पर्चामा "रुसी राजा जारलाई ठुलो डाँकु" भनेर उल्लेख गरिएको थियो । यो अध्यादेशमा देशको राजस्व अर्थमन्त्रीको पेवा नबनाउने र युवालाई स्वदेशमै रोजगारी दिने विषय राख्दा अर्थमन्त्रीले छुट्टै छलफल गर्ने बताउनु जिम्मेवारीबाट पन्छिनु हो । त्यसकारण हामी आफ्नो अध्यादेश अस्वीकार प्रस्ताव फिर्ता नलिने जानकारी गराउँदछौं । बैठकमा अध्यादेश निर्णयार्थ प्रस्तुत हुँदा नेका, माओवादी लगायत सत्तापक्ष मिलेर अध्यादेशलाई बहुमतबाट पारित गरियो भने प्रमुख विपक्षी एमालेलगायत रास्वपा र राप्रपा मौन बसे । सांसद सुवालले अध्यादेशको विपक्षमा मत दिनुभयो ।)*

### प्रम, मन्त्री र शासक दलका नेताहरू स्वअनुशासनमा बसेमात्र बैङ्किङ कसुर नियन्त्रण हुने

बैङ्किङ कसुर नियन्त्रणसम्बन्धी विधेयकमा समावेश हुनुपर्ने केही सैद्धान्तिक विषय सङ्क्षिप्तमा प्रस्तुत गर्दछु :

शासक दलहरूले पार्टीको नाम, सिद्धान्त र पार्टी झन्डालाई ट्रेडमार्क बनाएसम्म, राणा प्रधानमन्त्री चन्द्रशमसेरले दास मोचनको नाममा हिन्दुस्तानमा रेलको पटरी बिछ्याउन सस्तोमा नेपाली युवालाई ज्यामी पठाएजस्तै कमैया मुक्तिको नाममा युवालाई वैदेशिक रोजगारीमा पठाएसम्म बैङ्क तथा वित्तीय संस्थामा हुने बैङ्किङ कसुर नियन्त्रण हुने छैन ।

बैङ्किङ कसुर नियन्त्रण गर्न निजी बैङ्क तथा वित्तीय संस्थाहरूलााई सार्वजनिक स्वामित्वमा ल्याउनु जरुरी छ । स्रोत नखुलेको सम्पत्ति राज्यको स्वामित्वमा ल्याउनु आवश्यक छ । नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था हुनु जरुरी छ ।

देशको सन्तुलित विकास भए बैङ्किङ कसुर नियन्त्रणमा मद्दत पुग्नेछ । यसको लागि बसाइँसराइ जिल्लाभित्र सीमित गर्नु आवश्यक छ । प्रधानमन्त्री, मन्त्री र शासक दलका नेता र सांसदहरू सङ्घ तथा प्रदेशको राजधानीमा घरजग्गा जोड्ने होडबाजीमा नलागी स्वयम्सेवी भावनामा काम गरी आ–आफ्ना कार्यकर्तासम्म स्वयम्सेवी भावना जगाउन लागिपर्नु जरुरी छ । संविधानको समाजवादउन्मुख व्यवस्थाअनुसार प्रधानमन्त्री र मन्त्रीहरूले मनदेखि देश र जनताको सेवा गर्नु आवश्यक छ ।


प्रधानमन्त्री, मन्त्री र शासक दलहरूको कम्बोडिया, स्वीजरल्याण्ड, दुबई, बेलायतमा भएको सम्पत्ति अविलम्ब फिर्ता ल्याउनु जरुरी छ । उद्योगीको भेषमा माफियालाई विद्युत् महशुल छुट दिने होइन, हर्जानासहित असुल उपर गरी त्यस्ता माफियालाई विद्युत् लाइन बन्द गर्नुपर्छ । पूर्व–पश्चिमबाट हिँडेर राजधानी आएका मिटरब्याज पीडितहरूको समस्या सम्बोधन गर्नुपर्छ । तब बैङ्किङ कसुर नियन्त्रण हुनेछ ।

ललिता निवासको २९९ रोपनी सरकारी जग्गा र काठमाडौँ, थँवहीको सार्वजनिक कमलपोखरी र बगैँचासहित साढे २६ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गराउने, तारागाउँ विकास समितिको सरकारी जग्गा निजी होटललाई दिने, सरकारी जग्गामा च्यारिटीको नाममा निजी अस्पताल बनाउन दिने, बालमन्दिरको सरकारी जग्गामा निजी विद्यालय खोल्न दिने, गिरीबन्धु टिस्टेटको जग्गालाई स्थानान्तरण गराई कमिशन खाने लगायत देशघाती काममा संलग्न प्रधानमन्त्री र मन्त्रीहरूलाई कार्वाई भएमात्र बैङ्किङ कसुर नियन्त्रण हुनेछ । सरकारको नीतिगत निर्णय भनी भ्रष्टाचारमा संलग्न प्रधानमन्त्री र मन्त्रीहरूलाई छुट दिइए शासकहरू स्वअनुशासनमा बस्ने छैनन्, देश ठाउँमा रहने छैन ।

नेपाली काङ्ग्रेसको सरकारबाट सुरु भएको प्रत्येक निर्वाचन क्षेत्रबाट दुई दुईसय युवालाई वैदेशिक रोजगारीमा पठाउने कामलाई पछिल्ला सरकारहरूले पनि निरन्तरता दिँदा पैसा लुकाउनेहरूको मनोबल बढ्यो र बैङ्किङ कसुर पनि बढ्यो । नेपाली युवालाई गोर्खा भर्तीबाट विदेशी सेनामा भर्ना सुरु गरिएको अहिले युक्रेन, रुस, फ्रान्स, अमेरकालगायत सेनासम्म भर्ना गरिएको छ । नेपाली गलावालहरूले कमिसन खाएकै कारण बैङ्किङ कसुर बढेको हो । विदेशी लगानी नेपालमा भित्र्याउने नाममा अहिले नेपाली युवालाई शोषण गराउने सरकारी तयारी छ । विदेशीलाई नेपालमा पुँजी लगानी गर्न बोलाउनु भनेको नेपाललाई नवउपनिवेश बनाउन बोलाउनुजस्तै हो । यी सबै देशघाती काम रोकिएमा मात्र बैङ्किङ् कसुर नियन्त्रण हुनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन ६ गतेको प्रतिनिधिसभामा बैङ्किङ तथा वित्तीय संस्थाको कसूरसम्बन्धी विधेयक, २०८० को सैद्धान्तिक छलफलमा राख्नुभएको मन्तव्यको सार । यो विधेयकमा नेका, एमाले, रास्वपालगायत सांसदहरूले पनि आपत्ति जनाउँदै मन्तव्य राखेका थिए । तर, विधेयक निर्णयार्थ प्रस्तुत हुँदा सांसद सुवालको मात्र विपक्षमा मत पऱ्यो । नेका, माओवादीलगायतको सत्ता गठबन्धनको बहुमतबाट विधेयकको सैद्धान्तिक छलफललाई पारित गरियो । एमाले, रास्वपा, राप्रपा मौन बसे ।)*

# कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात ६.८५ प्रतिशत हो




शुक्र

काठमाडौँको सडकमा अहिले लघुवित्त र मिटरब्याज पीडितहरू आन्दोलनरत छन् । सरकारको स्वीकृति लिएर चलाएका लघुवित्तहरूको चर्को ब्याज र सेवा शुल्कले जनता मारमा छन् ।

लघुवित्त संस्थाहरूले महिलाहरूलाई समूहमा आबद्ध गराएर बचत गराउने र ऋण दिने काम गर्दै आएका छन् । लघुवित्त संस्थाहरूले समूह जमानीमा ७ लाख रुपियाँसम्म ऋण दिने गर्दछन् । लघुवित्त संस्थाहरूले समूहका सदस्यका लागि २० प्रतिशतसम्म ब्याजदरमा ऋण लगानी गर्छन् भने सेवा शुल्क ५ प्रतिशतसम्म लिने गरेको सुनिन्छ ।

लघुवित्त संस्थाहरूले एक लाख रुपियाँको कागज गराएर ८५ हजार रुपियाँमात्र ऋण दिने गरेको पीडितहरूको गुनासो छ । सो ऋणको साँवा ब्याज २ लाख रुपियाँसम्म ऋणीले बुझाई सक्दा पनि ऋण चुक्ता नभएको ऋणीहरूको गुनासो छ ।

२०८० असार मसान्तमा लघुवित्तहरूबाट २९ लाख ८४ हजार जनाले ऋण लिए । २०८० पुस मसान्तसम्म लघुवित्त संस्थामा ऋण लिने ऋणी २७ लाख ३६ हजार जना रहेको तथ्याङ्क सार्वजनिक भयो । ६ महिनामा ऋणीको सङ्ख्या साढे २ लाखले घट्यो । २०८० असार मसान्तसम्म लघुवित्तहरूको सदस्य सङ्ख्या ६० लाख १६ हजार थियो भने पुस मसान्तमा घटेर ६० लाख ३ हजार भयो । लघुवित्त संस्थाको चर्को शोषणको कारण ६ महिनाको अवधिमा १३ हजार सदस्य घट्यो ।

देशमा ६६ वटा लघुवित्त संस्था भएकोमा हाल ३ वटा थोक कर्जा प्रदायक र ५४ वटा खुद्रा कर्जा प्रवाह गर्ने गरी ५७ वटा लघुवित्त संस्था छन् । २०८० पुस मसान्तसम्म थोक लघुवित्त संस्थाहरूबाट ४८ अर्ब ३६ करोड रुपियाँ स्रोत सङ्कलन भयो । जुन २०८० असार मसान्तको तुलनामा ८.३१ प्रतिशतले कम हो ।

२०८० पुस मसान्तमा लघुवित्त संस्थाहरूको कुल लगानी १२ अर्ब ४७ करोड रुपियाँ भयो । जुन २०८० असार मसान्तको तुलनामा ३३.५३ प्रतिशतले बढी हो । २०८० पुस मसान्तसम्म मुद्दती निक्षेप मात्र १० अर्ब ४६ करोड रुपियाँ छ, जुन रकम २०८० असार मसान्तको तुलनामा ४३.५४ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको तुलनामा मुद्दती निक्षेपमा ७०.८४ प्रतिशतले बढ्यो ।

२०८० पुस मसान्तसम्म थोक लघुवित्त संस्थाहरूको निष्क्रिय कर्जा १ अर्ब २२ करोड रुपियाँ र खुद्रा कर्जा प्रदायक लघुवित्त संस्थाहरूको निष्क्रिय कर्जा २८ अर्ब ८९ करोड रुपियाँ भएको समाचारमा उल्लेख छ । २०८० पुस मसान्तको निष्क्रिय कर्जालाई कमसल, शङ्कास्पद र खराब कर्जामा वर्गीकरण गरेको छ । कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात ६.८५ प्रतिशत हो ।

२०८० पुस मसान्तसम्म थोक कर्जा प्रदायक लघुवित्त संस्थाहरूको ब्याज आम्दानी ३ अर्ब ७ करोड रुपियाँ र ब्याज खर्च १ अर्ब ८१ करोड रुपियाँ भई ५९ करोड रुपैयाँ खुद मुनाफा गरेका छन् । सोही अवधिमा खुद्रा कर्जा प्रदायक लघुवित्त संस्थाहरूको ब्याज आम्दानी २४ अर्ब ७४ करोड रुपियाँ र ब्याज खर्च १५ अर्ब ५२ करोड रुपियाँ भई ३१ करोड रुपियाँ खुद नाफा गरेका छन् ।

नियमनकारी निकायले समयमै लघुवित्त संस्थालाई सचेत गराएको भए आज देशभरका पीडित जना काठमाडौँमा आउनुपर्ने स्थिति आउने थिएन । यसको दोषी आजसम्मका शासक दलका नेताहरू नै हुन् । जनतालाई चर्को ब्याजमा ऋण लिन बाध्य बनाउने शासक दलको विरोधमा पीडित जनता लाग्नु जरुरी छ ।

# बजेटको अर्धवार्षिक समीक्षा : आर्थिक टाट पल्टिने सङ्केत ?

विवेक

**नेपालको आजको अवस्थामा सुधार आएन भने चाहेर वा नचाहेर केही वर्षपछि नेपाल आर्थिकरूपमा टाट पल्टिने कुरामा कुनै शङ्का छैन । त्यसैले अर्थतन्त्र ठूला बनाउने नाउँमा अर्थमन्त्रीहरूले भारी विदेशी ऋण र अनुदान लिनु गलत हो । वैदेशिक ऋणले देशको राजनीतिको साँचो साम्राज्यवादीहरूको हातमा सुम्पिनु जत्तिकै खतरनाक हुन्छ । त्यसैले तत्काल अर्थ उपार्जन हुने ठाउँमा बाहेक ठूल्ठूला परियोजनाहरूका लागि खर्बौंको ऋण लिनु देशलाई विदेशीको ऋण पासोमा फसाउनु हो । निजगढ विमानस्थलजस्तो खर्बौंको ऋण लिएर बनाउन खोज्नु नेपाललाई कहिल्यै उम्कन नसक्ने गरी साम्राज्यवादीहरूको ऋणमा दुबाउने जालसाजी हो । नेपाल सरकार त्यस्ता योजनाबाट सधैं सचेत रहनु आवश्यक छ ।**

नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामार्फत कूल बजेट संशोधन गरेको छ । २०८०।८१ को लागि १७ खर्ब ५१ अर्ब बजेट पेश गरिएकोमा अनुमान गरिएअनुसार राजश्व सङ्कलन नभएको उल्लेख गर्दै कूल बजेट रकममा २ खर्ब २१ अर्ब घटाएर १५ खर्ब ३० अर्बको मात्रै कायम हुने गरी बजेट संशोधन गरेको छ । विगतका तुलनामा राजश्व कम उठ्नुमा इन्धनबाट चल्ने गाडी आयातमा कमी र विद्युतीय गाडी बढी आयात हुनु कारण रहेको अर्थमन्त्री प्रकाश शरण महतको भनाइ छ ।

अर्थमन्त्रीको त्यो भनाइ सही होइन । वास्तविकताभन्दा बढी बजेट प्रस्तुत गर्नु नै बजेटको कुल अङ्क संशोधन गर्नु पर्नाको कारण हो । अर्थविद्हरूका अनुसार यथार्थभन्दा ४० प्रतिशत बढी अनुमानित बजेट प्रस्तुत गरिएको थियो । विदेशीसँग लिने ठूलो ऋण र अनुदान वास्तविकताभन्दा बढी उल्लेख गरेको कारण ठूला आकारको बजेट देखिएको बताइन्छ ।

बजेटमा आएको ह्रासोन्मुख अवस्था मूलत: यहाँको राजनैतिक अस्थिरता, आर्थिक उदारीकरणको नीति र नेताहरूमा भएको परनिर्भरताको सोच हुन् । गठबन्धन सरकारको नाउँमा पालैपालो सरकारको नेतृत्व गरेर देशको ढुकुटीमा ब्रह्मलुट गर्ने शासक दलहरूको कार्यशैली नै आजको समस्या हो । फरक फरक पार्टीको सरकारले फरक फरक अर्थ नीति अवलम्बन गर्ने हुनाले अर्थतन्त्रमा समस्या आएको हो ।

**भागबण्डाको राजनीति :**

प्रजातन्त्रमा सरकारमा बसेका गठबन्धन दलहरूबिच पदाधिकारीहरूको भागबण्डा हुनुलाई स्वाभाविक रूपमा लिइन्छ । तर प्रमुख प्रतिपक्ष दलसमेत सरकारमा रहेका दलहरू सरह उपकूलपति, राजदूत, न्यायधीश, आयुक्तहरूलगायतको भागबण्डामा सामेल हुनु राजनैतिक अनैतिकता हो । यो पश्चिमेली प्रजातन्त्रको असफल भएको उदाहरण हो । सरकारले गरेका हरेक नराम्रा कामहरूको सशक्त विरोध गर्नु नै प्रमुख प्रतिपक्षको धर्म वा कर्तव्य हो । सबै नियुक्तिहरूमा भागबण्डा लिएर सरकारले जे गर्दा पनि चुप लागेर बस्नु प्रमुख प्रतिपक्ष आफ्नो कर्तव्यबाट च्यूत हुनु हो । अहिले माओवादी र नेकाको गठबन्धन सरकारमा प्रमुख प्रतिपक्ष एमालेले पनि भागबण्डा लिएर सरकारलाई सहयोग गरिरहेको छ । यसर्थ अर्थतन्त्र गिर्दै जानुमा अस्थिर सरकार र भागबण्डामा रमाउने प्रमुख प्रतिपक्ष एमाले मुख्य रूपमा जिम्मेवार छन् ।

**अराजनैतिक व्यक्तिहरू निर्वाचित हुनु :**

देश राजनीतिक सिद्धान्त र विचारको आधारमा नेताहरूले चलाउने हो । अहिले पैसा खर्च गर्न सक्ने ठेकेदार, गुण्डा र तस्करहरू निर्वाचनमा जितेर नेता बनेका छन् । निर्वाचन विचार र सिद्धान्तको प्रतिस्पर्धा हुनुपर्नेमा पैसा र शक्तिको प्रतिस्पर्धा हुन पुगेको छ । पार्टीले पनि निर्वाचनमा बढी पैसा खर्च गर्न सक्नेलाइ टिकट दिने गरेको छ । यसले योग्य, इमानदार, पार्टीको सिद्धान्तनिष्ठ कार्यकर्ताहरू किनारामा पर्दै गएका छन् । पार्टीहरूमा नैतिकताको खडेरी पर्न थालिएको छ । पछिल्ला केही वर्षदेखि गुण्डा, तस्कर, ठेकेदार, भूमाफियाहरू कुनै न कुनै पार्टीको तर्फबाट संसद्मा पुग्न थाले । पहिले नेताहरूको घर घरमा गएर संरक्षणको लागि गुहार माग्न जानेहरू अहिले आफै नीति निर्माता बन्नेका छन् र उनीहरूले आफू अनुकूल कानुन बनाउँदै छन् । जेलमा बस्नुपर्नेहरू सदनमा, सदनमा पुग्नुपर्ने इमानदार कार्यकर्ताहरू ओझेलमा परेका छन् ।

**परनिर्भरता :**

नेपालमा उत्पादन हुन सक्ने वस्तुहरूसमेत सरकारले विदेशबाट आयात गर्नेमा जोड दियो । नेपाल दाल, चामल, तरकारी, माछामासुजस्ता वस्तुहरूमा आत्मनिर्भर मात्रै होइन, विदेश निर्यात गरेर पनि मनग्य विदेशी मुद्रा आर्जन गर्न सक्ने क्षमता राख्ने देश हो तर हरेक महिना कृषिजन्य वस्तुहरू आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । नेपालको अर्थतन्त्रको मुख्य आधार कृषिलाई बेवास्ता गर्नाको कारण पनि आज देशको अर्थतन्त्र खस्कँदै गएको हो ।

**वैदेशिक रोजगार :**

युवाहरू जति विदेश पठाउने गलत नीतिको परिणाम आज देशका गाउँहरू युवाविहीन हुन पुगेका छन् । रोजगारीका लागि वार्षिक ८।९ लाख युवाहरू विदेश गएसँगै नेपालको धेरै रकम बाहिरिएको छ । युवाहरू बिदेसिएको अनुपातमा रेमिट्यान्स बढ्न सकेन । यसको मुख्य कारण बिदेसिएकाहरू उतै घरजम गरेर बस्नु वा नेपालको सम्पत्ति बेचेर उतै व्यापार व्यवसाय गरेर बस्नु हो । रेमिट्यान्स अर्थतन्त्रको भरपर्दो स्रोत होइन र हुन सक्दैन । रुस–युक्रेन युद्धझैं विभिन्न देशहरूबिच युद्ध भएमा त्यसको प्रत्यक्ष असर नेपाली युवाहरूमा पर्ने निश्चित छ र ती युवाहरू नेपाल फर्किनुपर्ने अवस्था आए नेपालको अर्थतन्त्रको थप बिजोग हुनेछ ।

**भ्रष्टाचार :**

एम्नेस्टि इन्टर नेसनलले हालै नेपाल उच्च भ्रष्टाचार हुने देशमा रहेको सार्वजनिक गर्यो । नेपालमा तीन तहका सरकारहरूमा उच्च तहदेखि निम्न तहका पदाधिकारीसम्म सबै क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको देखाइयो । प्रधानमन्त्री, मन्त्री, सांसद, सचिवदेखि खरिदारसमेतले व्यापक भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउने गरेको पनि सार्वजनिक भयो । स-साना भ्रष्टाचारीहरूलाई मात्रै कारबाही गरी ठुलालाई बचाउने गरेको अख्तियारमाथि आरोप पनि छ । नेपाल सरकारलाई तिर्नुपर्ने अर्बौंको कर छली गर्ने व्यापारीहरू र ठुला परियोजनाहरूमा हुने भ्रष्टाचारले देशलाई अगाडि बढ्न दिएन । विदेशी ऋण र अनुदानमा चल्ने योजनाहरू समयमा सम्पन्न गर्न नसक्दा लागत बढ्न जाने र त्यसले देशको अर्थतन्त्र क्रमश: कमजोर बनाउने यथार्थ सबैले बुझेकै हो ।

**निजीकरण :**

उद्योगधन्धाको विकास विना अर्थतन्त्र मजबुत हुन सक्दैन । नेपालमा प्रजातन्त्र पुन:स्थापना भएको ३३।३४ वर्ष भयो तर सरकारले एउटा पनि नयाँ उद्योग स्थापना र सञ्चालन गर्न सकेन । बरु उल्टै सरकारको स्वामित्वमा सञ्चालित सबै उद्योगहरू एक एक गरी निजीकरणको नाउँमा कौडीको मूल्यमा बिक्री गर्यो । देशको लागि चाहिने कपडा, जुत्ता, कृषि औजारहरूलगायत सबै क्षेत्रमा परनिर्भर बनायो । यसले युवाहरू वैदेशिक रोजगारमा गएर कमाएको रेमिट्यान्स पनि वस्तु खरिद गर्न सबै विदेशतर्फ नै गइरहेको छ । अर्थतन्त्र ध्वस्त हुनुमा आर्थिक उदारीकरणको नाउँमा सम्पूर्ण कल-कारखाना निजीकरण गर्ने सरकारहरू मुख्य रूपमा जिम्मेवार देखिएका छन् ।

**वैदेशिक ऋण :**

नेपालको अहिले २४ खर्ब ऋण भएको देखाइएको छ । नेपाली भएर जन्मिनेबित्तिकै उसले करिब ८१ हजारको ऋण टाउकोमा बोक्नुपर्ने बाध्यता छ । वैदेशिक ऋणलाई सदुपयोग गरेर त्यसबाट तुरुन्त आय उत्पादनमूलक क्षेत्रमा लगाउन सकेन भने त्यो ठूलो भार बन्ने छ । सरकारले ऋण तिर्न नसकेपछि विदेशी बैङ्कहरूले विश्वास गर्न छाड्ने छन्, चालू आयोजनाहरू अधुरा हुनेछन् र साम्राज्यवादीहरू ऋणकै माध्यमबाट नेपालमा उपनिवेश गर्न आइ पुग्ने छन् । विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता साम्राज्यवादीहरूका आर्थिक हतियारहरूको बलमा देशमा उनीहरूले राज गर्नेछन् । नेपाल अहिले त्यही दिशातर्फ उन्मुख छ ।

**के नेपाल श्रीलङ्का बन्दै छ ?**

श्रीलङ्काको अर्थतन्त्र पनि एकैदिनमा ध्वस्त भएको होइन । त्यहाँका सरकारले ठुल्ठुला परियोजनाहरू निर्माणका लागि ठूलो धनराशी विदेशी बैङ्कहरूसँग ऋण लियो तर समयमा साँवा ब्याज तिर्न सकेन । भ्रष्टाचार व्याप्त भयो । निर्वाचित सरकारले अर्ग्यानिक खेती गर्ने भनी रासायनिक मल र कीटनाशक औषधीमाथि प्रतिबन्ध लगायो । त्यसले कृषि उत्पादन घट्यो । दाल चामलजस्ता अति आवश्यक कृषि उत्पादनसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्थामा पुग्यो । कोरोनाको कारण पर्यटन व्यवसाय पनि धरासायी भयो । रेमिट्यान्समा कमी आयो । राजश्व सङ्कलनमा भारी गिरावट आयो । विदेशी ऋण तिर्न राजश्वको दुईतिहाइ (७२ प्रतिशत) बुझाउनुपर्ने अवस्थामा पुग्यो । हेर्दा हेर्दै केही वर्षभित्र मध्यम आर्थिक अवस्था भएको एसियाको एउटा देश श्रीलङ्का तासको घरजस्तै भत्क्यो ।

श्रीलङ्का जुन कारणले आजको अवस्थामा पुग्यो ती कारणहरू नेपालमा अहिले देखा पर्दै छन् । केही वर्षअघि श्रीलङ्काले भोगेका समस्याहरू चरम भ्रष्टाचार, कृषिमा परनिर्भरता, वैदेशिक ऋणमा वृद्धि, रेमिट्यान्समा कमी, राजश्व सङ्कलनमा घट्दो दर आदि अहिले नेपालले भोगिरहेका समस्याहरू हुन् । राज्य सञ्चालकहरू समयमा सचेत भएनन् भने नेपाल श्रीलङ्का बन्न कसैले रोक्न सक्ने छैन ।

नेपालको आजको अवस्थामा सुधार आएन भने चाहेर वा नचाहेर केही वर्षपछि नेपाल आर्थिकरूपमा टाट पल्टिने कुरामा कुनै शङ्का छैन । त्यसैले अर्थतन्त्र ठूला बनाउने नाउँमा अर्थमन्त्रीहरूले भारी विदेशी ऋण र अनुदान लिनु गलत हो । वैदेशिक ऋणले देशको राजनीतिको साँचो साम्राज्यवादीहरूको हातमा सुम्पिनु जत्तिकै खतरनाक हुन्छ । त्यसैले तत्काल अर्थ उपार्जन हुने ठाउँमा बाहेक ठूल्ठूला परियोजनाहरूका लागि खर्बौंको ऋण लिनु देशलाई विदेशीको ऋण पासोमा फसाउनु हो । निजगढ विमानस्थलजस्तो खर्बौंको ऋण लिएर बनाउन खोज्नु नेपाललाई कहिल्यै उम्कन नसक्ने गरी साम्राज्यवादीहरूको ऋणमा दुबाउने जालसाजी हो । नेपाल सरकार त्यस्ता योजनाबाट सधैं सचेत रहनु आवश्यक छ ।

# शासक दलहरूको कारण नेपालमा बढ्दै छ बेथितिको चाङ

रामरतन चौधरी

२०८० माघसम्म नेपालको सार्वजनिक ऋण २३ खर्ब ८६ अर्ब ७७ करोड रुपैयाँ पुग्यो । यसमध्ये आन्तरिक ऋण ११ खर्ब ८४ अर्ब ५२ करोड र बाह्य ऋण १२ खर्ब २ अर्ब २४ करोड रुपैयाँ छ । यो ऋण नेपालको २ करोड ९१ लख ६४ हजार ५ सय ७८ जना नेपालीलाई भाग लगाउँदा प्रत्येक नेपालीको टाउकोमा रु. ८२ हजार पर्न आउँछ । गत वैशाखदेखि नेपालको आन्तरिक ऋणले बाह्य ऋणलाई उछिन्यो । बाह्य ऋण बढ्नुको अर्थ देश विदेशीको चङ्गुलमा पुग्दै गरेको सङ्केत हो । सरकारी प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा १३ खर्ब ७ अर्ब रुपैयाँ सार्वजनिक ऋण थपिएको छ । नेपालमा हरेक वर्ष औसतमा २ खर्ब ५० अर्ब रुपैयाँ ऋणको भार थपिँदै आएको देखिन्छ । यसरी ऋणको भार बढिरहँदा पनि सरकारले नियन्त्रणका उपाय अपनाएको देखिँदैन ।

नेपाल सरकारका अर्थमन्त्री प्रकाशशरण महतले चालु आर्थिक वर्षको लागि २०८० जेठ १५ गते १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बजेट विनियोजन गरेका थिए । सो विनियोजित बजेटको लक्ष्य भेट्न मुश्किल पर्ने देखेपछि अर्धवार्षिक समीक्षामार्फत २ खर्ब २१ अर्ब रुपैयाँ बजेट घटाएर १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख रुपैयाँमा झारे । यसबाट सरकारले नेपालको वास्तविक अवस्थालाई विश्लेषण नगरी हचुवामा बजेट प्रस्तुत गरेको सिद्ध भयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८० माघ २९ गते सार्वजनिक गरेको नेपाल जीवनस्तर चौँथो सर्वेक्षण (२०७९/८०) ले नेपालको कुल जनसङ्ख्यामध्ये ५९ लाख ६० हजार जनसङ्ख्याले न्यूनतम आधारभूत आवश्यकता (गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य) प्राप्त गर्न नसकी गरिबीको रेखामुनि रहेको देखायो । सर्वेक्षणमा प्रतिव्यक्ति दैनिक १.९० अमेरिकी डलर (दुई सय रुपैयाँ) खर्च गर्न नसक्ने मानिसलाई गरिबीको रेखामुनि राखिएको छ । यो हिसाबले नेपालमा २०.२७ प्रतिशत नेपाली अझै गरिबीको रेखामुनि छन । तथ्याङ्कले नेपालमा गरिबीको दर सहरी क्षेत्रमा १८.३४ र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत रहेको देखायो । सरकारले आर्थिक वर्ष २०८०/०८१ सम्ममा नेपालको गरिबी एकल अङ्कमा झार्ने लक्ष्य लिएको थियो । तर, सरकारको कार्यशैली हेर्दा यो लक्ष्य भेट्न नसकिने निश्चित देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस वर्ष 'सुधारौँ सोच, संस्कार र व्यवहार: नियन्त्रण हुन्छ भ्रष्टाचार' भन्ने नाराका साथ ३३ औं स्थापना दिवस मनायो । तर, इन्टरनेशनल ट्रान्सपरेन्सी भन्ने एक विदेशी संस्थाले नेपालमा भ्रष्टाचार उस्तै रहेको तथ्याङ्क प्रस्तुत गऱ्यो । नेपाल १० वर्षदेखि धेरै भ्रष्टाचार हुने सूचीमै पऱ्यो । इन्टरनेशनल ट्रान्सपरेन्सीको अनुसार नेपाल भ्रष्टाचार हुने देशहरूमध्ये १०८ औं स्थानमा पर्छ । अख्तियारकै अधिकारीहरू पनि भ्रष्टाचारमा लिप्त रहेको समाचार प्रकाशित भइरहँदा अख्तियारको स्थापना दिवसप्रति नै व्यङ्ग्य भइरहेको छ ।

नेपालमा भ्रष्टाचारका अनेक काण्डहरू देखिए । नेपालीलााई नक्कली भुटानी शरणार्थी बनाइएको, ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता, ६० केजी सुनकाण्ड, सेक्युरिटी प्रिन्टिङ्ग प्रेसमा ७० करोड भ्रष्टाचार, राष्ट्र बैङ्कको स्वीकृतिबिना विदेशी बैङ्कमा खाता खोली रकम जम्मा (सुनिल पौडेल र विकल पौडेल), उदयपुर सिमेन्ट कारखानामा भ्रष्टाचार, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनियमितता, मधेस सरकारको साइकल काण्ड, राष्ट्रिय पेमेन्ट गेटवे प्रणालीमा भ्रष्टाचार, सूर्यदर्शन सहकारी (जीपी राई) काण्ड, सर्प काण्ड (पूर्वप्रम झलनाथ खनाल संलग्न), हदबन्दी छुटको जग्गामा मनपरी, टेरामक्सको अनियमितता, स्यानीटरी प्याडमा भ्रष्टाचार, वीर अस्पतालको उपकरण प्रयोग नगराई निजीमा पठाइएको, नक्कली लाइसेन्स प्रकरण, नक्कली भ्याट बिल प्रकरण, कर फछ्र्यौट आयोगको अनियमिततामा फैसला, भृकुटीमण्डप भ्रष्टाचार प्रकरण, टेलिकमको बिलिङ् सिस्टम खरिदमा भएका भ्रष्टाचारलगायत काण्डहरू मच्चिए । सरकारले भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अपनाउने भनेर जति नै भने पनि काम गरेर देखाउन सकेन । प्रधानमन्त्री, मन्त्रीलगायत शासक दलका नेता कार्यकर्ताहरू नै भ्रष्टाचारमा संलग्न भए । जसले देशलाई खोक्रो बनाउँदै छ ।

सहकारी विभागको तथ्याङ्कअनुसार नेपालमा ३२ हजारभन्दा बढी सहकारी संस्थाहरू दर्ता छन् । यी सहकारीमा ७३ लाखभन्दा बढी नेपाली जनता सदस्य रहेका छन् । २०८० कार्तिकसम्म सहकारी संस्थाको कुल शेयर पुँजी ९४ अर्ब रुपैयाँ र निक्षेपमात्रै ४ खर्ब ७८ अर्ब रुपैयाँ छ । अहिले ५०० भन्दा बढी सहकारी संस्थाले बचतकर्ताको करिब ६५ अर्ब रुपैयाँ ठगी गरेर भागेको समाचार प्रकाशित भइरहेको छ । यसरी ठगी गर्नेहरू शासक दलहरूकै संरक्षणमा छन् । त्यस्ता ठगहरू शासक दलका नेता बनेर खुल्लमखुला छाती फुलाएर हिँडिरहेका छन् ।

कर्णाली प्रदेशमा भएका १५७ विद्यालयमा १० जनाभन्दा कम विद्यार्थी रहेको समाचार प्रकाशित भयो । अव्यवस्थित बसाइँसराइ र निजी विद्यालयको कारण सरकारी विद्यालय शून्यजस्तै भएको विश्लेषकहरू बताउँछन् । अहिलेसम्मका सरकारहरूले सरकारी विद्यालयलाई गुणस्तरीय बनाउने सोच राखेनन् । शासक दलका नेता कार्यकर्ताहरू कमिसन खाएर निजी विद्यालय पोस्दै सरकारी विद्यालय ध्वस्त पार्दै छन् । यसकारण पनि दुरदराजका गरिबहरू कमाउँदै आफ्ना बालबच्चा पढाउन सहर पस्दै छन् । यसले गाउँका खेत खलियान बाँझो हुँदै छ भने सहरको वातावरण, पर्यावरण पनि बिग्रँदै छ ।

सरकारले नेपाली युवालाई स्वदेशमै रोजगारीको बन्दोवस्त गर्न सकेन । रोजगारी नपाएका युवाहरू आफ्नो घरखेत बेच्दै बिदेसिँदै छन् । विदेशको प्रतिकूल मौसममा काम गर्नुपर्दा दिनप्रतिदिन नेपाली युवाहरूको मृत्यु हुँदै छ । दैनिक ४/५ वटा लास नेपालको विमानस्थलबाट भित्रिरहेका छन् । नेपाली युवाहरूलाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती बन्द भएको छैन । सरकारहरूले नेपाली युवालाई रुस, अमेरिका, फ्रान्स, युक्रेनलगायतका देशहरूमा 'भाडाको सिपाही' बनाउँदै छ । नेपाली युवाहरूले कहिलेसम्म विदेशीको लागि लड्ने ? आफ्नै देशमा पसिना चुहाएर आत्मनिर्भर बन्ने कहिले ? आम जनता प्रश्न गर्दै छन् ।

*२०८० फागुन ६ गते*

# इन्जिनियरिङका विद्यार्थीहरूसँग सामयिक छलफल




✍ सुरेन्द्रराज गोसाई

**एउटा राजनीतिले ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङहरू जन्माउँछ । ख्वप विश्वविद्यालय निर्माण गर्ने सङ्कल्पसहित अगाडि बढ्छ । अर्को राजनीतिले के गर्दै छ भने त्रिभुवन विश्वविद्यालयलाई वर्ल्ड बैङ्क, आइएमएफ, एसियाली विकास बैङ्क इत्यादिलाई सुम्पेर उनीहरूको कठपुतली बनाउँदै छ । हाम्रो विश्वविद्यालय ध्वस्त पार्दै छ । कलेज सुकाउँदै छ । विद्यार्थी विदेश पठाउँदै छ । अब भन्नुस्, कुन राजनीति सही ? राजनीति त चाहिन्छ नै र राजनीतिबिना केही सम्भव छैन, मात्र यति हो कि कस्तो राजनीति रोज्ने ? यस्तो खालको असल राजनीति खोज्ने कि विनाशकारी राजनीति खोज्ने ? आफ्नो देशको अस्तित्व जोगाउने राजनीति खोज्ने कि आफ्नो देशलाई सिक्किमीकरण र फिजीकरणतिर डोऱ्याउने ? कुन राजनीति रोज्ने हो ? प्रश्न यति हो । जवाफ हामीले हाम्रो व्यवहारबाट, हाम्रो अध्ययनबाट, हाम्रो अनुशासनबाट, हाम्रो प्रतिबद्धताबाट दिन सकेको खण्डमा हामी अगाडि बढ्न सक्नेछौँ । हाम्रो देश अझ माथि उठाउन सक्नेछौँ ।**

लगभग १५-१६ वर्ष लामो विद्यालय जीवनको मेहनत एवम् सफलतापश्चात् अर्को ५-६ वर्षको निम्ति आफूलाई शैक्षिक क्षेत्र तथा सोधखोजको क्षेत्रमा आगाडि बढाउन सङ्कल्पित भएर कलेज प्रवेश गर्नुभएका सम्पूर्ण नवआगन्तुक विद्यार्थी भाइबहिनीहरूलाई उत्तरोत्तर प्रगतिको कामना गर्दछु । हार्दिक शुभकामना र बधाई छ । रोबर्ट फ्रस्ट भन्छन्, 'Two roads diverged in a wood and I took the one less traveled by and that has made all the difference.' अर्थात्, एउटा वनमा दुई बाटा थिए । अत्यन्त कममात्र हिँडिएको बाटो समाएँ । त्यसैले नै यी सारा भिन्नता जन्मायो । तपाईंहरूले पनि चुनौतीपूर्ण बाटो राज्नुभयो । तपाईंहरू सफल हुने विश्वास छ ।

अरू कता कता लागे ? केके गरे ? म अलि फरक बाटो रोज्ने प्रयास गर्दै छु । त्यो फरक बाटोबाट नै भिन्नता देखाउने प्रयास गर्नेछु । विद्यार्थी भाइबहिनीहरू यही कुरा मनमा राखेर कलेज प्रवेश गर्दै हुनुहुन्छ भन्ने विश्वास छ । कलेजले तपाईंलाई फरक विद्यार्थीको रूपमा सदा याद गर्ने गरी मेहनत गर्ने मेरो विश्वास छ । यस कलेजमा सायद हजारौँ विद्यार्थी आए, हजारौँ आउनेवाला छन् । ती हजारौँबिच कलेजले सम्झनयोग्य विद्यार्थी भएर वा कलेजका प्राध्यापकहरूको मनमस्तिष्कमा रहने गरी तपाईंले पढ्ने र केही गरेर देखाउने मेरो विश्वास छ । त्यसको निम्ति पनि हार्दिक शुभकामना छ ।

आजभन्दा २५-२६ वर्षअगाडि लिबालीको करिब ६०० रोपनी जग्गामा व्यवस्थित सहर बसाल्ने सपनाले साकार रूप लियो । त्यही 'टाउन प्लानिङ' गरिएको लिबाली भन्ने ठाउँमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ बनेको हो । 'बुँ' भन्नाले नेपालभाषामा खेत हो र लिबाली भन्नाले ढिलो मात्र बाली फल्ने ठाउँ हो । सिँचाइको हिसाबले असुविधाजनक र निकै टाढा साबिक बागेश्वरी गाविसको सहरेदेखि नहरबाट पानी ल्याउनुपर्ने वा आकाशे खेतीको भर पर्नुपर्ने त्यतिखेर बाध्यता थियो । त्यही ठाउँमा यी दुईवटा कलेज निर्माण भएका हुन् ।

बालीनालीको लागि किसानहरूलाई असाध्यै समस्या हुने ठाउँमा समयको जरुरतबमोजिम एउटा व्यवस्थित प्लानिङ बन्यो । त्यस बखत यस कलेजको वरिपरि प्रशस्त कालो माटो पाइन्थ्यो । त्यो कालो माटो झिकेर कैयौँ हाम्रा प्रजापति दाजुभाइहरूले र हाम्रा पूर्वजहरूले धेरै राम्राराम्रा माटाका भाँडाकुँडाहरू बनाए । यहाँमात्र होइन काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, तनहुँ, गोरखा, नुवाकोटलगायत देशभरि माटाका भाँडाकुँडाहरू पठाउने गरिन्थ्यो । हिजो गहुँ, धान, केराउ मात्र फल्ने ठाउँमा आज ज्ञान, प्रविधि फल्दै छ र चारैतिर फैलिँदै छ । यहाँबाट तयार भएका प्राविधिकहरू देशैभरि पुग्दै छन् । यो कस्तो सुन्दर परिवर्तन ?

आजभन्दा ३२५ वर्ष अगाडि भक्तपुरमा भव्य ङातापोल्हँको निर्माण भयो । सम्भवतः त्यसको केही महिनापछि भक्तपुरमा खँचा पुखु निर्माण भयो । पूर्वपश्चिम फर्केको लाम्चो आकारको त्यो सानो पोखरीमा ङातापोल्हँको छाया देखिन्छ । यसको विस्तृत अध्ययन गर्नको निम्ति विज्ञ तथा विद्यार्थीहरूमा अनुरोध गर्दछु । कतै ङातापोल्हँ, खँचा पुखु र हाम्रो कलेज एउटै समानान्तर रेखा parallel line मा त छैन ? हेर्नुस् त, इन्जिनियरिङको सुन्दरता । २२ वर्षभन्दा अगाडि इन्जिनियरिङ कलेज यही ठाउँमा बनाउँदै गर्दा सायद त्यतिखेर यसबारे अनुमान गरिएको थिएन ! तर, कहिलेकाहीँ सिर्जना पूर्वतयारी बिना पनि हुने गर्दछ ! इन्जिनियरिङको सुन्दरता कहिलेकाहीँ दुर्घटनावश जन्मिन सक्छ । यस विषयमा थप अध्ययन गर्न पायौँ भने अझ राम्रो होला !

अरू देशमा पनि हामीले देख्यौँ । सन् २०१४ को नोभेम्बरमा हामी प्रजग कोरिया पुगेका थियौँ । इन्जिनियरहरू पुग्नैपर्ने देश हो प्रजग कोरिया । वास्तुशास्त्रविद्हरूको देश, कलाकारहरूको देश । १९५० देखि १९५३ सम्म त्यहाँ ठुलो युद्ध भएको थियो । अमेरिकी साम्राज्यवादले लाखौँलाख मानिसहरूलाई एक चिहान बनाएको थियो । बमबारूद खसालेर अमेरिकी साम्राज्यवादले 'ग्राउन्ड जिरो' मा परिणत गरेको थियो । हरेक एक कोरियालीलाई करिब चारवटा बम प्रहार गरिएको थियो । यद्यपि, खरानीमै एउटा सुन्दर सहर बन्यो, प्योङयाङ । प्रजग कोरियामा लाखौँ-लाख इन्जिनियरहरू छन् ।

प्योङयाङमा ग्रायन्ड पिपुल्स स्टडी हाउस छ । त्यो विशाल पुस्तकालय या अध्ययन केन्द्रले देशभित्र र बाहिरका लाखौँलाख मानिसहरूलाई बुद्धि बाँडिरहेको छ । अन्तर्राष्ट्रिय जगत्लाई निमन्त्रणा दिएर सोधखोज गराइराखेको छ । त्यहाँ पुगेका हरेक प्राध्यापक, बुद्धिजीवी तथा अध्येताहरू ग्रायन्ड पिपल्स स्टडी हाउसकै समानान्तर रेखामा रहेको रातो फ्लेमयुक्त जुछे टावरतिर हेरेर एक खालको ऊर्जा प्राप्त गर्दछन् । ग्रायन्ड पिपल्स स्टडी हाउस र जुछे टावरको बिचमा कञ्चन तेदोङ नदी बग्छ । छेवैमा लाखौँ मानिस एकै समयमा जम्मा हुन मिल्ने किम इल सङ स्क्वाएर छ । यी तीनवटै विशाल संरचना समानान्तर रेखामा छन् । वास्तुकला, परिकल्पना, भावना, प्रविधि तथा सौन्दर्यको संयोजन बेजोड लाग्छ ।

इन्जिनियरिङ कलेजको निम्ति एक प्रकारको 'गाइडिङ फ्लेम' ङातापोल्हँ हो, जुन हाम्रा पितापुर्खाले तीन सय पच्चीस वर्ष अगाडि ठड्याए । हाम्रो वास्तुकला, विज्ञान र प्रविधिको एउटा अनुपम नमुना ङातापोल्हँ हो । कलेजसँग समानान्तर रेखामा रहेको ङातापोल्हँबाट प्रेरित भएर हाम्रो इन्जिनियरिङ कलेज र नयाँ वैज्ञानिकहरू अझ अगाडि बढून्, शुभकामना !

१२ औँ शताब्दीमा अर्थात् सन् १२४४ मा नेपालमा एकजना ठुला कलाकार, इन्जिनियर तथा वैज्ञानिकको जन्म भयो । तपाईंहरूलाई थाहा छ, आजभन्दा ८०० वर्ष अगाडि जन्मेको अरनिको १७ वर्षको उमेरमा ८० जना कालिगढ तथा वास्तुविद् वा इन्जिनियरहरूसहितको पल्टन लिएर भोटतिर गएको हामी इतिहासमा पढ्छौँ । भोटमा गएर अनेकौँ चैत्य र अनुपम गुम्बाहरू बनाएको हामीले पढेका छौँ । इन्जिनियरहरूले अनिवार्यरूपमा पढ्नुपर्ने नेपालका विभूतिहरूमध्ये अरनिको एक हुन् । साथै भोटदेखि पेचिङसम्म पुगेर स्वर्णचैत्य निर्माणका साथै श्वैतचैत्य निर्माण गरेका थिए । श्वेतचैत्यलाई तिनीहरू 'पाइथा' भन्छन् । नेपालीहरू पेचिङ पुग्ने बेला ग्रेट वाल नहेरे नि हुन्छ तर हाम्रो उपहार, नेपाली प्राविधिकले बनाएको श्वेतचैत्य नहेरी फर्किन्नन् । अझै पनि चिनियाँहरू हाँसोमा पनि भन्छन्, चीनमा जति पनि निर्माणहरू भए, अहिलेसम्म पनि छाया नहुने निर्माण कुनै छ भने त्यो श्वेतचैत्य हो । हिजो हामी चीनजस्तो सभ्यतामा सान्है अगाडि बढेको देशलाई त्यसरी योगदान दिन सक्ने अवस्थामा थियौँ । हाम्रो देश अहिले कता छ ? हामी कता छौँ र कसरी यस्तो भयो ? त्यो सोध्ने, खोज्ने र पत्ता लगाउने हाम्रै जिम्मा हो ।

हिजोआजका हाम्रा विद्वान्हरूले विदेश गएर के पाए, त्यो मलाई थाहा छैन ! कुब्ला खाँको पालाको चीनमा गएको अरनिकाले मन्त्रीसरहको उपाधि त्यतिखेर नै पाए । यो कस्तो खालको चमत्कार होला, कस्तो खालको हात होला र कस्तो खालको सीप, ज्ञान र दक्षता होला र वास्तवमा हामीसँग सामर्थ्य नभएको होइन । प्रकृतिले के कति दियो भन्नेबारेमा मैले बताइरहन नपर्ला र प्रकृतिले पनि सही ठाउँमा सही मानिस दियो वा दिएन, त्यो अर्को पाटो हो । सही ठाउँमा प्रकृतिले सगरमाथा राख्यो, त्यति राम्राराम्रा महाकाली, कोसी, कर्णाली नदीहरू राख्यो ! सुन्दर हिमाल, पहाड र तराई यहीँ राख्यो ! यहीँ नै बहुमूल्य खनिजजडिबुटी खन्यायो र हाम्रा इन्जिनियरहरूका निम्ति यहाँ अध्ययन तथा अन्वेषणको निम्ति विराट क्षेत्र छ । आर्किटेक्ट, इन्जिनियर बन्नको निम्ति अगाडि बढिरहेका नयाँ पुस्तालाई अरनिकोको प्रेरणा तथा आभा पर्याप्त छ ! त्यसबाट हामी प्रेरित भएर अगाडि बढ्न सकेको खण्डमा अझ बढी योगदान पुऱ्याउन सक्नेछौँ !

अर्को एउटा प्रसङ्ग जोडौँ ! भर्खरै चित्लाङमा भएको दुर्घटना सबैलाई सम्झना छ होला । सबैको मनमा छ । यस्ता खालका अत्यन्त दुःखद खबर हामी सुन्दै हेर्दै बस्ने कि, के गर्ने ? इन्जिनियरिङको दृष्टिकोणबाट त्यसमा के खराबी छ ? निर्माणको हिसाबले के समस्या भयो ? ढिलासुस्तीको हिसाबले के हुँदै छ ? त्यो घटनाले पनि अलिकति झक्झकाउनुपर्छ । हाम्रो दिमाग पनि खुल्नुपर्छ, खोल्नुपर्छ । देशैभरि हाम्रा सडकको स्थिति अत्यन्त खराब छ । सन् १९७७-१९८२ मा एउटा सडकको निर्माण भयो । १९७७ मा बेलायतको सहयोगमा निर्माण भएको धरान-धनकुटाको पहाडी बाटो अहिलेसम्म पनि फराकिलो र व्यवस्थित छ । निर्माणको हिसाबले गुणस्तरयुक्त मानिन्छ । त्यो किन आजको समयमा सम्भव भएन ? यो ४०-५० वर्षभित्र नेपालको वाग्मती, कोसी, कर्णालीमा निकै पानी बगिसकेको छ । इन्जिनियरिङ कलेजहरू धेरै भइसकेका छन् । दसौँ हजार इन्जिनियरहरू हामीकहाँ पनि भइसकेका छन् । तर, हाम्रो निर्माणमा कहाँनिर खोट हुँदै छ ? कहाँनिर खराबी भयो ? सिंहदरबारमा पुगेका मन्त्री, प्रधानमन्त्री, भौतिक मन्त्रीहरूको मगजमा कस्तो खालको कीरा पस्यो र हामी चित्लाङका खबरहरू सुन्न र भोग्न बाध्य छौँ ?

नेपालमा सडक दुर्घटनाबाट दैनिक ७ जना मान्छे मर्छन् ! के यो सामान्य हो ? के यसको समाधान खोजिनु पर्दैन ? यी दुर्भाग्य रोक्नको निम्ति हाम्रो जिम्मेवारी के छ ? सरकारलाई के कस्ता खालका सल्लाह दिन सक्छौँ, त्यो पनि एउटा सोचनीय विषय हो ।

यहाँ अर्को एउटा सन्दर्भ जोड्छु । टर्कीका मानिसहरू के भन्दा रहेछन् भने यदि जोकर लिडर बन्यो या जोकर मन्त्री बन्यो, जोकर प्रधानमन्त्री बन्यो भने उसले देशलाई नै सर्कसमा परिणत गरिदिन्छ । If a joker becomes a leader he will convert whole country into a circus. अहिले हाम्रो देशमा भइरहेको यही हो । जोकरहरू सिंहदरबार पसे । जोकरहरू मन्त्री र प्रधानमन्त्री बने । अब सर्कस देखाउँदै छन् । अनेक काण्डहरू बाहिर आउँदै छन् । अनेक राष्ट्रिय लज्जाका खबरहरू सुन्दै छौँ । अब यसबाट पनि हामीले यु-टर्न लिन सम्भव छ । यो स्थिति पनि सधैँ रहँदैन । म पूर्णरूपमा विश्वस्त छु । तपाईंहरू पनि विश्वास गर्नुहोस् । ३० वर्षको पञ्चायत व्यवस्था त्यति छिटो जाला भनेर कसैले सोचेका थिएनन् । ४६ सालमा बहुदल आयो, आन्दोलन भयो, ४९–५० दिनको आँधीबेहरीले पञ्चायती व्यवस्था ढालिछाड्यो ।

त्यसकारण, त्यस्ता जोकरहरूलाई सिंहदरबार पस्नबाट रोक्ने पनि उपायहरू छन् । त्यसका निम्ति नयाँ पुस्तामा राजनीतिक सचेतना आवश्यक छ । अब राजनीतिबाट भागेर होइन कि राजनीतिलाई बुझेर सही मान्छे सही ठाउँमा पुऱ्याउने सद्बुद्धि हामीले लियौँ भने हाम्रो देशलाई सुधार्न सक्नेछौँ । अझै पनि समय बाँकी छ ।

हामीले राजनीतिलाई गलत ढङ्गमा बुझ्यौँ । गलत ढङ्गमा बुझाउने प्रयास भयो । वास्तवमा राजनीति भनेको सेवाकर्म हो । राजनीतिमा त्याग, समर्पण, आफूसँग भएको ज्ञान, खुबी, क्षमताको आधारमा समाजको सेवा गर्ने, देशको सेवा गर्ने र परिवर्तनलाई नजिक ल्याउने, सम्भव भयो भने आमूल परिवर्तनका निम्ति अगाडि बढ्ने भन्ने हुन्छ । त्यो हो वास्तविक राजनीति । यहाँ राजनीतिलाई बिटुल्याइयो । राजनीतिलाई कमाइ खाने भाँडो बनाइयो । कसको कारण भयो ? अहिलेसम्म सरकारमा जाने पार्टीहरूले त्यो कामलाई अगाडि बढाए । जो जो मन्त्री बन्न गएका छन् त्यो नयाँ होस् या पुरानो, तिनीहरू त्यसका निम्ति जिम्मेवार छन् । मन्त्री बन्छु, अर्को चुनाव जित्छु, पालो मेरै हो भनेर गलत आश्वासन दिनेहरू नै यो दुर्दशाका लागि जिम्मेवार छन् । मन्त्री को बन्ने भन्ने कुरा महत्त्वपूर्ण होइन । नीति कस्तो खालको बनाउने ? कस्तो बन्दोवस्त गर्ने ? तागत छ भने सिंहदरबार जानेहरूले 'विदेशमा जान बाध्य भएकाहरूलाई हामी रोक्छौँ, यहाँ रोजगारीको सिर्जना गर्छौँ, पढ्नेदेखि लिएर कामसम्मको हामी अवसर सिर्जना गर्छौं' भनेर प्रतिबद्धताका साथै व्यवहारमा, नीतिगतरूपमा तिनीहरूले तयार गर्न सक्नुपर्थ्यो तर सकेनन् । यो उनीहरूको अहिलेसम्मको असफलता हो । त्यसकारण, यस विषयमा हामी सबैले बुझेर सही र जानकार मानिसहरूले, शिक्षा क्षेत्रमा अगाडि बढेकाहरूले अझ बढी जिम्मेवारी, अझ बढी भूमिका निर्वाह गर्नुपर्दछ भन्ने कुरा हामी सबैले मनमा राख्यौँ, त्योबमोजिम आफूलाई तयार गऱ्यौँ र आफूलाई प्रस्तुत गऱ्यौँ भने परिवर्तन ल्याउन सक्नेछौँ । परिवर्तन असम्भव होइन !

एउटा राजनीतिले ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङहरू जन्माउँछ । ख्वप विश्वविद्यालय निर्माण गर्ने सङ्कल्पसहित अगाडि बढ्छ । अर्को राजनीतिले के गर्दै छ भने त्रिभुवन विश्वविद्यालयलाई वर्ल्ड बैङ्क, आइएमएफ, एसियाली विकास बैङ्क इत्यादिलाई सुम्पेर उनीहरूको कठपुतली बनाउँदै छ । हाम्रो विश्वविद्यालय ध्वस्त पार्दै छ । कलेज सुकाउँदै छ । विद्यार्थी विदेश पठाउँदै छ । अब भन्नुस्, कुन राजनीति सही ? राजनीति त चाहिन्छ नै र राजनीतिबिना केही सम्भव छैन, मात्र यति हो कि कस्तो राजनीति रोज्ने ? यस्तो खालको असल राजनीति खोज्ने कि विनाशकारी राजनीति खोज्ने ? आफ्नो देशको अस्तित्व जोगाउने राजनीति खोज्ने कि आफ्नो देशलाई सिक्किमीकरण र फिजीकरणतिर डोऱ्याउने ? कुन राजनीति रोज्ने हो ? प्रश्न यति हो । जवाफ हामीले हाम्रो व्यवहारबाट, हाम्रो अध्ययनबाट, हाम्रो अनुशासनबाट, हाम्रो प्रतिबद्धताबाट दिन सकेको खण्डमा हामी अगाडि बढ्न सक्नेछौँ । हाम्रो देश अझ माथि उठाउन सक्नेछौँ ।

विद्यार्थी भाइबहिनीहरू कडा मेहनतबाट अगाडि बढिरहेको पुस्ता हो भन्ने मलाई लाग्दछ । २०७२ सालमा भूकम्प जाँदा तपाईंहरू विद्यालयस्तरका विद्यार्थी हुनुहुन्थ्यो । भूकम्पबाट जोगिएर हामी बाँचेर आयौँ र पढेर अगाडि बढ्यौँ । भूकम्पको सामना त गऱ्यौँ । यतिमध्येमा धेरैले भूकम्प आउँदा अब सुरक्षित घर बनाउनको निम्ति म इन्जिनियरिङमा जान्छु भन्ने मनमा राख्नुभएको हुनुपर्छ । त्यो अत्यन्त सराहनीय पक्ष हो । भूकम्प आइसकेपछि ६ महिनासम्म हामीलाई भारतले यति दुःख दियो कि तेल पठाएन, ग्यास पठाएन, चामल पठाएन, पीठो पठाएन, फलफुल–तरकारी पठाएन । केही पनि पठाएन । ५–६ महिनासम्म अमानवीय नाकाबन्दी बेहोऱ्यौँ । इन्जिनियरिङ कलेजका त्यतिखेरका धेरैधेरै विद्यार्थीहरू नाकाबन्दीको अन्त्यको माग गर्दै जुलुस गएको मलाई थाहा छ । हामीले नाकाबन्दीसँग जुझ्यौँ र विजय हासिल गऱ्यौँ । त्यसैगरी २०७५।७६ सालमा हामीले दुई वर्षसम्म कोभिड भाइरससँग लड्यौँ । जीवनमा सङ्घर्ष गर्दै हामी यहाँसम्म पुग्यौँ । आज हामी फेरि अर्को एउटा सङ्घर्ष, अर्को एउटा लडाइँमा होमिँदै छौँ । त्यो भनेको इन्जिनियरिङको उपाधि जित्ने लडाइँ ! भूकम्पमा जित्नुभयो, कोरोनामा जित्नुभयो । यो लडाइँ त 'अच्छु खाएँ, बच्छु खाएँ, झुसे बारुलो' झैँ हुने म अनुमान गर्दछु । तपाईंहरूले निरन्तर सफलता हासिल गर्ने विश्वास छ । त्यसको निम्ति शुभकामना छ ।

*(नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम, माघ ३ गते २०८०, मा व्यक्त विचारको सम्पादित अंश)*

# “नेपाल–चीनबिचको सम्बन्ध युगौँदेखिको पुरानो हो”




*भक्तपुर कला र संस्कृतिले भरिएको सांस्कृतिक नगर हो। मूर्त र अमूर्त सम्पदाहरू यहाँ जीवन्त देख्न सकिन्छ। १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रुपमा रहेको यो नगर १२ औँदेखि १५ औँ शताब्दीसम्म राजधानी नगर थियो। मल्लकालीन सम्पदाहरूको संरक्षण गर्दै हामीले भक्तपुरलाई सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रुपमा विकास गर्ने कोसिस गर्दै छौँ।*

नेपालका लागि चिनियाँ राजदूत महामहिम छन सोङ, भक्तपुर नगरपालिकाका उपप्रमुखलगायत जनप्रतिनिधिहरू, पर्यटन बोर्डका प्रतिनिधिलगायत सम्पूर्ण सहभागी मित्रहरूलाई सांस्कृतिक नगर भक्तपुरको तर्फबाट हार्दिक स्वागत गर्दछौँ।

भक्तपुर नगरपालिका, चिनियाँ राजदूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा चिनियाँ नयाँ वर्ष २०२४ (ड्रागन वर्ष) को अवसरमा सांस्कृतिक प्रदर्शन गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ। यस अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ।

नेपाल-चीनबिचको मित्रता र सांस्कृतिक सम्बन्ध युगौँदेखिको पुरानो हो। तेऱ्हौँ शताब्दीमा नेपालका वास्तुकलाविद् अरनिकोले चीनमा श्वेत चैत्य निर्माण गर्नुभयो। जनगणतन्त्र चीनको राजधानी पेचिङमा अवस्थित श्वेत चैत्य नेपाल-चीनबिचको सयौँ वर्ष अघिदेखिको मित्रता र सांस्कृतिक सम्बन्धको बलियो प्रमाण हो। त्यो सम्बन्धलाई हामी अझ विकास र विस्तार गर्न चाहन्छौँ। आजको सांस्कृतिक प्रदर्शन त्यही सम्बन्ध विस्तारकै सिलसिला हो।

चिनियाँ कम्युनिस्ट पार्टीका नेता तथा सरकारका उच्च पदाधिकारीहरूले नेपाल भ्रमणको सिलसिलामा भक्तपुरमा पनि गहिरो अभिरुचि लिएर भ्रमण गर्नुभयो। उहाँहरूलाई स्वागत गर्ने अवसर पाउँदा भक्तपुरका जनता खुसी छन्। यही वर्ष चीनको स–छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुई, पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाका पार्टी समिति सचिव युआन चिया च्युन, सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका कम्युनिस्ट पार्टीका सचिव वाङ च्युङचङले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग भेटघाट गर्ने सिलसिलामा भक्तपुरको अवलोकन भ्रमण गर्नुभयो।

त्यसैगरी चीनको सान्तोङ प्रान्तका छुआन थाइ नगरपालिकाका प्रतिनिधिमण्डल, चिङकाङशान नगरपालिकाका उपप्रमुख ह्वामिङ र हालै चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हेयानको नेतृत्वमा नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डललाई पनि हामीले भक्तपुरमा स्वागत गर्ने अवसर पायौँ। यस्ता भ्रमण र सांस्कृतिक टोलीहरूको आदानप्रदानले दुई देशबिचको सम्बन्ध थप बलियो हुँदै जाने हाम्रो विश्वास छ। यसै वर्ष भक्तपुर नगरपालिका र चीनको लसान नगरपालिकाबिच मैत्रीपूर्ण सहकार्य स्थापना गर्न सहमत भई हस्ताक्षर सम्पन्न भएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को कारण विश्व आक्रान्त भएको बेला चीन सरकारले त्यसको विरुद्ध खोप उत्पादन गरी नेपाली जनतालाई गरेको सहयोग अविस्मरणीय रहनेछ। भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालका लागि भगिनी सम्बन्ध रहेको चीनको स्वशासित क्षेत्र तिब्बतको शान-नान नगरपालिकाले स्वास्थ्य सामग्रीहरू सहयोग गरेको पनि यहाँ स्मरण गर्न चाहन्छौँ।

चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट नेपाल मजदुर किसान पार्टीलाई प्राप्त स्वास्थ्य सामग्रीहरू पार्टी सचिव प्रेम सुवाल स्वयम् देशका विभिन्न अस्पतालहरूमा पुगेर वितरण गर्नुभएको थियो। सङ्कटको बेला सहयोग गरेर चिनियाँ कम्युनिस्ट पार्टी र सरकारले एक असल छिमेकीको उदाहरण प्रस्तुत गर्यो। त्यसप्रति भक्तपुर नगरपालिका र यहाँका जनताको तर्फबाट हार्दिक आभार प्रकट गर्छौँ।

भक्तपुर कला र संस्कृतिले भरिएको सांस्कृतिक नगर हो। मूर्त र अमूर्त सम्पदाहरू यहाँ जीवन्त देख्न सकिन्छ। १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा रहेको यो नगर १२ औँदेखि १५ औँ शताब्दीसम्म राजधानी नगर थियो। मल्लकालीन सम्पदाहरूको संरक्षण गर्दै हामीले भक्तपुरलाई सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने कोसिस गर्दै छौँ।

यो कार्यक्रमस्थल (दरबार क्षेत्र) नेपालका सातवटा विश्व सम्पदा सूचीमा सूचिकृतमध्ये एक हो। यस क्षेत्रमा अवस्थित विश्व प्रसिद्ध सम्पदाहरूको आधारमा सन् १९७९ मा युनेस्कोले विश्व सम्पदा सूचीमा सूचिकृत गरेको थियो। यहाँका सम्पदाहरूको अवलोकन गर्न बर्सेनि विश्वका विभिन्न देशबाट लाखौँ पर्यटकहरू आउने गर्छन्। भक्तपुर नगर प्रवेश गर्ने विदेशी नागरिकहरूबाट नगरपालिकाले केही सेवा शुल्क लिने गरेको छ। त्यही शुल्कबाट उठेको रकमबाट भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, विकास निर्माणलगायतमा खर्च गर्दै आएको छ।

२०७२ सालको भूकम्पले यहाँका धेरै सम्पदाहरूमा क्षति पुग्यो। स्थानीय जनताको सहयोगमा धेरै सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार भइसकेको छ भने अझै केही सम्पदाहरू निर्माणाधीन छन्। मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणको लागि नयाँ पुस्ता तयार गर्न नगरपालिकाले निरन्तर प्रशिक्षण दिइरहेको छ।


अन्त्यमा, पुन:एक पटक चिनियाँ नयाँ वर्ष २०२४ (ड्रागन वर्ष) को अवसरमा चिनियाँ कम्युनिस्ट पार्टीका नेता सि चिनफिङ र सम्पूर्ण चिनियाँ जनतामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौँ। यस सांस्कृतिक प्रदर्शनको अवसर प्रदान गर्ने चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्डलाई धन्यवाद दिन चाहन्छौँ। सांस्कृतिक प्रदर्शन गर्नुहुने युनान विश्वविद्यालय, सनचन छीलीन नृत्य समूहका कलाकारहरू, भक्तपुरका सांस्कृतिक समूहका कलाकारहरूलगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछौँ। धन्यवाद !

*(२०८० फागुन २ गते चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*



# “हामीले नेपाल–चीनबिच विभिन्न क्षेत्रमा सहकार्यको वातावरण सिर्जना गर्नेछौँ”

**- छन सोङ, नेपालका लागि चिनियाँ राजदूत**



यहाँहरू सबैलाई चिनियाँ नयाँ वर्षको अवसरमा आयोजित यस सांस्कृतिक प्रदर्शनीमा हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम, आजको यस कार्यक्रम सफल बनाउन कार्यक्रमको तयारीमा महत्त्वपूर्ण सहयोग गर्नुभएकोमा म भक्तपुर नगरपालिकालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। चीन-नेपाल मित्रता र सहकार्यलाई अझ गहिरो बनाउन सकारात्मक योगदान पुऱ्याउनुहुने सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

भक्तपुर नेपालको सांस्कृतिक राजधानी हो। भक्तपुर नेपालको मध्यकालीन वास्तुकला र संस्कृतिको जन्मस्थल पनि हो। भक्तपुरको विशिष्ट प्रकारको कला र संस्कृतिले संसारभरका पर्यटकहरूलाई आकर्षित गर्छ। चिनियाँ नयाँ वर्षको अवसरमा आयोजित आजको यस सांस्कृतिक प्रदर्शनी भक्तपुरका जनता र यहाँ पाल्नुभएका पर्यटकहरूको निम्ति एक फरक प्रकारको अनुभव हुनेमा म विश्वस्त छु।

चिनियाँ नयाँ वर्ष अर्थात् वसन्तको चाड चिनियाँ संस्कृतिमा सबभन्दा पुरानो र महत्त्वपूर्ण परम्परागत चाड हो, लाखौँ परिवारहरूलाई एकताबद्ध गर्ने र पुरानोलाई

**ड्रागन चिनियाँ जातिको ‘टोटेम’ अर्थात् आध्यात्मिक प्रतीक हो। ऊर्जावान र शक्तिशाली भव्य रुप तथा बहादुर र निडर आत्मा भएको ड्र्यागनसँग संसारलाई काबुमा राख्न सक्ने अतुलनीय शक्ति भएको मानिन्छ। ड्र्यागन वर्ष सुरु भएको यस अवसरमा म चीन नेपाल दुबै देश ड्रागनको जुझारु भावनालाई ब्युताउँदै, ड्रागन जस्तै उड्ने र कडा परिश्रम, सृजनशीलता र समर्पणको भावनासहित हातमा हात मिलाएर सुन्दर भविष्यतर्फ द्रुतगतिमा अगाडि बढ्न सकून् भन्ने कामना गर्दछु।**

त्यागेर नयाँ अँगाल्ने उत्सव पनि हो। गएको वर्ष सम्पन्न संयुक्त राष्ट्र सङ्घको ७८ औँ महासभाले चिनियाँ नयाँ वर्षको दिनलाई छुट्टीको दिन घोषणा गर्ने प्रस्ताव एकमतले पारित गरेको थियो। विभिन्न सभ्यताबिचको आदानप्रदान र आपसी सिकाइलाई प्रवर्द्धन गर्न यो प्रस्तावले बल पुऱ्याउनेछ। यो राष्ट्रपति सी चिनफीङले अगाडि सार्नुभएको ‘विश्वव्यापी सभ्यता अगुवाइ’ को एक ज्वलन्त नमुना पनि हो।

यो वर्ष नेपालस्थित चिनियाँ राजदूतावास, नेपाल पर्यटन बोर्डलगायत विभिन्न सङ्घ संस्थाहरूको अगुवाइमा वसन्तको चाड अर्थात् चिनियाँ नयाँ वर्षको अवसरमा पहिलो पटक नेपालमा शृङ्खलाबद्ध कार्यक्रमहरू आयोजना गरिएको हो। यस क्रममा सम्पन्न भएका युननान प्रान्तको अन्तर्राष्ट्रिय वसन्त महोत्सव तथा नयाँ वर्षको स्वागत कार्यक्रम, आनहुई प्रान्त सांस्कृतिक टोलीको शुभ वसन्त महोत्सव, तिब्बती नयाँ वर्षको अवसरमा सांस्कृतिक कार्यक्रम, चिनियाँ लालटिन प्रदर्शनीजस्ता कार्यक्रमहरूले नेपालमा चिनियाँ नयाँ वर्षको उत्साहपूर्ण वातावरण सृजना गरेको छ। आज हामी चिनियाँ ड्रागन नाच, सिंह नाच र छिलीन नाचसहितको सांस्कृतिक प्रदर्शनीमा छौँ।

ड्रागन चिनियाँ जातिको ‘टोटेम’ अर्थात् आध्यात्मिक प्रतीक हो। ऊर्जावान र शक्तिशाली भव्य रूप तथा बहादुर र निडर आत्मा भएको ड्र्यागनसँग संसारलाई काबुमा राख्न सक्ने अतुलनीय शक्ति भएको मानिन्छ। ड्र्यागन वर्ष सुरु भएको यस अवसरमा म चीन नेपाल दुबै देश ड्रागनको जुझारु भावनालाई ब्युताउँदै, ड्रागन जस्तै उड्ने र कडा परिश्रम, सृजनशीलता र समर्पणको भावनासहित हातमा हात मिलाएर सुन्दर भविष्यतर्फ द्रुतगतिमा अगाडि बढ्न सकून् भन्ने कामना गर्दछु।

यो वर्ष जनगणतन्त्र  चीन स्थापनाको ७५ औँ वर्षगाँठ हो। त्यसैगरी अर्को साल चीन-नेपाल दौत्य सम्बन्ध स्थापनाको ७० औँ वर्षगाँठ पर्छ। यो नयाँ ऐतिहासिक बिन्दुमा उभिएर चीन-नेपाल सम्बन्धले नयाँ अवसर र सम्भावनाहरूलाई स्वागत गरिरहेको छ। हामीले सी चिनफीङ नयाँ युगको चिनियाँ विशेषतासहितको समाजवादको सिद्धान्त, विशेषत: सी चीनफीङको विदेश मामिलासम्बन्धी विचारको मार्गनिर्देशनमा मानव जातिको साझा भविष्य निर्माणलाई केन्द्रबिन्दुमा राख्दै नेपाल चीनबिच विभिन्न क्षेत्रमा आदानप्रदान र सहकार्यको नयाँ वातावरण सृजना गर्नेछौँ।

**अन्त्यमा,**

चीन नेपाल दुवै देशमा शान्ति र समृद्धिको निम्ति कामना गर्दछु। दुबै देशका जनताले चिताएका कुरा पूरा होस्, ड्रागन वर्षको शुभकामना ! भक्तपुरका जनतामा घरघरमा सुख भित्रियोस्, नयाँ वर्षको शुभकामना ! धन्यवाद !

*(२०८० फागुन २ गते चिनियाँ नयाँ वर्ष २०२४ को अवसरमा भक्तपुरमा विशेष सांस्कृतिक प्रदर्शनमा नेपालका लागि चिनियाँ राजदूत महामहिम छन सोङले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-४

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो। यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ। यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' (जिएसआई) बाट लिइएको हो। यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इर्स्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो। दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ। पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन। अनुवादक)*




खण्ड २ : साम्राज्यवादको विकासक्रम

**साम्राज्यवादको नयाँ चरण**

सन् १९७० को दशकबाट अमेरिकी डलरको एकाधिकार सुरु भयो र अमेरिका ऋण लिनेबाट ऋण दिने देशमा परिणत भयो। त्यसपछि सन् १९९१ म सोभियत सङ्घ विघटन भयो। त्यसपछिको अवधि अमेरिकाका लागि लाभदायी ठहरियो। उसले आफूखुसी एकध्रुवीय विश्व व्यवस्था निर्माण गर्ने जमर्को गर्‍यो। एकध्रुवीय विश्व पूर्ण रूपमा स्थापना गर्न सकिएन किनभने अमेरिकाले भन्दै आएका 'बदमास देशहरू' ले नयाँ व्यवस्थासामु घुँडा टेक्न मानेनन्।

पछिल्लो पन्ध्र वर्षमा संरा अमेरिकाको एकध्रुवीय संसारमा ठूलो पहिरो गएको छ। सन् २००८ को 'वित्तीय महाविपत्ति'' देखि लिएर नेटो-रुसबीचको सन् २०२२ फेब्रुअरीको द्वन्द्वसम्ममा विश्व साम्राज्यवादको मात्रात्मक र गुणात्मक परिवर्तन ठोस बन्न पुगेको छ।

यसबाट एउटा ऐतिहासिक परिवर्तन देखापरेको छ; साम्राज्यवादी देशहरूबीच आपसी शत्रुता चर्केको छ। यसको गहिरो रणनीतिक र राजनीतिक महत्त्व छ। के अन्य साम्राज्यवादी शक्तिले मूलभूत मुद्दामा संरा अमेरिकासँगको सम्बन्ध तोड्लान् ? अथवा, यी मुद्दामा तिनले आफ्नो हितलाई अमेरिकी स्वार्थसामु तिलाञ्जली देलान् ?

यी मतभेदहरू अब उति सामरिक रहेनन् भन्ने साबित भइसकेको छ। साम्राज्यवाद नयाँ चरणमा प्रवेश गरेको छ। यसलाई 'उग्र-साम्राज्यवाद' भन्दा उपयुक्त हुन्छ। यो शब्दावली नै किन भन्ने विषयमा पछि छलफल गरौंला। यस नयाँ चरणका केही विशेषता निम्न छन् :

चीन विश्वको सबैभन्दा ठुलो र गतिशील अर्थतन्त्रको रूपमा उदाउँदै छ। दक्षिणी गोलार्द्धको विकासले उत्तरी गोलार्द्धलाई उछिनेको छ। एसियामा कूल गार्हस्थ उत्पादनमा आएको वृद्धि जी-७ देशहरूको भन्दा बढी छ।

१) संरा अमेरिकासँग आर्थिक शक्ति बाँकी नै छ। यद्यपि उसले अल्प आर्थिक वृद्धिको सामना गर्दै छ। दक्षिणी गोलार्द्धको उदयको दाँजोमा ऊ ह्रासोन्मुख स्थितिमा छ। (दक्षिणी गोलार्द्धको वृद्धिको मुख्य चालक चीनको वृद्धि हो।) अमेरिकी दुरावस्था कूल गार्हस्थ उत्पादन, उद्योग, व्यापार, भौतिक पूर्वाधार र ५-जी संचार जस्ता सूचकाङ्कबाट प्रमाणित हुन्छ। अमेरिकाले चीनको आर्थिक वृद्धि तथा ब्रिक्स-१० जस्ता विश्व अगुवाइमा उसले खेलेको भूमिकालाई कैंची लगाउन जोडतोडले प्रयास गर्दै छ। उसले विश्वलाई बढ्दो संरक्षणवादतिर तान्दै छ।

२) संरा अमेरिका फटाफट बहुपक्षीय हाइब्रिड युद्धतिर लम्किँदै छ। आर्थिक प्रतिबन्ध उसको यसैप्रकारको हतियार हो। विश्वका चारमध्ये एक देशविरुद्ध अमेरिकाले आर्थिक प्रतिबन्ध थोपरेको छ।

अमेरिकाले रुस, भेनेजुयला, इरान र अफगानिस्तानको राष्ट्रिय ढुकुटी (सञ्चिती) खोस्यो। यसबाट पनि दक्षिणी गोलार्द्धका देशले तीतो पाठ सिकेका छन्।

३) संरा अमेरिकाले अहिले युरोसिया क्षेत्रमा आफ्नो दबदबा बढाउने सोच्दै छ। यस भेगमा पश्चिमा देशहरूले रुस र चीनको सामना गर्दै छन्। रुस र चीन बलियो अर्थतन्त्र, प्रविधि, सेना, ऊर्जा र खाद्यान्नका हिसाबले दुई शक्तिशाली मुलुक हुन्। यी दुई देशलाई सेनाविहीन लामो सिमानाले छुट्याएको छ। उनीहरूले 'असीमित' सहकार्यको घोषणा गरेका छन्। यसबाट पनि उनीहरूले शान्ति र सुरक्षाको साझा हित हेरेको प्रमाणित हुन्छ।

४) साम्राज्यवाद सेनामुखी खतरनाक बाटोमा अगाडि बढ्ने र आफ्नो चर्को आर्थिक र राजनीतिक अवसान रोक्न सैन्य प्रभुत्वमा भर पर्ने स्पष्ट छ। साम्राज्यवादी देशहरूको राजनीतिक र सैनिक स्वार्थ अहिले चरमचुलीमा छ। अल्पकालीन आर्थिक घाटा व्यहोरेरै तिनीहरू अघि बढ्दै छन्।

केही पुँजीपति वा पुँजीपतिको समूहको स्वार्थ अहिले तपसिलमा छ।

५) अमेरिकी डलर वर्चस्व, वित्तीयकरण र प्राविधिक क्षमताका कारण उसले निमेखभरमै खर्बौं डलर चल्तीमा ल्याउन सक्छ। यसले पुँजीवादी आर्थिक सञ्चय र त्यसको स्वामित्वको प्रक्रिया बदलेको छ। युरोप र जापानका पुँजीपतिहरूले आफ्ना अमेरिकी वर्गभाइहरूकै संचरनामा पुँजी लगानी गर्छन्। उनीहरूको लगानी अमेरिकी वर्गभाइकै नियन्त्रणमा हुन्छ।

६) उन्नत सामाजिक सञ्जाल र भिडियो प्रशारणको नौलो प्रविधिको उदयसँगै अमेरिकाले आफ्नो प्रचुर 'सौम्य शक्ति' पूर्वाधारलाई बढायो। यो बढोत्तरी अमेरिकी एकाधिकार कम्पनीहरूको पूर्ण नियन्त्रणमा छ। यसखाले सबै कम्पनीहरू अमेरिकी सेना-उद्योग-डिजिटल जालोमा जोडिएका छन्।

७) साम्राज्यवादी देशहरूको आपसी अन्तर्विरोध अहिले शत्रुतापूर्ण नभई छाँयामा छ। जर्मनी, जापान, फ्रान्स र अन्य साम्राज्यवादी शक्तिले आफ्ना साना र मझौला स्वार्थहरूलाई अमेरिकाको आधारभूत स्वार्थमुनि गाभ्नुपर्ने अवस्था छ। यिनीहरूको खेल नेटो प्लसले संयोजन गर्छ। यसको दस्तावेजमा आधिकारिक नीति पढ्न पाइन्छ। चीनसम्बन्धी यिनीहरूको रणनीति अहिले 'जोखिम उन्मूलन गर्नु' हो। यद्यपि जर्मनीका उच्च अधिकारीहरू अहिले चीनलाई एक्ल्याउन आह्वान गर्दै छन्। जब कि त्यसो गरे 'जर्मन' माल उत्पादकहरूको बजारमा उल्लेख्य कटौती हुन जानेछ। जर्मनीमा अहिले सैन्यकरण गर्नुपर्ने आवाज चर्कोगरी उठ्दै छ।

८) दक्षिणी गोलार्द्धमा अहिले नयाँ बहुपक्षीय संस्थान र विकाससम्बन्धी वैकल्पिक मोडलहरूले फड्को मार्दै छन्। बिआरआइप्रति बढ्दो समर्थन र ब्रिक्समा मिसिने कुराप्रति बढ्दो चासोले यो कुरा पुष्टि गर्छ। ब्रिक्सको आकार बढेर अहिले ब्रिक्स-१० बनेको छ। राष्ट्रसङ्घका झन्डै ८० प्रतिशत सदस्य अहिले बिआरआइमा संलग्न छन्। त्यो भनेको विश्वका झन्डै ६४ प्रतिशत जनता बिआरआइमा आबद्ध छन्। तिनीहरूको अर्थतन्त्र जोडेमा सन् २०२२ को विश्व गार्हस्थ उत्पादनको ५२ प्रतिशत हो।

ब्रिक्स-१० मा विश्वका ४५.५ प्रतिशत जनता संलग्न छन्। विश्वको कूल गार्हस्थ उत्पादनको ३५.६ प्रतिशत उत्पादन यिनै जनताले गर्छन्। जब कि जी-७ का देशहरूले विश्व जनसङ्ख्याको १० प्रतिशत मात्रै समेटेका छन् र विश्व गार्हस्थ उत्पादनको तिनको योग ३०.४ प्रतिशत मात्रै छ। (जी-७ मा क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संरा अमेरिका छन्।)

९) दक्षिणी गोलार्द्धका देशहरूले अमेरिका र युरोपको आर्थिक, राजनीतिक र नैतिक नेतृत्वप्रतिको विश्वास त्याग्दै छन्। साउदी अरब र इरानको अभूतपूर्व कूटनीतिक सम्झौतामा अमेरिकाले नभई चीनले मध्यस्थता गर्‍यो। रुस र चीनले अहिले अधिकांश आपसी व्यापार आफ्नै मुद्रामा गर्दै छन्। ब्रिक्स-१० ले अमेरिकी डलरको विकल्पमा प्रयोग गर्न सकिने वैकल्पिक मुद्राको सम्भाव्यता खोज्न एउटा कार्यदल नै बनाएको छ। साथमा विश्वव्यापी भुक्तानी प्रणाली र सम्भावित नयाँ सञ्चिती मुद्राको पनि खोजी हुँदै छ। गाजामा युद्धविराम गर्ने सवालमा राष्ट्रसङ्घमा मतदान हुँदा उत्तरी गोलार्द्धले माथ खायो। उत्तरी गोलार्द्धका १४ मतलाई अन्य १२० देशले धुलो चटाए।

१०) ६ सय वर्षयता पहिलोचोटि युरोपेलीहरू र तिनका गोरा सन्तानले फैलाएका औपनिवेशिक राज्यहरूले विश्व मामिलामा जमाउँदै आएको दबदबाको बदलामा भरपर्दो आर्थिक र राजनीतिक विकल्प देखापरेको छ। यसमा पहिलो चीनको नेतृत्वमा देखापरेको समाजवादी गोलबन्दी हो। दोस्रो, राष्ट्रिय सार्वभौमिकता, आर्थिक आधुनिकीकरण र बहुपक्षीयता हासिल गर्ने आकांक्षासाथ उदाउँदै गरेको दक्षिणी गोलार्द्धका देश हुन्।

यी बदलावसँगै अमेरिकी राजनीतिको नेतृत्व गर्ने वर्गका नेताहरूले आफ्नो भूरणनीति परिभाषित गरेका छन्। नयाँ अमेरिकी रक्षा केन्द्र (सिनास) मा आबद्ध यी नेताहरूले रुस र चीनलाई पराजित गर्नु नै अमेरिकी भूरणनीति हुने तय गरेका छन्। (वासिङ्टनमा मुख्यालय रहेको 'सिनास' एउटा थिङ्क ट्याङ्क संस्था हो। यसमा अमेरिकी सरकारको बुद्धि यही बन्छ।) अमेरिकाको यो दोहोरो भूरणनीतिको अर्थ युरेसियामा उत्तरी गोलार्द्धले नियन्त्रण जमाउनु हो। देशको आकार, प्राकृतिक संसाधनमा हिस्सेदारी, सैन्य शक्ति, भौगोलिक निकटता र साम्राज्यवादी प्रभुत्वबाट स्वतन्त्रताको चाहनाले चीन र रुसको विशिष्ट विश्वदृष्टि र रणनीतिक साझेदारी निर्धारित भएका छन्।

यी दुई देशको सम्बन्धमा विचारधारात्मक भन्दा पनि माथिका पक्षहरूको प्रभाव प्रबल छ। रुसलाई आणविक हतियाररहित पार्ने आफ्नो अपुरो मिसनलाई संरा अमेरिका टुङ्गोमा पुर्‍याउन चाहन्छ। वासिङ्टनमाथि दुवै देशका नक्सा झुन्ड्याइएको छ। ती नक्सालाई विभिन्न टुक्रामा काटिएको छ। यी टुक्रालाई पश्चिमा देशहरूबीच बाँडिएको छ। निश्चय नै यी टुक्रामा आणविक हतियार छैनन्!

चित्र १५ मा आणविक हतियारसम्पन्न चीन, रुस, प्रजग कोरिया र सम्भावित आणविक शक्ति इरानलाई साम्राज्यवादका मुख्य तारोको रूपमा देखाइएको छ। चीन र रुस सबैभन्दा ठूला तारो हुन्। चीनलाई आर्थिक शक्तिका कारण तारो बनाइएको हो भने रुसलाई उसको आणविक गठ्ठाघरका कारण तारो बनाइएको हो। सत्ता परिवर्तन गर्ने हिसाबले सिरिया, भेनेजुयला, क्युबा र बेलारुसलाई पनि तत्कालीन तारो बनाइएको छ।

विश्व अहिले असाध्यै जटिल र खतरनाक समयबाट गुज्रिँदै छ। दक्षिणी गोलार्द्धका देशहरू निकै विविधतापूर्ण छन्। यिनीहरूको कुनै गुट छैन। विचारधारात्मक रूपमा पनि यिनीहरू एक ठाउँ छैनन्। यिनीहरूको कुनै सैन्य गठबन्धन पनि छैन। दक्षिण कोरिया र फिलिपिन्सजस्ता केही देश भने अहिले अमेरिकी सैन्य वृत्तमा गिजोलिँदै छन्।

यिनीहरूले जे गर्छन् साझा इतिहासका कारण गर्छन्। यिनीहरूले उत्तरी गोलार्द्धबाट सयौं वर्षसम्म औपनिवेशिक र अर्ध-औपनिवेशिक दुर्व्यवहार भोगेका छन्। गोरा देशहरूले देशभित्र र बाहिर दुवैतिरका गाढा छालाका जनतालाई आतङ्कित पारेको इतिहास छ। ५० वर्षयता यी गोरा देशले इतिहासको यो अध्याय पखाल्ने प्रयास गर्दै आएका छन्।

पश्चिमा मिडिया दक्षिणी गोलार्द्धका देशहरूबीचको फराकिलो मतभेदबीच खेल्दै छ। यद्यपि कमजोर नै भए पनि '७७ समूह' र असंलग्न आन्दोलन अझै पनि जीवित छन्। दक्षिणी गोलार्द्धका देशहरूमाझ साझा पहिचानको बलियो भावना बढ्दै छ। यसलाई सजिलै मेटाउन सकिन्न। राष्ट्रिय सार्वभौमिकताको माग असाध्यै प्रजातान्त्रिक छ। दक्षिणी गोलार्द्धका जनसमूहको जीवन सुधार्ने सवालमा यो पक्ष सबैभन्दा महत्वपूर्ण हो। समाजवादतिर पाइला चाल्नका लागि पनि यो पक्ष उत्तिकै प्रभावकारी छ।

पहिलो विश्वयुद्धले सन् १९१७ को रुसी अक्टोबर क्रान्ति ल्यायो। क्रान्तिले सोभियत सङ्घको स्थापना भयो; विश्वमै कामदार वर्गको पहिलो राज्य बन्यो; र विश्वभरि क्रान्तिकारी राष्ट्रिय मुक्ति सङ्घर्षको छाल आयो। दोस्रो विश्वयुद्ध प्रजग कोरिया (सन् १९४८) र जनगणतन्त्र चीन (सन् १९४९) को स्थापनासँगै टुङ्गियो। लगत्तै राष्ट्रिय मुक्ति सङ्घर्षको अर्को छाल आयो। यसपालि भियतनाम (सन् १९५४ र १९७५) र क्युवा (सन् १९५९) जस्ता देशमा महत्त्वपूर्ण समाजवादी विजय भयो।

आज हामी उति क्रान्तिकारी अवधिमा छैनौं। यद्यपि, विगतका दुई अवधिमा सुरु भएको अपुरो राष्ट्रिय मुक्ति आन्दोलन अघि बढाउने भावनात्मक जागरण र एउटा नयाँ मनोदशा स्पष्ट देखिन्छ। पश्चिमा नवऔपनिवेशिक व्यवस्थाको वर्चस्वमाथि प्रश्न उठाइएको छ। हामी '१०० वर्षयता नदेखिएको परिवर्तन' को साक्षी बन्दै छौं र इतिहासको नौलो अवधिमा प्रवेश गर्दै छौं।

**सारमा हामी विश्वका आठ प्रमुख अन्तर्विरोधहरू प्रस्ट देख्दै छौं :**

१) अस्ताउँदो अमेरिकी नेतृत्वको साम्राज्यवादविरुद्ध उदाउँदो चीन नेतृत्वको समाजवाद।

२) परजीवी नाफाखोजी पुँजीविरुद्ध पर्यावरणीय दृष्टिले दिगो विकास, उद्योग, कृषि र रोजगारीको समाजको आवश्यकता।

३) अमेरिका नेतृत्वको साम्राज्यवादविरुद्ध दक्षिणी गोलार्द्धभित्रैका समाजवादी र पुँजीवादी देशले महसुस गरिरहेको राष्ट्रिय सार्वभौमिकताको ज्वलन्त आवश्यकता।

४) उत्तरी गोलार्द्धका शासक वर्गविरुद्ध दक्षिणी गोलार्द्धका पुँजीवादी देशहरूका पुँजीपतिहरू।

५) जी - ७ देशका गोरो वर्चस्ववादी शासक वर्गविरुद्ध दक्षिणी गोलार्द्धका गाढा छालासहितका राष्ट्रहरूका जनवर्ग (मजदुर, किसान र निम्न पुँजीवादी जनता)।

६) दक्षिणी गोलार्द्धका पुँजीवादी देशका पुँजीपति र उच्च वर्गविरुद्ध दक्षिणी गोलार्द्धकै जनवर्ग।

७) पश्चिमा साम्राज्यवादविरुद्ध पृथ्वी र मानव जातिको भविष्य।


८) उत्तरी गोलार्द्धका पुँजीपतिहरूबीचको आपसी अन्तर्विरोधविरुद्ध उत्तरी गोलार्द्धका श्रमजीवी वर्गका लाखौं जनता। (यो श्रमजीवी वर्गमा गरिब तथा बढिरहेका दक्ष र अर्धदक्ष जनता पर्छन्।)

हामीले सैन्य स्थितिबारे लगभग कुरा टुङ्ग्याइसकेका छौं। यहाँ हामीले साम्राज्यवादको नयाँ चरण विश्लेषण गर्ने जमर्को गर्छौं। यसका साथै हामी दक्षिणी गोलार्द्धको बनोट केलाउँछौं र आज विश्वको मूलभूत अन्तर्विरोध के हो भनी बुझ्न चाहिने पक्षहरू खोतलखातल गर्छौं।

| Country/te | Building In | Buildingstc | Areahectai | Military Basestotal number |
|---|---|---|---|---|
| Japan | 10339000 | 12079 | 41715 | 76 |
| Germany | 9135000 | 12537 | 2682 | 93 |
| Rep. Korea | 5631000 | 5832 | 12262 | 62 |
| Italy | 2011000 | 2032 | 945 | 31 |
| Guam | 1382000 | 2807 | 25322 | 45 |
| United Kin; | 1364000 | 2883 | 3253 | 14 |
| Kuwait | 676000 | 1503 | 2549 | 6 |
| Qatar | 661000 | 663 | | 2 |
| Cuba | 588000 | 1540 | 11662 | 1 |
| Turkey | 478000 | 817 | 1356 | 8 |
| Spain | 419000 | 889 | 3802 | 2 |
| Puerto Ric | 411000 | 794 | 7042 | 29 |
| Bahrain | 390000 | 468 | 83 | 9 |
| Belgium | 362000 | 479 | | 10 |
| Marshall Is | 286000 | 633 | 551 | 6 |
| Greenland | 220000 | 197 | 94306 | 1 |
| Djibouti | 171000 | 379 | 459 | 2 |
| Netherlanc | 151000 | 150 | | 5 |
| United Ara | 128000 | 400 | 5059 | 3 |
| Portugal | 114000 | 170 | 532 | 6 |
| Honduras | 92000 | 336 | | 1 |
| Singapore | 86000 | 120 | | 3 |
| Romania | 70000 | 179 | 177 | 4 |
| Bahamas | 62000 | 179 | 219 | 6 |
| Greece | 61000 | 85 | 41 | 4 |
| Saint Heler | 43000 | 124 | 1402 | 1 |
| Australia | 41000 | 83 | 8124 | 5 |
| Bulgaria | 39000 | 93 | | 2 |
| Virgin Islan | 26000 | 29 | 5964 | 5 |
| Jordan | 17000 | 31 | 3978 | 1 |
| Cyprus | 16000 | 38 | | 1 |
| Israel | 13000 | 19 | | 2 |
| American S | 11000 | 10 | 2 | 1 |
| Niger | 11000 | 45 | | 1 |
| Poland | 11000 | 20 | | 3 |
| Curaçao | 9000 | 15 | 17 | 1 |
| El Salvador | 6000 | 14 | 14 | 1 |
| Northern M | 5000 | 17 | 6499 | 10 |
| Peru | 5000 | 7 | | 1 |
| Norway | 3000 | 4 | | 1 |
| Iceland | 2000 | 7 | 425 | 1 |
| Kenya | 2000 | 5 | | 1 |
| Canada | | | 91 | 1 |
| Total | 35548000 | 48712 | 240533 | 468 |

Source: Global South Insights elaboration based on the

# नाटोले रुस–युक्रेन द्वन्द्वलाई ‘विश्वयुद्ध’ तर्फ धकेलिरहेको छ




नाटोका महासचिव जेन्स स्टोल्टनवर्गले हालै युक्रेनलाई सहयोग जारी राख्ने र रुस-युक्रेन द्वन्द्वको बिचमा युक्रेनका लागि हतियारको निरन्तर आपूर्ति सुनिश्चित गर्ने विषयमा छलफल गर्ने उद्देश्यले संरा अमेरिकाको भ्रमण गरेका थिए। यसमा युक्रेनलाई सहयोग गर्न थप ६० अर्ब डलरको सहायता प्याकेज र ५४.५ अर्ब डलरको चारवर्षे बजेटको स्वीकृति समावेश छ ।

संरा अमेरिकामा स्टोल्टेनबर्गको अन्तर्वार्ता वा भाषणहरूमा उनले बारम्बार चीनलाई उल्लेख गरे । स्पष्टरूपमा उनले चीनलाई नाटोका लागि ‘चुनौती’ को रूपमा राखे । यस्तो देखिन्छ कि विश्वको सबैभन्दा ठूलो सैन्य सङ्गठनको नेताले अब रुस-युक्रेन द्वन्द्वको परिभाषालाई युरोपमा सीमित गर्दैन, बरु यसलाई व्यापक विश्वव्यापी भूराजनीतिक द्वन्द्वको सूचकको रूपमा हेर्छ । परिणामको रूपमा, उनले नाटोको विश्वव्यापी विस्तारको लागि वैधता खोज्दै छन् । विस्तार नाटोको आन्तरिक आवश्यकता हो, जबकि युद्ध बाह्य आवश्यकता हो । युद्धबिना यो सैन्य सङ्गठनले आफ्नो औचित्य गुमाउनेछ । नाटोको स्पष्ट लक्ष्य हुनुपर्छ । यदि यो छैन भने त्यसलाई सिर्जना गर्नुपर्छ ।

शीतयुद्धको अन्त्यपछि वारसा सन्धि सङ्गठनको विघटनपछि, नाटोले आफ्नो भविष्यको दिशाको खोजी गरिरहेको छ । डिसेम्बर १९९८ मा तत्कालीन अमेरिकी विदेश सचिव मेडेलिन अल्ब्राइटले एक बैठकमा नाटोको रणनीतिक समायोजनमा वाशिङ्गटनको विचारलाई रेखाङ्कित गरिन् । नाटोलाई आफ्नो रक्षा क्षेत्रभन्दा बाहिरका सङ्कटहरूमा छिटो प्रतिक्रिया दिन सक्षम बनाउन ‘सामूहिक रक्षा’ को सिद्धान्तलाई ‘गठबन्धन हितहरूको रक्षा’ को रूपमा नयाँ व्याख्या गरिनुपर्छ भन्ने उनको विश्वास थियो ।

रुसले नाटोको पूर्वतर्फको विस्तारमा प्रतिक्रिया दिन जारी राख्दा नाटोको ध्यान रुसतर्फ सिधै केन्द्रित छ । रुस-युक्रेन द्वन्द्वको विपत्तिले नाटोको एकतालाई बलियो बनाएको छ, कम्तीमा यसका नेताहरू सङ्गठनलाई अझ बलियो बनाउनुपर्छ र आफ्नो पहुँच फराकिलो बनाउनुपर्छ भन्ने विश्वास गर्नेतिर अगाडि बढेका छन् । नाटोको अर्को लक्ष्य एसिया हो ।

आफ्नो भ्रमणको क्रममा, स्टोल्टेनबर्गले लगातार रुस-युक्रेन द्वन्द्वमा चीनलाई जोडे । हेरिटेज फाउन्डेसनमा एक भाषणमा उनले रुसको विजयले उत्तर (प्रजग) कोरिया, इरान र चीनजस्ता अन्य देशहरूमाथि बल प्रयोग गर्न सशक्त बनाउने दाबी गरे ।

यसबाहेक, फक्स न्यूजसँगको अन्तर्वार्तामा उनले स्पष्ट रूपमा जोड दिए, ‘आज यो युक्रेन हो, भोलि यो ताइवान हुनसक्छ ।’ उनले २०१७ मा चीनतर्फको रणनीति समायोजन गर्नका लागि पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पनि उच्च प्रशंसा गरे, जसले युरोपेली सहयोगीहरूलाई ‘चीनले खडा गरिएका चुनौतीहरू’ लाई पूर्णरूपमा बुझ्न मद्दत गर्न नाटोलाई नेतृत्व गरेका थिए ।

स्पष्टरूपमा, यो नाटो कोष खोज्ने मात्र होइन । यो रुस-युक्रेन द्वन्द्वलाई विश्वयुद्धमा विस्तार गर्न जनमतको स्पष्ट तयारी हो । नाटोलाई थप राजनीतिक सङ्गठनमा रूपान्तरण गर्ने छलफलदेखि हालको राज्यसम्म, जहाँ यसले रुसलाई पहिलो लक्ष्यको रूपमा हेर्छ र चीनलाई सम्भावित शत्रु मान्दछ । यो स्पष्ट छ कि नाटोको रणनीतिक समायोजन र विस्तार लक्ष्यहरू अझ स्पष्ट हुँदै गइरहेका छन् ।

नाटोको विश्वव्यापी रणनीतिक समायोजनले ठूलो जोखिम र अनिश्चितता ल्याउँछ । स्टोल्टेनबर्गका शब्दहरूबाट हामीले सुनेका छौं कि नाटोका पाइलाहरू एसियातिर बढिरहेका छन् र तिनीहरू राम्ररी तयार छन् ।

नाटोद्वारा यो रणनीतिक समायोजनले छोटो अवधिमा यसको आन्तरिक एकता बढाउन सक्छ र अमेरिका र पश्चिमद्वारा आयोजित विश्वको सबैभन्दा शक्तिशाली सैन्य शक्तिको रूपमा आफ्नो स्थितिलाई निरन्तरता दिन सक्छ । तथापि, दीर्घकालीनरूपमा, यसले विश्वव्यापीरूपमा थप विभाजन र टकराव निम्त्याउन सक्छ, जसले अन्तर्राष्ट्रिय सम्बन्ध र चीन वरपरको सुरक्षा वातावरणलाई गहिरो रूपमा असर गर्छ । एकपटक नाटो एशियामा विस्तार गर्न थालेपछि, यसले विश्वव्यापी भूराजनीतिक तनावलाई मात्र बढाउने होइन, यसले हतियारको दौड र क्षेत्रीय द्वन्द्वहरू पनि बढाउन सक्छ । नाटोको प्रगति र विश्वव्यापी विस्तारको रूपमा युद्धको खतरा अनिवार्य रूपमा बढ्नेछ र प्रभावितहरू एसियामा सीमित हुनेछैनन् ।

***-ग्लोबलटाइम्स अनलाइनबाट***
***अनुवाद : प्रकाश***

# शान्तिको लागि कहिल्यै ढिलो हुँदैन

✍ **लिआंग जिओ**

युरोपको रक्षालाई सुदृढ बनाउन संरा अमेरिका र गठबन्धनका अन्य भागहरूबाट तुरुन्तै सेनाहरू तैनाथ गर्ने नाटोको क्षमतालाई महत्त्व दिने र सम्मान गर्ने अभ्यास स्टेडफास्ट डिफेन्डर २०२४, जनवरी २४ मा आधिकारिक रूपमा सुरुगऱ्यो ।

सबै ३१ नाटो सदस्य राष्ट्रहरू र स्वीडेनका लगभग ९०,००० कर्मचारीहरूले सक्रिय रूपमा गठबन्धनमा सामेल हुन खोजिरहेका छन्, चार महिना लामो ट्रान्सएट्लान्टिक उपक्रममा भाग लिइरहेका छन्, जुन शीतयुद्धको समयमा १९८८ रिफर्जर ड्रिलपछि सबैभन्दा ठूलो नाटो सैन्य अभ्यास हो ।

शीर्ष अधिकारीहरूले भनेका छन् कि अभ्यासको उद्देश्य गठबन्धनले रसियासँगको सीमासम्म आफ्नो सबै क्षेत्रको रक्षा गर्न सक्छ भनेर देखाउने लक्ष्य राखेको छ ।

प्रतिक्रियामा, रूसी कूटनीतिज्ञहरूले चेतावनी दिएका छन् कि नाटोको “जानीजानी उत्तेजना” ले रूस र नाटो सदस्य राष्ट्रहरूबिच सैन्य द्वन्द्वको जोखिम बढाउन सक्छ, जसले युरोपको लागि “दु:खद परिणाम” निम्त्याउन सक्छ ।

अझ अगाडि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्न जनवरी २५ मा पोल्याण्ड र लिथुआनियाको बीचमा रहेको रूसी उत्खनन कालिनिनग्राद ओब्लास्टमा आइपुगे । युरोपमा रुसको पकड भएकोले बाल्टिक तटमा रहेको यो रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र २०२२ देखि रूसविरुद्ध ईयूको आर्थिक प्रतिबन्धहरूको केन्द्रबिन्दु भएको छ ।

रिपोर्टहरूले सङ्केत गर्दछ कि नाटो देशहरूका धेरै वरिष्ठ अधिकारीहरूले ग्रीष्म २०२५ को सुरुमा, बेलारुस र कालिनिनग्राद बीचको रोलिङ फिल्डहरू, जङ्गलहरू र तालहरूको पातलो बसोबास भएको सुवाल्की ग्यापमा रूसी र नाटो सेनाहरूबिच नयाँ द्वन्द्वको सम्भावनाको बारेमा चेतावनी दिएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले जनवरीको अन्तमा जर्मनीमा एक अन्तर्वार्तामा तेस्रो विश्वयुद्धको जोखिम उठाए । समग्रमा, यस्तो देखिन्छ कि रूस–युक्रेन द्वन्द्व बिस्तारै तर निश्चित रूपमा लम्बिदैछ ।

यद्यपि, यो सम्भव छ कि घटनाहरू फरक तरिकामा प्रकट भइरहेका छन् - लामो समयदेखि रोकिएको शान्ति अन्तत: यस द्वन्द्वको क्षितिजमा हुन सक्छ जहाँ कोही विजयी हुनेछैन ।

अपेक्षाकृत तटस्थ अडानका साथ हेर्दा द्वन्द्वले पश्चिम र रुस दुवैको उद्देश्य हासिल गर्न असफल भएको छ । संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमले युद्धको पहिलो वर्षमा युक्रेनलाई पर्याप्त सैन्य सहायता र प्राविधिक सहयोग प्रदान गरेको थियो । “प्रजातन्त्र र स्वतन्त्रताका मूल्यहरूको रक्षा” को आडमा युक्रेनलाई रुसलाई नियन्त्रणमा राख्न प्यादाको रूपमा प्रयोग गर्दा, रसियाले कुनै पनि पश्चिमी देशलाई कुनै पनि प्रकारको खतरा नपरोस् भनी सुनिश्चित गर्ने लक्ष्य धेरै राम्रो हुन सक्छ । तर कडा अन्तर्राष्ट्रिय प्रतिबन्धहरूका बाबजुद पनि रुस पछि हटेको छैन ।

त्यसोभए पछिल्ला उद्देश्यहरूको बारेमा के हुन्छ ? रुसले फेब्रुअरी २०२२ मा युक्रेनको पश्चिमा समर्थक सरकारलाई तुरुन्तै रोकन पार्ने र नाटोको पूर्वतर्फको विस्तारलाई सुस्त बनाउन थाल्यो । अहिलेसम्म त्यसले पनि गर्न सकेको छैन । हाल, युक्रेनी युद्धभूमिमा, दुबै युद्धरत पक्षहरू २,००० किलोमिटर फैलिएको फ्रन्टलाइनमा गतिरोधमा बन्द छन्, कुनै पनि पक्षसँग अर्कोलाई पराजित गर्ने क्षमता छैन ।

यसबाहेक, रुसको सैन्य कारबाहीले नाटोको विस्तारलाई रोक्न सकेको छैन । पुटिन कालिनिनग्राद आइपुगेकै दिन टर्किएले स्वीडेनको नाटोमा प्रवेशलाई आधिकारिक रूपमा अनुमोदन गऱ्यो । लिखित रूपमा नाटो सदस्य देशहरूमध्ये, केवल हङ्गेरीले आधिकारिक रूपमा स्वीडेनको पहुँचलाई अनुमोदन गरेको छैन ।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले यसअघि स्वीडेनको नाटो सदस्यताका लागि आफ्नो देशको समर्थन व्यक्त गरेका थिए ।

आफ्नो भूराजनीतिक सुरक्षाको रक्षा गर्न रुसको प्रयासहरूले, बरु विडम्बनापूर्ण रूपमा, छिमेकी देशहरू बीच असन्तुष्टि पैदा गरेको छ र केही हदसम्म नाटोभित्र एकतालाई बलियो बनाएको छ, फलस्वरूप यो सैन्य गठबन्धनको विस्तारलाई गति दिएको छ । यो सम्भवत: रूसी निर्णय निर्माताहरूले आशा गरेको नतिजा होइन ।

जानकारी भएसम्म यो युद्ध एक अनावश्यक थियो । वार्ता, युद्धविराम र साँचो शान्ति प्राप्त गर्नु सबै सम्बद्ध पक्षहरूका लागि उत्तम सम्भावित परिणामहरू हुन् । युक्रेन र रुस दुवैले ठूलो नोक्सानी बेहोरेका छन् र पश्चिमले यस स्पष्ट गतिरोधमा थप स्रोतहरू लगानी गर्न जारी राख्न सक्दैन । जनवरी २३ मा उदाहरणका लागि, अमेरिकी रक्षा विभाग पेन्टागनले युक्रेनका लागि “अहिले” थप पैसा नभएको घोषणा गऱ्यो ।

डच मानवतावादी विद्वान डेसिडेरियस इरास्मस (१४६६-१५३६) ले एक पटक भनेका थिए, “सबैभन्दा हानिकारक शान्ति सबैभन्दा न्यायपूर्ण युद्ध भन्दा राम्रो छ ।”

***पेइचिङ रिम्युबाट***
***अनुवाद: अभिनव***

# युक्रेनको अवडिभ्का नियन्त्रणपछि युद्ध कसरी विकसित हुनेछ

✍ **हु सिजिन**

त्यहाँ ठूलो विकास छ । युक्रेनी कमाण्डर-इन-चीफ ओलेक्जेन्डर सिर्स्कीले शनिबार अचानक घोषणा गरे कि डोनेट्स्क क्षेत्रको अवडिभ्काबाट युक्रेनी एकाइहरू फिर्ता गर्ने निर्णय गरे । यो युक्रेनी युद्धभूमिमा गत वर्षको मे यताकै सबैभन्दा महत्त्वपूर्ण परिवर्तन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको पक्षमा पछिल्लो प्रवृत्ति हो । रुसमा अर्को महिना राष्ट्रपतीय निर्वाचन हुँदैछ र पुटिनले आफ्नो पाँचौं कार्यकाल जित्ने पश्चिमी जनमतमा व्यापक अपेक्षा गरिएको छ ।

बारम्बारको युद्धपछि, रूसी सेनाले गत वर्ष मे महिनामा डोनेट्स्क शहरको उत्तरमा अवस्थित बाख्मुतको रणनीतिक यातायात केन्द्र कब्जा गऱ्यो । तबदेखि, अवडिभ्का यो युद्धमा नयाँ ‘वधशाला’ भएको छ । नयाँ युक्रेनी कमाण्डर-इन-चीफ सिर्स्कीले सोशल मिडियामा भने कि अवडिभ्का छोड्नु भनेको ‘तनावको परिवेशबाट जोगिन र सैनिकहरूको जीवन र स्वास्थ्यको संरक्षण गर्नु हो ।’

उनले यो पनि जोड दिए कि “हाम्रा सिपाहीहरूले आफ्नो सैन्य कर्तव्य सम्मानका साथ पूरा गरे, सबैभन्दा राम्रो रूसी सैन्य एकाइहरू नष्ट गर्न सम्भव सबै प्रयास गरे र जनशक्ति र उपकरणको सन्दर्भमा दुश्मनलाई महत्त्वपूर्ण क्षति पुऱ्याए ।” युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सेना फिर्ता गर्नु सही निर्णय भएको बताएका छन् ।

अमेरिकी सञ्चारमाध्यम सीएनएनले अवडिभ्काको हार युक्रेनको लागि एक निस्सन्देह झटका भएको टिप्पणी गऱ्यो । न्यूयोर्क टाइम्सले युक्रेनी सेनाको अवडिभ्काबाट पछि हटेको अराजक अवस्थाको वर्णन गऱ्यो, एउटा विवरणमा भनिएको छ कि कमाण्डरले उनीहरूलाई घाइतेहरूलाई पछाडि छोड्न आदेश दिएका थिए, तर ‘उनी घाइते मानिससँग कुरा गरिरहेको थाहा थिएन ।’




युक्रेनी सेनाको फिर्ति अवडिभ्काबाट तब भयो जब जो बाइडेनको विदेशी सहायता विधेयकको अनुमोदनको लागि अनुरोधको अमेरिकी संसद् (काङ्ग्रेस) मा रिपब्लिकन पार्टीद्वारा अवरोध गरिएको थियो । संरा अमेरिका सधैँ कीभको सबैभन्दा ठूलो बाह्य प्रायोजक भएको छ, र बाइडेनले युक्रेनको लागि २०२४ सहायता बजेट ४६० अर्ब अमेरिकी डलर अनुरोध गरेको छ । जेलेन्स्कीले हालै जर्मनी, फ्रान्स र बेलायतबाट २०२४ का लागि क्रमश: ७.५ अर्ब अमेरिकी डलर, ३.२ अर्ब अमेरिकी डलर र ३.१ अर्ब अमेरिकी डलरको सहयोगको वाचा प्राप्त गरेको छ, जसलाई प्रस्तावित ४६० अर्ब अमेरिकी डलरसँग तुलना गर्न सकिँदैन ।

युक्रेनका लागि बाइडेनको सहायता विधेयक डेमोक्र्याट-नियन्त्रित सिनेटमा पारित भएको छ, तर रिपब्लिकन-नियन्त्रित प्रतिनिधि सभामा यसले ठुलो अवरोधहरूको सामना गरिरहेको छ । यो अन्तत: पारित हुने कुरालाई नकार्न नसकिने भए पनि, पश्चिमी समर्थन अविश्वसनीय भएको छ र यो छाप युक्रेनी युद्धको समग्र स्थितिमा बिस्तारै फैलिएको छ । किभको विश्वास र दीर्घकालीन अपेक्षाहरूलाई कमजोर बनाउँदै र रुसको मनोबल बढेको छ ।

युक्रेनी युद्ध फेब्रुअरी २४ मा यसको दुई वर्षको अवधिमा पुग्ने छ, र यो एक विशिष्ट युद्धको मानक भएको छ, सम्पूर्ण पश्चिमका स्रोतहरू र दृढ सङ्कल्प रूसविरुद्ध खडा गरिएको छ । अहिलेसम्म रुसले राष्ट्रव्यापी युद्ध परिचालन सुरु गरेको छैन । अमेरिकी पत्रकार टकर कार्लसनले भर्खरै मस्कोमा पुटिनसँग अन्तर्वार्ता लिएपछि, उनले सहरको आधारभूत अवस्थाको केही फुटेज लिए, जसमा सुपरमार्केटहरूमा धेरै सामानहरूले भरिएका शेल्फहरू देखाउँछन् । कार्लसनले सीधा क्यामेरालाई भने कि प्रतिबन्धले काम गरेको छैन । अवडिभ्काको युद्धभूमिमा युक्रेनी पक्षले रूसी सेनाको तोपखाना गोला युक्रेनी सेनाको भन्दा १० गुणा बढी भएको दावी गरेको छ ।

कार्लसनसँगको अन्तर्वार्तामा पुटिनले रुसले पोल्याण्ड वा तीन बाल्टिक देशमाथि आक्रमण नगर्ने बताए । पश्चिमी नेताहरूले उनको लामो भाषणको आलोचना गरे तापनि रूसी आक्रमण र सामरिक आणविक हतियारको प्रयोगको बारेमा युरोपेलीहरूको चिन्ता केही समयदेखि घट्दै गएको छ । यसले युक्रेनलाई पश्चिमको दीर्घकालीन, बिनाशर्त समर्थनलाई असर गर्नेछ । रसियाले बलियो युद्ध क्षमता र घरेलु स्थायित्व कायम राख्दै युद्ध यसरी रह्यो भने, युक्रेनलाई समर्थन गर्ने पश्चिमाहरूको धैर्यता कमजोर हुनेछ र केही अधीरता उत्पन्न हुन सक्छ, जुन क्रेमलिनले आशा गरेको छ । युक्रेनी युद्ध चाँडै तेस्रो वर्षमा प्रवेश गर्नेछ, सहनशीलताको परीक्षा बन्नेछ । रूसको सहनशीलताको सीमा मापन र नयाँ परीक्षण गरिनेछ ।

***(लेखक चिनियाँ सञ्चारकर्मी हुन् ।)***
***-ग्लोबल टाइम्सबाट***
***अनुवाद : प्रकाश***

# सहिदको सपना, शासकको व्यवहार र देशको दुर्दशा

✍ नम्रता

फागुनसँगै नेपाली समाजमा वसन्तको आगमन हुन्छ । पर्यावरणीय तथा सांस्कृतिक हिसाबले फागुन महिनाको बेग्लै महिमा छ । नेपालको राजनीतिक इतिहासमा पनि फागुन महिनाको आफ्नै महत्त्व छ । २००७ साल फागुन ७ गते राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना भयो । २०४६ साल फागुन ७ गते पञ्चायती निरङ्कुशताविरुद्ध जनआन्दोलनको प्रारम्भ भयो । यो वर्ष अर्थात् २०८० को फागुन सुरु भएको केही दिन भइसकेको छ र ७ फागुन आउनै लागेको छ । यही सेरोफेरोमा केही सान्दर्भिक गन्थन कविताको एउटा पङ्क्तिबाट आरम्भ गरौँ ।

***आफ्नो मृत्यु रोक्न***
***ऊ कसैको हत्या गर्छ***
***ऊ मानव-रक्तको भोग माग्छ***
***ऊ कसैलाई बलिवेदीमा चढाउँछ ।***
***तर, बलिवेदीमा चढ्ने सहिद बन्छ,***
***जनजनको मनमनमा सदा बाँचिरहन्छ ।***
***आफ्नो मृत्यु रोक्ने चाहना राख्ने शासक भने***
***सहिदको जन्मसँगै पल–पलमा मरिरहन्छ !***

(सहिद र शासक)

संसारको इतिहासमा झैं नेपालको राजनीतिक इतिहासमा पनि साना ठुला आन्दोलन तथा सङ्घर्ष भए । इतिहासको त्यो गति रोकेको छैन । कहिले ढिलो त कहिले अलि छिटो गतिमा चल्दै छ । कसैको चाहना भए पनि नभए पनि त्यो चालु रहनेछ । कति अत्याचारी शासकले आफ्नो अस्तित्व जोगाउन कैयौँ मान्छे ढाले, कति शासनसत्ता या शासकलाई जनताले ढाले ! आफ्नो राजसिंहासन कहिल्यै नडग्मगिने कुनै अत्याचारी शासकले सोचेका छन् भने त्यो वस्तुगत यथार्थभन्दा निकै पर हुनेछ ।

प्रतिक्रियावादी शासकहरू सधैँ यथास्थिति मनपराउँछन् । जनता विभाजित र कमजोर हुँदा आफूलाई सुरक्षित ठान्दछन् । परिवर्तनको आवाजलाई ती आफ्नो मृत्युघण्टी मान्दछन् । परिवर्तन हठात् रोक्न खोज्छन् । जनता त्यसको प्रतिकारमा साहसपूर्वक उत्रन्छन् । प्रतिक्रियादी सत्ता जनतामाथि दमनको भरमा आयु लम्ब्याउन खोज्छ ।

निर्मम दमनचक्र चलाएरै राणा शासकहरूले आफ्नो निरङ्कुश जहानियाँ शासन कायम राख्न खोजे तर सकेनन् । बेलायती शक्तिको आडमा राणाहरूले आफ्नो लुटको स्वर्ग जोगाउन अनेक उपाय गरे तर सफल भएनन् । अन्तर्राष्ट्रिय परिस्थिति पनि राणा र बेलायतको अनुकूल रहिरहेन ! राणा शासन फाल्न १०४ वर्ष लाग्यो । शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ राणा शासनको अन्त्यका निम्ति बलिवेदीमा चढ्न तयार भए । असङ्ख्य योद्धाहरूले जेलनेल तथा दुःखकष्ट झेले । असङ्ख्य परिवारले कठोर यातना सहे । त्याग र तपस्या गरे । राणाशाहीको अन्त्य असम्भव ठानिएको थियो तर जनताको शक्तिको अगाडि केही लागेन !

पञ्चायती निरङ्कुश शासकहरूले परिवर्तन रोक्न न्वारानदेखिको बल प्रयोग गरे तर असफल भए । पञ्चायत ३० वर्षभित्र फालियो । तुलनात्मकरूपमा कम समय लाग्यो । भक्तपुरका होनहार युवाहरू राजकुमार सुवाल, कृष्णराम दुवाल, हरिकृष्ण भुजू, निर्मलकुमार शाक्यले पहिलो पटक पञ्चायती व्यवस्थाको 'डमडम' गोली खाए र ४६ सालको जनआन्दोलनका प्रथम सहिद भए । दोस्रो विश्वयुद्धमा समेत प्रतिबन्धित गोली खान युवाहरू पछि नहटेकै कारण जनआन्दोलन जङ्गलको आगोझैँ देशभरि फैलियो । आन्दोलनकारीहरूमा बेग्लै उत्साह थपियो । स्मरणीय छ, ४६ सालको जनआन्दोलनको दोस्रो दिन फागुन ८ गते भक्तपुरको तौमढीमा दोस्रो विश्वयुद्धमा समेत प्रतिबन्धित घातक 'डमडम' गोली चलाएर पञ्चायती निरङ्कुश शासकहरूले आयु लम्ब्याउने असफल प्रयास गरेका थिए । पञ्चायती कालरात्रिको अन्त्य गर्न भक्तपुरका अर्का दुई सुपुत्र पुष्परत्न शाक्य र महेश श्रेष्ठले आफ्नो प्राण उत्सर्ग गरे । अरू धेरैले हाँसीहाँसी जीवन बलिदान गरे । धेरैधेरै घाइते भए । फलस्वरूप ४९ दिनको जनआन्दोलनबाट पञ्चायत ढल्यो । 'सारा नेपाली पञ्च, सारा पञ्च नेपाली' दाबी गरिएको थियो तर पञ्चायतले अन्तिम समयमा मलामीसम्म पनि पाएन ! 'महापञ्च' तथा खुँखार राजावादीहरू एकाएक गायब भए र रातारात प्रजातन्त्रवादीको सङ्ख्या ह्वात्तै बढ्यो !

२०४६ सालको फागुन ७ गते सुरु भएको जनआन्दोलन चैत २६ गते बहुदलीय व्यवस्था पुनःस्थापनाको घोषणासँगै टुङ्गियो । २०१७ साल पुसको १ गते शाही घोषणामार्फत निर्दलीय पञ्चायती व्यवस्था लागु गरिएको थियो । बहुदलीय प्रजातन्त्रको पुनःस्थापनाको माग त्यसै दिनदेखि नेपाली जनताले गरेका थिए । समयक्रमसँगै कैयौँ सङ्घर्ष तथा आन्दोलनहरू भए । उद्देश्य प्रस्ट थियो, जनताको गुमेको हकअधिकार प्राप्त गर्नु र जनताको स्वाभिमान अपहरण गर्न नदिनु । सामाजिक न्याय मर्न नदिने अर्को उद्देश्य थियो । मूल उद्देश्य प्रजातन्त्रको पुनःस्थापना नै थियो ।

बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएको ३३ वर्ष पूरा भयो । इतिहासमा यो समयावधि भनेको एक पुस्ता हो । ४६ साल चैत २६ गते जन्मिएका बच्चाबच्ची आज वयस्क बनिसकेका छन् । अभिभावकीय जिम्मेवारी बहन गर्दै छन् । तर, प्रजातन्त्र भने सप्रिन नसकेको रुखझैँ, कीरा लागेको बालीझैँ एकमाथि अर्को सङ्कटमा फस्दै गइरहेको छ । प्रजातन्त्र थाँक्रोले नै काँक्रो चोर्दा रनभुल्लमा परेको किसानझैँ बनेको छ । प्रजातन्त्रको बिहानीसँगै राज्यद्वारा सञ्चालित कलकारखाना, यातायात सेवा आदि ध्वस्त पारिए । जनता तावाबाट फुत्केर भुङ्ग्रोमा परेको माछाझैँ छटपटाइरहेका छन् ।

प्रजातन्त्र विधिको शासन हो । जनताको शासन हो । प्रजातन्त्र विभेदको अन्त्य हो । सामाजिक न्याय तथा अधिकार प्रजातन्त्र हो । प्रजातन्त्र स्वतन्त्रता र समानताको सुनिश्चितता हो । विधि निर्माणमा जनताको सहभागिता या प्रतिनिधित्व हो । आज विधि र जनताको होइन विदेशी तिनका कठपुतलीको शासन चल्दै छ । प्रजातन्त्रको अर्थ आर्थिक-सामाजिक परिवर्तन हो । सर्वसाधारण जनताको जीवनमा सुख-शान्ति र सुखसुविधा हो ।

लामो आन्दोलन तथा बलिदानपश्चात् देशमा गणतन्त्र पनि स्थापना भयो । करिब २ सय ५० वर्ष लामो राजतन्त्रको अन्त्य भयो । गणतन्त्र स्थापनाको १६ वर्षले नेपाली जनतामा आशा जगाउन भने सकेन । जनताबीच गरिएका कुनै पनि वाचा पूरा गर्नेतर्फ शासक नेताहरू लागेनन् । परिवर्तनको आभास जनताले गर्नै पाएनन् । उल्टै, देश आर्थिक सामाजिक दृष्टिले खोक्रो बनाइँदै छ । धेरै तथ्य-तथ्याङ्क प्रस्तुत गरिरहन नपर्ला ! देशको टाउकोमा तिर्न बाँकी २३ खर्ब ८४ अर्ब ४८ करोड सार्वजनिक ऋणको भारी छ । प्रत्येक नेपालीको टाउकोमा झन्डै ८२ हजार वैदेशिक ऋण छ । ( कान्तिपुर, माघ ८, २०८०) ऋणले उकालो चढ्ने क्रम तीव्र गतिमा जारी छ । देश कुन दिन टाटपल्टिएको घोषणा हुने हो, ठेगान छैन ! चारैतिर शङ्काको बादल मडारिँदै छ ।

७० लाखभन्दा बढी नेपाली कामको खोजी गर्दै विदेश पुगिसके ! गाउँहरू सुनसान छन् । बस्तीहरू धमाधम उजाड बन्दै छन् । सन् २०२३ मा मात्र स्थायी बसोबास गर्न विदेश जाने नेपालीको सङ्ख्या ७० हजार ९१५ जना रहेको तथ्याङ्क केही दिनअगाडि सार्वजनिक भयो । पछिल्लो एक वर्षमा ३ लाख ४० हजार ३६९ जना विदेशमा नै बसेको सो खबरले बतायो । (नागरिक, २ फागुन) चालु आर्थिक वर्षको ७ महिनामा चार लाख पाँच हजार ५५२ जनाले श्रम स्वीकृति लिए । संयुक्त अरब इमिरेट्स पहिलो र कतार दोस्रो श्रम गन्तव्य बनेका छन् । (गोरखापत्र, फागुन ३ गते) आखिर, नेपालीहरू किन देश नै त्याग्दै छन् ? धमाधम देश छोडेर कामको खोजीमा विदेश किन जान बाध्य छन् ? उच्चशिक्षाको नाउँमा नेपाली विद्यार्थीहरू किन विदेश पलायन हुँदै छन् ? बौद्धिकहरू तथा उच्च पदस्थहरूसमेत यो या त्यो बहानामा किन देश छोड्न चाहन्छन् ? आजको यस परिस्थितिको निम्ति राज्यव्यवस्था, राज्यको नीति र नागरिक स्वयम् कति जिम्मेवार छन् ? देशलाई नवउपनिवेशको स्थितिबाट र नेपालीको मानसिकतालाई औपनिवेशिकताबाट मुक्त पार्न कहिले सम्भव होला ?

नेपालको कुल जनसङ्ख्याको २० प्रतिशतभन्दा बढी गरिबीको रेखामुनि छन् भन्ने तथ्याङ्क भर्खरै सार्वजनिक भएको छ । त्यसको अर्थ करिब ६० लाख नेपाली दैनिक दुई सय रुपियाँ पनि खर्च गर्ने औकात राख्दैनन् । ग्रामीण क्षेत्रमा २४.६६ र सहरी क्षेत्रमा १८.३४ प्रतिशत गरिबी रहेको ताजा सर्वेक्षणले देखाउँछ । नेपाल तथ्याङ्क विभागले गत सोमबार २८ माघको दिन सार्वजनिक गरेको चौथो नेपाल जीवनस्तर सर्वेक्षण – २०२२-२३ ले दिएको तस्बिर हो यो । (दि काठमाडौँ पोस्ट, १२ फेब्रुअरी) वास्तविकता योभन्दा पनि डरलाग्दो हुन सक्ने सम्भावना त्यति नै प्रबल छ । मिटरब्याज पीडितको सङ्ख्या देशैभरि रहेको र त्यसले गर्दा सर्वसाधारणहरू बिचल्लीमा परिरहेको तीतो यथार्थ जगमा जाहेर छ । सहकारीको ठगीमा परेकाहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दो छ । जनताको थोरै भएको पैसा र घरजग्गा पनि खोसिँदै छ । धेरैधेरै नेपाली घरबारविहीन बन्दै छन् । महँगीको मारमा जनता पर्दै छन् । नेपालीको क्रयशक्ति ह्रास हुँदै गइरहेको सर्वविदितै छ । भ्रष्टाचारले देश खोक्रो पारिँदै छ । गरिबीसम्बन्धी सर्वेक्षण यी विषयमा मौन देखिन्छ या आँखा चिम्लिएको प्रस्ट हुन्छ । यी सबै पक्षको यथोचित मूल्याङ्कन गरिएको भए गरिबीको दर योभन्दा माथि पुग्नेमा कुनै शङ्का नहोला !

यतिखेर जनताले काम पाइरहेका छैनन् । कृषि उत्पादन डरलाग्दो किसिमले ओरालो लाग्दै छ । जग्गाजमीन बाँझो छ । फलस्वरूप, हामी खाद्यान्न तथा दैनिक उपभोग्यवस्तुमा परनिर्भर बन्यौँ । भारतनिर्भरता इतिहासमै उच्च बनेको छ । भारतसँगको व्यापार घाटाले सीमा नाघ्दै छ ।

०४६ सालको राजनीतिक परिवर्तनलगत्तै राज्यका सार्वजनिक सम्पत्ति, कलकारखाना, सार्वजनिक सेवा आदि निजीकरण तथा उदारीकरणको नीतिबमोजिम भारतीय व्यापारीको हातमा सुम्पिए । यी सबै नियोजितरूपमा गरिएका थिए । त्यो भारतीय आर्थिक हमलाको एउटा सिलसिला थियो । त्यो क्रमशः बढ्दै गयो । नेपाललाई आर्थिकरूपमा स्वतन्त्र नछोड्ने भारतीय एकाधिकार पुँजीको सदावहार चाहना तथा उद्देश्य हो भने त्यो चालबाजी सफल पार्न देशभित्रका दलालहरू लागिपरे । आर्थिकरूपमा स्वतन्त्र नभएको देश राजनीतिकरूपमा पनि स्वतन्त्र नहुने राजनीतिशास्त्र र अर्थशास्त्रका हरेक विद्यार्थीलाई थाहा भएकै कुरा हो !

नेपालले इतिहासका विभिन्न कालखण्डमा समयको मागबमोजिम सहिदहरू त पाए. प्रजातन्त्र र परिवर्तनका लागि होनहार युवाहरू सहादत प्राप्त गर्न अघि सरे । तर, नेपाली जनताले गतिला शासक कहिल्यै पाएनन् । नेपालीले देशभक्त शासक कहिल्यै पाएनन् । सहिदको सम्मान गर्ने असल शासक पाएनन् । सहिदको सपनामाथि बुट बजार्ने बेइमानहरू शासक बने ! विदेशीसामु स्वाभिमान बन्धक राख्ने दासहरू बरोबर सिंहदरबार पुगे ! लेण्डुप दोर्जेहरूकै जगजगीका कारण आज देश खतरनाक मोडमा पुगेको छ ।

कविताका दुई पङ्क्तिबाट यस लेखको बिट मारौँ:

***सहिद र शासक***
***शासक र सहिद***
***चुम्बकका दुई ध्रुव !***
***शासक कहिल्यै सहिद बन्दैन***
***सहिद कहिल्यै शासक बन्दैन !***

***शासकविरुद्ध सहिदहरू बारम्बार जन्मिरहन्छन्***
***किनभने,***
***शासक जनताको काल हो ।***
***सहिदहरूको छातीमा शासकहरू भाला रोपिरहन्छन् ।***
***किनभने,***
***सहिद निरङ्कुश शासकको काल हो ।***
***(सहिद र शासक - २)***
***फागुन ३ गते, २०८०***

# काठमाडौँ महानगरमा पार्टी कार्यकर्ता भेला

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर समितिको आयोजनामा काठमाडौँ महानगरस्तरीय कार्यकर्ता भेला शुक्रबार क्षेत्रपाटीमा भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले भन्नुभयो, "सर्वहारावर्गका महान् गुरु कार्ल हेनरिक मार्क्सले उन्नाइसौँ शताब्दीमा एक नयाँ सिद्धान्तको प्रतिपादन गर्नुभयो । यो द्वन्द्वात्मक भौतिकवादमा आधारित वैज्ञानिक समाजवाद वा साम्यवादी व्यवस्था विश्वमा स्थापना हुने र पुँजीवादको पतन अनिवार्य हुनेछ भन्ने तथ्यमा आधारित सिद्धान्त हो ।"

उहाँले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुसार अहिलेसम्मको मानव समाजको विकास वर्गसङ्घर्षमा आधारित रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अँगाली नेपाली कामदारवर्गलाई राजनैतिकरूपले शिक्षित र सचेत गर्ने कार्य निरन्तर गर्दै आइरहेको छ ।"

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले मार्क्सवादी राजनीतिक अर्थशास्त्रले पुँजीवादको उत्थान, विकास र पतनको सिद्धान्तको व्याख्या गरेको, अतिरिक्त मूल्य नै शोषणको प्रमुख आधार भएको चर्चा गर्दै पुँजीपतिवर्गको सम्पत्ति सर्वहारावर्गको साझा सम्पत्ति भएको मार्क्सले व्याख्या गर्नुभएको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले निर्वाचनलाई लेनिनवादी सिद्धान्तअनुसार उपयोग गरेको हो; निर्वाचनबाटै आमूल परिवर्तन हुन्छ र कामदार जनताको शासन सत्ता आउँछ भन्ने कुरामा नेमकिपा विश्वास राख्दैन ।"

उक्त भेलाले हरिशरण श्रेष्ठको अध्यक्षतामा नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर सम्मेलन समिति गठन गरेको छ ।

## हार्दिक समवेदना



जन्म
२००७/०७/२१

निधन
२०८०/०९/१९

नेमकिपा बाँकेका जिल्ला समितिका सदस्य प्रकाशबहादुर शाहीका पूजनीय पिता **दर्जबहादुर शाही**को दुःखद निधन भएको आज ४५ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
बाँके जिल्ला समिति

# विद्यालय उच्च शिक्षा हासिल गर्ने जग




भक्तपुर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलमा भइरहेको तीनमहिने मन्टेश्वरी तालिमको समापन तथा प्रमाणपत्र वितरण शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा सांसद एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले विद्यालय उच्च शिक्षा हासिल गर्ने जग हो, जग नै राम्ररी तयार गर्नुपर्छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य गौतम लासिवाले बालबालिकालाई गाली नगरी अभिप्रेरित गर्नुपर्छ भन्नुभयो ।

समितिका अर्का सदस्य रोशनमैयाँ सुवालले विद्यार्थीहरूलाई सही मार्गमा हिँडाउने मुख्य स्थान विद्यालय नै हो भन्नुभयो ।

प्रशिक्षक देवना जोशीले मन्टेश्वरी शिक्षाको आवश्यकताबारे चर्चा गर्नुभयो ।

शिक्षिका सविना दथेपुथेले स्वागत गर्नुभएको सो कार्यक्रममा बुद्धलक्ष्मी गोर्खाली र सविना दथेपुथेले तालिमको अनुभव बताउनुभयो ।

अध्यक्ष अतिथि सुवालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# ललिता निवास नेपाल सरकारकै हुने

# जग्गा खरीदकर्ताहरूबाट जग्गा जफत, नीतिगत भ्रष्टाचार गर्नेलाई भने छुट !



✍ रामप्रसाद प्रजापति

### विशेष अदालतको सङ्क्षिप्त फैसला

काठमाडौँ बालुवाटारको सयौँ रोपनी सरकारी जग्गालाई निजी बनाई खरिद बिक्री गरेकोमा अख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगले विशेष अदालतमा ४ वर्षअघि दायर गरेको मुद्दामा बालुवाटारस्थित ललिता निवास परिसरको जग्गा नेपाल सरकारको भएको ठहर गरेको छ ।

२३ दिनको निरन्तर बहसपछि फागुण ३ गते बिहीबार विशेष अदालतले सङ्क्षिप्त फैसला सुनाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वभूमिसुधार मन्त्री डम्बर श्रेष्ठ र चन्द्रदेव जोशी, पूर्व सचिव दिनेशहरि अधिकारी, पूर्व सचिवहरू दीप बस्न्यात, छविराज पन्तलगायत ११० जनालाई बिगोबमोजिम जरिवाना र कैद सजाय हुने तथा ६५ जना प्रतिवादीहरूबाट जग्गा जफत गर्न २०७६ माघ २२ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले ललिता निवास प्रकरणमा भूमाफिया भनिएका रामकुमार सुवेदी र शोभाकान्त ढकाल, पूर्व सचिवहरू दीप बस्न्यात, छविराज पन्तलाई दोषी ठहर गरेको छ भने माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा भौतिक योजना मन्त्री रहेका विजयकुमार गच्छदार र भूमिसुधार मन्त्री डम्बर श्रेष्ठलाई भने सफाइ दिएको छ । त्यस्तै बाबुराम भट्टराई प्रधानमन्त्री हुँदाका चन्द्रदेव जोशीलाई पनि सफाइ दिएको छ ।

गच्छदार र श्रेष्ठले प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखको सरकारी निवास विस्तारका नाममा ललिता निवासको जग्गामा नक्कली मोही खडा गर्ने र नक्कली मोहीलाई सट्टा भर्ना दिने निर्णय गरेका थिए । यसरी सरकारी जग्गालाई निजी बनाउने नीतिगत निर्णय गरी राज्यलाई नोक्सानी र अहित हुने गरी भ्रष्टाचार गर्ने मन्त्रीहरूलाई सजाय भएको देखिएन ।

यसअघि सर्वोच्च अदालतबाट केपी ओली प्रधानमन्त्री हुँदा झापा, बिर्तामोडको ३४३ बिगाहा जग्गा सट्टाभर्ना गरी बिक्री गर्न दिने मन्त्रीपरिषद्को निर्णय बदर गर्ने मुद्दामा पनि नीतिगत निर्णय गर्ने गराउने सरकारी कर्मचारी र मन्त्री, प्रधानमन्त्रीहरूलाई छुट दिइएको अवस्था देखिन्छ ।

त्यस्तै जग्गा फिर्ता गर्ने शर्तमा एमालेका नेता विष्णु पौडेलका छोरा र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीलाई भने पहिला नै उन्मुक्ति दिई मुद्दा नै नचलाएको अवस्था छ । न्यायधीश कुमार रेग्मी र बिष्णु पौडेलका छोरा नवीन पौडेलले आ-आफ्नो नामको जग्गा फिर्ता गर्ने बताएकाले मुद्दा नचलाउने निर्णय अख्तियारले गरेको थियो । तर ललिता निवास परिसरको जग्गा किनेका अरू ६५ सर्वसाधारणको भने जग्गा जफत गर्न मुद्दा चलेको थियो ।

### ललिता निवास नेपाल सरकार कै

१९८७ सालमा तत्कालीन राजा त्रिभुवनसँग मागेर प्रधानमन्त्री भीमशम्शेरले अहिलेको बालुवाटार क्षेत्रको २९९ रोपनी जग्गा आफ्नो नाममा पाएका थिए । सो जग्गामा भीमशम्शेरले पर्खाल घेर्न लगाएका थिए ।

२०१६ पुस १ मा बिर्ता उन्मूलन ऐन जारी भएसँगै जग्गा प्राप्ति ऐनअनुसार तत्कालीन भोगाधिकारवाला सुवर्णशम्शेरको परिवारबाट १४ रोपनी ११ आना जग्गा जफत गरेको थियो । २८४ रोपनी जग्गा भने सुवर्णशमशेरको परिवारलाई त्यस बखत १६ लाख रुपैयाँभन्दा बढी मुआब्जा दिई सरकारले अधिग्रहण गरेको थियो । अधिग्रहण गरेको उक्त २८४ रोपनी जग्गा सरकारले गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीका नाममा राखिएको थियो ।

२०४७ सालमा प्रजातन्त्र पुनर्बहालीसँगै पञ्चायतकालमा राजकाज मुद्दा लगाएर जफत गरिएका जग्गा फिर्ता गर्न भनेर मन्त्रीपरिषद्ले गरेको निर्णयको अपव्याख्या गरेर मुआब्जा तिरेर अधिग्रहण गरिएका हदबन्दीभन्दा माथिका जग्गा पनि फिर्ता गर्ने योजना बनाएको देखियो ।

यसरी सरकारी अधिकारी र भूमाफियाको मिलमतोमा हिनामिना गरेको ललिता निवास परिसरको सरकारी जग्गा नेपाल सरकारकै नाममा फिर्ता हुने भएको छ । फैसलाले ललिता निवास परिसरका सम्पूर्ण जग्गा नेपाल सरकारकै हुने ठहर फैसला गरेको छ ।

विशेष अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले पूर्वसचिव छविराज पन्त, दीपबहादुर बस्न्यात तथा ललिता निवासको भोगाधिकारी भनिएका सुनिति राणा, शैलजा राणा, हेमनशमशेर, हाटक शमशेर, रुक्मशमशेरसमेतलाई दोषी ठहर गर्दै बिगोबमोजिम जरिवाना र कैद सजाय हुने फैसला गरेको छ ।

सजाय पाएकामध्ये छविराज पन्त भूमिसुधार सचिव छँदा ललिता निवाससम्बन्धी निर्णयमा संलग्न थिए । अवकाशपछि उनी खिलराज रेग्मी नेतृत्वको सरकारमा भौतिक योजनामन्त्री समेत बनेका थिए ।

त्यस्तै दीपकुमार बस्न्यात भौतिक पूर्वाधार सचिव छँदा जग्गा हिनामिनामा जोडिएको र अवकाशपछि उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तसमेत बनेका थिए ।

### भाटभटेनीका सञ्चालक गुरुङ मुख्य मतियार

जग्गा किनबेचमा संलग्न भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, भूमाफिया भनी किटान गरिएका शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई जग्गा हिनामिना प्रकरणको मुख्य मतियारका रूपमा अदालतले दोषी ठहर गर्दै २ वर्ष कैद र जरिवानाको सजाय सुनाएको छ ।

ती तीन जना मुख्य योजनाकारहरूबाट एक अर्ब ३१ करोड असुल्न र दुई दुई वर्ष कैद सजाय हुने फैसला गरेको छ । तर जरिवाना भने थोरै गरेको देखिन्छ ।

ललिता निवास जग्गा हिनामिनाका नाइकेका रूपमा अख्तियारले दायर गरेको मुद्दाका रामकुमार सुवेदीसँग ५२ करोड ५१ लाख ४० हजार रुपैयाँ तथा शोभाकान्त ढकालसँग ३९ करोड २७ लाख ६८ हजार रुपैयाँ र भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङसँग ३९ करोड २७ लाख ६८ हजार रुपैयाँ बिगो माग दाबीबमोजिम असुल्न भनिएको छ । भाटभटेनी सुपरमार्केटलाई प्रतिवादी बनाइएकोमा जग्गा जफत हुने मात्र फैसला गरेको देखिन्छ ।

केही समयअघि करिब १० वर्ष अगाडिदेखी चलेको राजश्व छलि मुद्दामा पनि भाटभेटेनीका सञ्चालक मीनबहादुर गुरुङले सरकारलाई बुझाउनुपर्ने रु. १ अर्ब २० करोडभन्दा बढी राजश्व हिनामिना गरेकोमा सजाय हुने गरी सर्वोच्च अदालतबाट फैसला भएको छ ।

ललिता निवासको सरकारी जग्गा हिनामिनामा फाइल सदर गरेर मन्त्रीपरिषद्मा पेश गर्ने तत्कालीन ३ जना मन्त्रीहरू विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बरबहादुर श्रेष्ठ तथा सचिव दिनेशहरि अधिकारीलाई भने कसुरबाट सफाइ दिइएको छ ।

### छानबिन समितिको प्रतिवेदन र अधिवक्ता कोइराला

२०४९ सालदेखि २०६९ सालसम्मको अवधिमा गुठी संस्थान कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, भूमिसुधार विभाग र भूमिसुधार मन्त्रालयबाट गैरकानुनी निर्णय गराएर ललिता निवास परिसरको १ सय ३६ रोपनीभन्दा बढी जग्गा हिनामिना गरेको कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ माघ २२ गते १ सय १० जना प्रतिवादीहरूविरुद्ध बिगो, कैद र जरिवाना तथा ६५ जना विरुद्ध जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो । पछिल्लो पटक लगातार २३ दिनसम्म मुद्दालाई नियमित सुनुवाइमा राखेर विशेष अदालतले सरकारी जग्गा जफत गरी नेपाल सरकारकै नाममा फिर्ता ल्याउने फैसला गरेको हो ।

हाल अख्तियार प्रमुख रहेका प्रेमकुमार राई गृह सचिव रहेका बेला पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो । समितिले दिएको प्रतिवेदनका आधारमा सरकारले अख्तियार र प्रहरीलाई अनुसन्धानका लागि पठाएको थियो ।

ललिता निवास परिसरको सरकारी जग्गा हिनामिना प्रकरणको अनुसन्धानका लागि अधिवक्ता युवराज कोइरालाले थुप्रै तथ्य र प्रमाण नेपाल सरकारलाई उपलब्ध गराई सहयोग गर्नुका साथै जग्गा हिनामिनामाथि अनुसन्धानका लागि करिब १५ वर्षदेखि सक्रियता देखाएका थिए ।

त्यसैले यस मुद्दाको चर्चा हुँदा अधिवक्ता युवराज कोइरालालाई सम्मानपूर्वक स्मरण गर्नु उचित देखिन्छ ।

### नक्कली जग्गाधनी र मोहीलाई सजाय

नक्कली जग्गाधनी र नक्कली मोहीलाई सट्टाभर्ना दिने गरी गैरकानुनी रूपमा मन्त्रालय र मालपोत कार्यालयबाट भएका निर्णय प्रक्रियामा संलग्न सचिवहरूसहित १२ जना तथा सट्टाभर्नामा नक्कली मोही दाबी गर्ने श्रीकृष्ण महर्जनसहित १२ जनालाई पनि दोषी ठहर गरी २ वर्ष कैद र बिगोबमोजिम जरिवानाको फैसला गरेको छ ।

५७ जनालाई नक्कली मोही बनी जग्गामा हकदाबी गरेकोले कसुरदार ठहर गरी जनही २ वर्ष कैद र जरिवाना हुने फैसला गरेको छ । घूस बापत जग्गा बकस लिएका १५ जनालाई पनि २ वर्ष कैद र जरिवानाको फैसला गरेको छ । जग्गा फिर्ता दिने बिष्णु पौडेललाई भने मुद्दा नै दायर गरेन ।

पशुपति टिकिन्छा गुठीका नाममा लगेर नक्कली मोही कायम गर्ने तत्कालीन गुठी प्रशासकसहित १७



जनालाई जनही १ वर्ष कैद र ४१ लाख ६७ हजार जरिवाना हुने फैसला गरेको छ । पशुपति टिकिन्छा गुठी नामक झूटा गुठी खडा गरिएको भन्ने अख्तियारको दाबी रहे पनि गुठीको अस्तित्व रहेको तर ललिता निवासभित्र गुठीको अस्तित्व नरहेको फैसलामा भनिएको छ ।

यसरी गुठी कायम गरी मोहीको हकवाला दाबी गर्ने व्यक्तिका नाममा श्रेस्ता पूर्जा कायम गरी पूर्जा दिनेहरू दोषी ठहर भएका छन् ।

विशेष अदालतले सङ्क्षिप्त फैसला जारी गर्दै २०२१ मङ्सिर १५ गते ललिता निवासको जग्गा अधिग्रहण गर्ने निर्णय भएको र १७ गतेको नेपाल राजपत्रमा प्रकाशित भएको कुरालाई अन्यथा भन्न नमिल्ने, सुवर्णशमशेर र उनका छोरा कन्चनशमशेरका नाममा रहेको १४ रोपनी ११ आना जग्गा मात्रै जफत भएकोमा तत्कालीन सरकारले १६ लाख रुपैयाँभन्दा बढी रकम मुआब्जा दिई जग्गा प्राप्ति ऐन बमोजिम अधिग्रहण गरेको २ सय ८४ रोपनी जग्गा कानुनसम्मत तवरले अधिग्रहण भएको ठहर्छ भन्दै २०४७ सालको जफत गरिएका जग्गा फिर्ता दिने भन्ने सरकारी निर्णयको अपव्याख्या गरेर अधिग्रहण भएको जग्गालाई पनि जफत गरिएकै सूचीमा राखेर ललिता निवासको जग्गा हिनामिना गरेको सङ्क्षिप्त फैसलामा उल्लेख छ ।

*२०८० फागुण ६*

# भारतले २० करोड रकम सिधै खर्च गर्ने सम्झौता देशघाती

ललितपुर । नेपाल मजदुर किसान पार्टी गोदावरीको आयोजनामा नेमकिपाको परिषद्बारे एक अन्तरक्रियात्मक छलफल कार्यक्रम शनिबार भयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले भन्नुभयो, "व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी युवा समुदाय राजनैतिकरूपमा सचेत भई एक असल सामाजिक कार्यकर्ता बनेर समाज परिवर्तनमा लाग्न आवश्यक छ । पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनु जरुरी छ । अन्धविश्वासको विरोध गर्नु आवश्यक छ ।"

उहाँले भारतीय दूतावासले नेपालमा २० करोड रुपैयाँसम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेघावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता देशघाती भएकोले खारेज गर्नुपर्ने र नेपाली भूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्नेबारे आवाज उठाइरहनुपर्ने आवश्यकता छ भन्नुभयो ।

उहाँले युवाहरूले क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया निरन्तर गर्नु जरुरी छ भन्नुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले भन्नुभयो, "कम्युनिस्ट मकुन्डो लगाएका एमाले, माओवादी, राजमो र नेकपा (एस) विदेशी पुँजीको सेवा गर्ने पार्टी नेकाको बाटो लिएबाट अब नेपालमा कम्युनिस्ट विचार बोकी जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्ने जिम्मेवारी नेमकिपाका कार्यकर्तामाथि थपिएको छ ।"

उहाँले भन्नुभयो, "पार्टी सचिव प्रेम सुवालले संसद्मा भारतले नेपालको सीमा मिचेको, कालापानीमा सेना राखेको, भारतीय एकाधिकार पुँजी लादेकोको विरुद्ध निरन्तर आवाज उठाइरहनुभएको छ तर सरकार कानमा तेल हालेर भारतीय दलाल पार्टी साबित गर्दै छ ।"

नेमकिपा ललितपुरका उपाध्यक्ष अशोक महर्जनले युवाहरूलाई स्वदेशमा रोजगारीको व्यवस्था गर्ने नीति नराख्दा वैदेशिक रोजगारको नाममा सस्तो ज्यामी बन्नुपरेको, ठगीमा पर्नु परेको, ज्यान गुमाउनुपरेको छ, त्यसको पछिल्लो उदाहरण इजरायलमा कमाउने र सिक्ने नाउँमा गएका १० नेपाली युवाले ज्यान गुमाउन परेको उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा नेमकिपा गोदावरीका विष्णुभक्त महर्जन, सुजिना महर्जन, सजीव महर्जन, एसके महर्जनले पनि बोल्नुभयो ।

# कीर्तिपुरमा 'श्रमिक' अध्ययन गोष्ठी



कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा विचारप्रधान 'श्रमिक' साप्ताहिक पत्रिकाको अध्ययन गोष्ठी कीर्तिपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपामा पूर्वकेन्द्रीय सदस्य प्रशान्त महर्जनले 'श्रमिक' पत्रिका समाजवादी विचारलाई जनतामाझ पुऱ्याउने एउटा झन्डा भएको बताउनुभयो ।

'श्रमिक' पत्रिकामा प्रकाशित लेखले जनताको चेतनास्तर वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले पार्टीका कार्यकर्ताले भूगोल र इतिहासबारे ज्ञान लिनुपर्ने भन्दै इतिहासकार एवं संस्कृतिविद् हरिराम जोशीको पुस्तक प्रदीप अभिनव संस्कृति विश्वकोष अध्ययन गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले गलत कार्यले गर्दा राजनीतिप्रति वितृष्णा फैलाउने काम सत्तासीन पार्टीहरूले गरिरहेको हुँदा जनतालाई सचेत पार्नुपर्ने बताउनुभयो । उहाँले फागुन ७ गते हुने सातौँ नेपालभाषा साहित्य सम्मेलनमा कीर्तिपुर क्षेत्रका साथीहरू पनि सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुरका अशोक डंगोल, अविरमान महर्जनले 'श्रमिक' र 'मजदुर' पत्रिकामा प्रकाशित आलेखहरूबारे आ-आफ्नो कुरा प्रस्ट गर्नुभएको थियो ।

# के सबै यथार्थवादी साहित्य प्रगतिशील हुन्छन् ?

✍ **हरिबहादुर श्रेष्ठ**

प्रगतिशील साहित्य यथार्थवादी हुन्छ तर सबै यथार्थवादी साहित्य प्रगतिशील हुँदैनन् । यथार्थवादी साहित्य र आदर्शवादी साहित्यको बिचमा कुनै एक खास हिमाल-पहाड उभिएको छैन । कुनै पनि साहित्य तत्कालीन समयको दर्शन, राजनीति र समाज व्यवस्थामा आधारित हुन्छ । दास युग र सामन्ती युगको मध्यमा अध्यात्मवादी दर्शनको आधारमा दास मालिक र सामन्त वर्गले कमारा, अर्धकमारा र अरू वर्गमाथि हुकुम चलाउँथे । त्यसबेलाको साहित्यमा देवी-देवता, परीहरू र राजा महाराजाहरूको काल्पनिक कथाहरू लेखिन्थे । यद्यपि, ती सबै कथाहरूमा पूर्णतया काल्पनिक मात्रै होइन, त्यस युगका साहित्यमा त्यसबेलाको यथार्थ चित्रहरू पनि पाइन्छन् । एकातिर ईश्वर, स्वर्ग, देवी-देवताको अज्ञात शक्तिको काल्पनिक र रहस्यमय कुराहरू जस्ता अयथार्थ कुराहरू लेखिएको छ भने अर्कोतिर राजसत्ताको विषयमा बाबु र छोरा, दाजु र भाइको सङ्घर्ष, कमाराकमारीहरूमाथि दास मालिकहरूको एकछत्र प्रभुत्व, बहुपत्नी व्यवस्था, आइमाईलाई वस्तुसरि बेचबिखन गर्ने चलन, सम्पत्ति र राजसत्ताको निम्ति आफ्नै गोत्रहरूमा हुने हिंसात्मक भिडन्तले त्यस बेलाको यथार्थ चित्रण दिन खोजिएको छ । 'रामायण' र 'महाभारत' यसका उदाहरण हुन् । कुन्तीको कथाले त्यस समयको मातृसत्ता र द्रोपदीको कथाले समूह विवाह, कृष्ण र गोपिनीहरूको कथाले कमारा (दास) हरूमाथि मालिकको हुकुम र पितृसत्ताका सङ्क्रमणको युगलाई सङ्केत गर्छ । तर जेहोस्, ती साहित्य दास मालिक र सामन्तहरूकै गुणगान गर्न लेखिएका हुन् । त्यसकारण ती जनताको पक्षको साहित्य होइन । जनताको पक्षमा नलेखिएको साहित्य प्रगतिशील हुन सक्दैन ।

युरोपको समाजमा अध्यात्मवादी दर्शन र सामन्तवादी युगको दबदबा छँदा विज्ञान र तल्लो समाजको वास्तविकतासँग साहित्य त्यतिकै टाढा थियो । पृथ्वी गोल छ भनेर सिद्ध गर्नु अपराध हुन्थ्यो र दूरबीन 'राक्षस'को यन्त्र साबित हुन्थ्यो । तर्क, विज्ञान, सत्य र यथार्थले विषपान गरेर मृत्युलाई अँगाल्नुपर्दथ्यो । तर, सामन्तवादभित्रै पुँजीवादको भ्रूण हुर्कन थाल्दछ । उत्पादन शक्तिमा फेरबदल हुन थाल्दछ । उद्योगको विकास हुन थाल्दछ । समाजमा पुँजीपति र मजदुर वर्गको उदय हुन थाल्दछ । अध्यात्मवादी दर्शनको विरोधमा भौतिकवादी दर्शनले प्रबलता पाउन थाल्दछ । दैवी सिद्धान्तको ठाउँमा सामाजिक सम्झौताको सिद्धान्तले ठाउँ लिन थाल्दछ । साहित्य अब भौतिकवादी दर्शन अनुरूप नै अगाडि बढ्न थाल्छ अथवा यथार्थवादी दृष्टिकोणको विकास हुन्छ । सामन्त र ठूला-बडाको ऐस आराम, अल्छी, झक्की, अहङ्कार एवम् चरित्रहीनता र शोषण उदाङ्ग्याउन थाल्छ । यसकारण, त्यसबेलाको यथार्थवादी र पुँजीवादी साहित्य त्यस युगको तुलनामा प्रगतिशील थियो । तर, त्यही कुरा यथार्थवादको नाउँमा आज यहाँ दोहोऱ्याइन्छ भने त्यो प्रगतिशील नहुन पनि सक्छ ।


औद्योगिक क्रान्तिले पुरानो समाजलाई पूरै ध्वस्त पारिदियो । पुरानो सामन्ती रीतिरिवाज र भावुकतालाई चकनाचूर पारिदियो । धर्म र राजनीतिमा लुकेको अन्याय, अत्याचार र शोषणलाई पुँजीवादले नाङ्गो पारिदियो । अब साहित्यले पनि नयाँ पुँजीवादी समाज र पुँजीपति वर्गको यथार्थ चित्रण गर्न थाल्यो । सामन्ती प्रभुहरूको जस्तै यिनीहरूको पैसामा बिकिने नैतिकतालाई उदाङ्ग्याइ दियो । यसप्रकार यथार्थवादी साहित्यले झन्झन् जग बसाल्न थाल्यो ।

तर, पछि यथार्थवादी साहित्यको एउटा हाँगा समाजको यथार्थ चित्रण गर्ने नाउँमा यौनवाद र छाडावादतिर लाग्यो, जसको प्रतिनिधित्व पुँजीवादी साहित्यले गऱ्यो । यो यथार्थवादी साहित्य भए पनि प्रगतिशील साहित्य होइन । अर्को हाँगा जनताको आर्थिक जन-जीवनको चित्रण गर्दै पुँजीवादी समाजको कुरा पत्ता लगाई उदाङ्ग्याउन थाल्यो । मजदुर र किसानको पक्षमा लेख्न थालियो । यो प्रगतिशील साहित्य हो ।

माथिका यी कुराहरूले प्रस्ट गर्छ कि यथार्थवाद स्वयम् सदा प्रगतिशील रहन्न । दास युग र सामन्त युगको काल्पनिक र काम नलाग्ने साहित्य दास मालिक तथा सामन्तहरूको गुणगानभन्दा पुँजीवादको उदाउँदो युगमा पुँजीवादी साहित्यकारहरूले यथार्थ जीवनको आधारमा लेखिएको साहित्य पुरानोको दाँजोमा अगाडि बढेको भन्नुपर्छ । दार्शनिकरूपले अध्यात्मवाद कल्पनामा उड्थ्यो भने भौतिकवाद जमिनमा हिँड्छ, साहित्यिकरूपले दास मालिक र सामन्तहरूको गुणगानभन्दा मध्यम र पुँजीपति वर्गको गुणगान नयाँ वर्ग र बहुसङ्ख्याको पक्षमा हुन्छ । यसकारण, त्यो प्रगतिशील थियो- पुरानो साहित्यको दाँजोमा ।

तर, पछि पुँजीवादको विकास देखेपछि मध्यम वर्गले पुँजीवाद र पुँजीपति वर्गलाई उदाङ्ग्याइ दिन्छ, त्यो प्रगतिशील कुरा हो । हुँदाहुँदै यथार्थवादी साहित्यको नाममा अब पूरै यौनवादी साहित्यको रचना गर्न थाले । यो यथार्थवादी भए पनि जनमानसलाई अलमल्याउने वा भाँड्ने भएको हुनाले यो अप्रगतिशील साहित्य हुन्छ ।

पुँजीवादी व्यवस्थाले नै सर्वहारा वर्गलाई जन्माउँछ । भौतिकवादी दर्शनको ठाउँमा द्वन्द्वात्मक भौतिकवाद र मार्क्सवादको निर्माण हुन थाल्दछ । मार्क्सवादले पुँजीवादी व्यवस्था र त्यसको सबैखाले बनावटमाथि प्रहार गर्न थाल्दछ । साहित्यले मजदुर वर्गको पक्षमा कलम उठाउन थाल्दछ । पुँजीवादी र तल्लो पुँजीवादी विचारधारा तथा नैतिकतामाथि पनि प्रहार सुरु गर्छ । सर्वहारा क्रान्तिले समाजवाद स्थापना गर्छ । समाजवादको उदयपछि पुँजीवादी युगको साहित्य जतिसुकै यथार्थवादी होस्, प्रगतिशील हुँदैन । पुँजीवादको पतनपछि पुँजीवादी यथार्थवादी साहित्यलाई प्रगतिशील भन्नु त मरेको बाघको जुँगा समात्नेलाई वीर भन्नु जत्तिकै हास्यास्पद हुनेछ । यसकारण सबै यथार्थवादी साहित्य प्रगतिशील हुँदैनन् ।




# के सबै प्रगतिशील साहित्य मार्क्सवादी हुन्छन् ?

सबै मार्क्सवादी साहित्य प्रगतिशील हुन्छन् तर सबै प्रगतिशील साहित्य मार्क्सवादी हुन्नन् । प्रगतिशील शब्दको अर्थ अगाडि बढेको भन्ने हो । अगाडि वा प्रगतिशील भन्नासाथै कसको दाँजोमा भन्ने प्रश्न उठ्छ । दास युगमा सामन्तवादी विचार र साहित्य प्रगतिशील हुन्छ भने सामन्तवादी युगमा पुँजीवादी विचारधारा र साहित्य प्रगतिशील हुन्छ । त्यस्तै, सर्वहारा क्रान्ति र समाजवादको युगमा पुँजीवादी विचारधारा प्रतिक्रियावादी र समाजवादी विचारधारा प्रगतिशील हुन्छ । यसरी प्रगतिशील र प्रतिक्रियावादी साहित्य पनि भिन्नाभिन्नै युग र देशको अवस्थाअनुसार छुट्टिन्छ ।

सामन्तवादी समाजमा युवक र युवतीले स्वतन्त्र छनौट गर्न पाउनु, जमीन जोत्नेको हुनु, जात-भात मासिनु, व्यक्तिगत व्यापार र उद्योग बढ्नु, स्कूल, कलेज खोलिनु प्रगतिशील कदम हुन् । यी सबै पुँजीवादी लक्षणहरू हुन् । तर, पुँजीवादी समाज समाजवादी समाजमा सङ्क्रमण हुने बेलामा यी सबै कुराहरू प्रगतिशील हुँदैनन् । समाजवादी समाजमा उच्छृङ्खल युवक-युवतीको जोडीलाई घृणा गर्न थालिन्छ । उत्पादनका साधन र व्यापारको सामाजिकीकरण प्रगतिशील हुन्छ । पुँजीवादी स्कूल, कलेज र शिक्षा प्रतिक्रियावादी हुन्छ ।

आज हाम्रो समाजमा सामन्तवाद, साम्राज्यवाद, पुरानो र नयाँ उपनिवेशवादको विरोध गर्ने सबै साहित्य प्रगतिशील हुन्छन् । आध्यात्मिक दर्शन, दैवी सिद्धान्त, जात-पातको भेदभाव, अन्धविश्वास, अशिक्षा, विज्ञानविरोधी भावना, आइमाईमाथिको बन्देज र असमानता, पिछडिएको खेती व्यवस्था, किसान र पिछडिएको वर्गमाथिको शोषण र दमन आदिको विरोध गर्नु सामन्तवादको विरोध गर्नु हो । त्यसैगरी विदेशी हमला, थिचोमिचो, असमान सन्धिहरू, विदेशी एकाधिकार पुँजी एवम् आर्थिक, राजनैतिक, सैनिक र सांस्कृतिक हस्तक्षेपको विरोध गर्नु तथा राष्ट्रिय पुँजी र व्यापारको विकास, भूमि सुधार, किसान र मजदुर वर्गको पक्ष लिनु सामन्तवाद, साम्राज्यवाद, पुरानो र नयाँ उपनिवेशवादको विरोध गर्नु हो । समाजवाद र सर्वहारा क्रान्ति, भियतनाम, लाओस, कम्बोडिया, प्यालेस्टाइन, एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनताको मुक्ति र स्वतन्त्रता सङ्ग्रामको समर्थन गर्नु आदि सबै प्रगतिशील पाइला हुन् । किनभने, हाम्रो नेपाली समाज पनि सामन्ती, अर्ध सामन्ती, औपनिवेशिक र अर्ध औपनिवेशिक देशहरूकै अवस्थामा छ । यसकारण, देशको सामन्ती र अर्ध सामन्ती, औपनिवेशिक र अर्ध औपनिवेशिक समाजलाई पल्टाउन यी माथिका पाइलाहरू आवश्यक छन् । त्यस सामन्ती र उपनिवेशवादी अवस्थालाई खत्तम गर्ने सङ्घर्षमा उदार सामन्त, राष्ट्रिय पुँजीपति वर्ग, मध्यम वर्ग, धनी किसान र अरू मजदुर किसानहरू पनि सामेल हुन्छन् । यसकारण, तिनीहरू प्रगतिशील हुन् किनभने तिनीहरू यस वर्तमान सामन्ती र औपनिवेशिक समाजलाई बदल्न चाहन्छन् । तर, तिनीहरू सबै मार्क्सवादलाई मान्दैनन् । मार्क्सवादी भन्नुको अर्थ पुँजीवादको पतनको अनिवार्यता, सर्वहारा वर्गको हुकुम र समाजवादको अनिवार्यतालाई मान्नेहरू तथा सो अनुसार काम गर्नेहरू हुन् । आज नेपालमा सामन्तवाद र साम्राज्यवाद तथा नयाँ र पुरानो उपनिवेशवादको विरोध गर्नेहरू सबै प्रगतिशील हुन् ।

यस्तो अवस्था चीन र अरू देशमा पनि आएको पाइन्छ । जापानविरोधी लडाइँ र नौलो जनवादी सङ्घर्षको बेलामा कम्युनिस्टहरू, प्रजातान्त्रिक पार्टीका सदस्यहरू, राजनैतिक जागृति भएका मजदुरहरू, युवक, विद्यार्थी र प्रगतिशील बुद्धिजीवीहरू प्रगतिशील फाँटमा राखिएका थिए ।

अहिले भियतनाममाथि अमेरिकी साम्राज्यवादी आक्रमणको विरोधमा लड्ने तत्त्वहरू जरुरै प्रगतिशील हुन् । त्यस्तै, हाम्रो आफ्नो समाजको सन्दर्भमा सामन्तवाद, साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवादको विरोधमा लेखिने सबै साहित्य प्रगतिशील हुन्छन् । सामन्ती शोषण, दमन र अत्याचारको विरोधमा किसान, मजदुर र जनताको प्रजातन्त्रको पक्षमा लेखिने सबै साहित्य प्रगतिशील हुन् ।

तर, यस कुरामा केही शङ्का छैन कि प्रगतिशील तत्त्वहरूमध्ये कम्युनिस्ट र मार्क्सवादीहरू सबभन्दा अघिल्लो पङ्क्तिमा हुन्छन् । तिनीहरू समाजका अग्रदूत हुन् । यसकारण, यो धेरै सम्भव छ कि प्रगतिशील साहित्यको नेतृत्व तिनीहरूले मात्रै गर्न सक्छन् । सामन्तवाद र साम्राज्यवादविरोधी कतिपय लेखक र कविहरू तथा तिनीहरूले रचना गरेका साहित्य मार्क्सवादी नहुन सक्छन् । तर, कम्युनिस्ट र मार्क्सवादीहरू तथा तिनीहरूको दर्शन अरू सबै वर्ग र दर्शनभन्दा अगाडि बढेको हुनाले तिनीहरूको साहित्य जरुरै प्रगतिशील हुन्छन् । यसकारण, सबै प्रगतिशीलहरू मार्क्सवादी हुँदैनन् तर सबै मार्क्सवादी प्रगतिशील हुन्छन् ।

## एस.आर. का दुई कविता

### मेरा गल्लीहरू !

*सायद,*
*मेरा पिता-पुर्खाले*
*साँघुरा गल्लीहरू निर्माण गरे*
*ता कि,*
*विकृति-विसङ्गतिहरू,*
*दुःख-पीडाहरू,*
*शोक-सुर्ताहरू,*
*अभाव-अत्याचारहरू,*
*लोभ-पापहरू,*
*घर-घरसम्म घुस्न नसकून्*
*चोक-चोकसम्म पस्न नसकून्*

*सायद,*
*मेरा पिता-पुर्खाले*
*साँघुरा गल्लीहरू निर्माण गरे*
*ता कि,*
*मोटा मोटा सामन्तहरू,*
*ठूला ठूला जालीफटाहाहरू,*
*अग्ला अग्ला शोषकहरू,*
*आततायी शत्रुहरू,*
*भयानक राक्षसहरू,*
*राक्षसजस्ता मानिसहरू*
*घर-घरसम्म घुस्न नसकून्*
*चोक-चोकसम्म पस्न नसकून्*

*सायद,*
*मेरा पिता-पुर्खाले*
*साँघुरा गल्लीहरू निर्माण गरे*
*ता कि,*
*त्यहाँ कुनै बग्गी र बग्गीसवार छिर्न नपाऊन्*

*नत्र,*
*किन बनाउँथे "किसी मन्ह्यं" गल्लीहरू ?*
*किन बनाउँथे कृत्रिम-खुला सुरुङहरू ?*

*मेरा गल्लीहरू प्रतिरोध युद्धका अवशेषहरू !*
*मेरा गल्लीहरू ऐतिहासिक सुरक्षाकवचहरू !*
*मेरा गल्लीहरू आत्मरक्षाका तयारीहरू !*
*मेरा गल्लीहरू जनसङ्घर्षका उत्तोलकहरू !*
*मेरा गल्लीहरू विद्रोहका रिहर्सल केन्द्रहरू !*
*मेरा गल्लीहरू नयाँ युग हुर्काउने गर्भहरू !*

*मेरा गल्लीहरू,*
*चेतनाको फराकिला राजमार्ग खन्ने साँघुरा गल्लीहरू !*
*आमूल परिवर्तनको क्षितिज उघार्ने अँध्यारा अध्यारा गल्लीहरू !*

*१ जनवरी २०२४*

### नव वर्षप्रति !

*को आयो ?*
*को गयो ?*
*पत्तै पाइनँ !*
*साइरन बजेन !*
*सलामी तोप पड्केन !*
*रुवाबासी पनि त चलेन !*
*तर*
*मलाई थाहा छ,*
*मेरो सुखको दिन आएन !*
*मेरो दुःखको दिन गएन !*
*मेरो गाउँमा शान्ति छाएन !*
*मेरो नाउँमा कुनै दीप जलेन !*

*मुग्लान हिँडिरहेको देशमा,*
*विदेश उडिरहेको यो देशमा*
*को आयो ?*
*को गयो ?*
*पत्तै पाइनँ !*
*साइरन बजेन !*
*सलामी तोप पड्केन !*
*रुवाबासी पनि त चलेन !*
*तर*
*मलाई थाहा छ*
*मेरो जिन्दगीको भारी कम भएन !*
*मेरो जिन्दगी पल्ला भारी भएन !*
*मेरो संसारमा वसन्तबहार आएन !*
*मेरो रक्तपसिनाको मूल्य पाइनँ !*

*तिमी आऊ,*
*तिमी जाऊ,*
*मलाई मतलब भएन !*
*तर*
*तिमी आउँदा तिमी नआउँदा केही फरक परेन !*
*तिमी जाँदा तिमी नजाँदा केही गुनासो छैन !*
*तिम्रो आगमनमा धेरैले स्वागत गर्लान्*
*तिम्रो बिदाइमा धेरैले बाईबाई गर्लान्*
*मेरो मन, मेरो मुटु अझै स्पर्श गर्न सकेनौ !*

# चिनियाँ विशेषतासहितको समाजवादको मार्गः एक छलफल –२

समा

चीनमा नयाँ प्रजातान्त्रिक आन्दोलनपछि अध्यक्ष माओको नेतृत्वमा समाजवादी क्रान्ति सम्पन्न भयो। सन् १९४९ देखि १९५२ सम्म चीनका लागि आर्थिक पुनर्प्राप्तिको महत्त्वपूर्ण अवधि थियो भने सन् १९५३ तिरबाट चीनमा समाजवाद निर्माणको अर्को अध्याय प्रारम्भ भयो। के हो समाजवाद ? समाजवादको निर्माण कसरी हुन्छ ? यी सवालमाथि देशैभरि विचारमन्थन चल्यो। चिनियाँ क्रान्तिका दुईवटा बलिया आधारहरू थिए – एउटा मार्क्सवादी साहित्य अर्थात् लिखित सिद्धान्त र अर्को संसारकै पहिलो समाजवादी देश सोभियत रुसमा समाजवादको अभ्यास।


सबैभन्दा महत्त्वपूर्ण कुरा उत्पादन सम्बन्ध परिवर्तन गर्नु थियो। व्यक्तिगत अर्थात् निजी स्वामित्वका ठूलठूला उत्पादनका साधनलाई सामूहिक अर्थात् सार्वजनिक स्वामित्वमा ल्याउनु प्रमुख सवाल थियो। त्यसकारण राज्यकै स्वामित्व र रेखदेखमा उत्पादन सम्बन्ध अघि बढाउन चिकपाले 'एक औद्योगिकीकरण र तीन रूपान्तरण' को सिद्धान्त अघि सार्यो। देशको औद्योगिकीकरणको लागि कृषि, पुँजीपतिहरूको उद्योग, वित्तीय व्यवस्था र निजी हस्तकलाका उद्योगहरूलाई समाजवादी रूपान्तरण जरुरी महसुस गरियो। कृषिमा रूपान्तरणको लागि सहकारीहरूको स्थापना गरियो। सन् १९५६ सम्ममा ९६.३ प्रतिशत चिनियाँ किसानहरू सहकारीमा आबद्ध भइसकेको तथ्याङ्क छ। निजी हस्तकला उद्योगको रूपान्तरणका निम्ति पनि हस्तकला सहकारी स्थापना गरियो। हस्तकला उत्पादनदेखि बजार व्यवस्थापनसम्मको काम सहकारीले गर्थ्यो। सन् १९५६ को अन्त्यसम्ममा करिब ९१.७ प्रतिशत हस्तकला क्षेत्रका कामदारहरू सहकारीमा जोडिए। चीनको प्रारम्भिक रूपान्तरणदेखि आजको चीनसम्म आइपुग्दा 'चिनियाँ विशेषता' नै प्रमुख विषय हो भन्ने आधार पुस्तक 'What is the Path of Socialism with Chinese Characteristics' ले दिन्छ। समाजवादी व्यवस्थामा मार्क्सवादी साहित्य र सोभियत सङ्घको अनुभवअनुसार देशका पुँजीपति वर्गको सम्पत्ति राज्यले जफत गर्छ। चीनले तत्काल त्यसो गरेन बरु राज्य र व्यक्तिको संयुक्त लगानीका उद्योगहरू सञ्चालन गर्यो। सम्पूर्ण उद्योग र वित्तीय व्यवस्थापनका लागि फेडेरेसन स्थापना गर्यो। अध्यक्ष माओकै समयमा चिनियाँ विशेषताका समाजवादी अगुवाइहरू भएको तथ्य पुस्तकले प्रस्तुत गर्छ। पेइचिङ सन् १९५६ भित्रै संयुक्त लगानीमा आधारित उद्योग सञ्चालन गर्ने उत्कृष्ट सहर बनिसकेको थियो। त्यही समय संयुक्तमा लगानीका करिब ३२७ फार्मेसी, ८०० उद्योग सञ्चालनमा ल्याइयो। यी केही दृष्टान्तमात्रै हुन्। संयुक्त लगानीका व्यवसाय र उद्योग सञ्चालनका लागि नगरपालिका तहबाटै अगुवाइ गरियो। तसर्थ पुँजीपतिहरूको पुँजी समाजवादी समाज निर्माणका लागि उपयोग गर्ने नीति अध्यक्ष माओ कै हो। सन् १९५६ को अन्त्य सम्ममा ९९ प्रतिशत निजी उद्योग र ८२.२ प्रतिशत वित्तीय संस्था राज्यको संयुक्त लगानीमा गइसकेको तथ्य रोचक छ।

समाजवादी व्यवस्था निर्माणको अवधिमा थुप्रै उकाली ओराली मोड र घुम्तीहरू आए। अविकसित, पिछडिएको र अपहेलित चिनियाँ समाजमा समाजवादको निर्माण एक रातमा पक्कै सम्भव थिएन। युद्ध र उपनिवेशले सिथिल बनाएको चीन सावधानीपूर्वक पाइला चाल्दै थियो। विदेशी मोडलको अन्ध नक्कल पनि प्रत्युत्पादक बन्ने भय थियो। यद्यपि, सुरुआती वर्षहरूमा सोभियत रुसको अनुसरण चिकपाको निर्णय थियो। योजनाबद्ध विकासको अवधारणा चीनले रुसबाटै सिकेको हो। विशाल औद्योगिक देश भएको हुँदा सहर केन्द्रित औद्योगिकीकरण रुसका निम्ति सहि थियो। त्यसको नक्कल चीन जस्तो गाउँ र किसानहरूको देशका लागि सही नहुने समीक्षा नेतृत्वले समयान्तरमा गर्यो।

अध्यक्ष माओले आफ्नो एउटा मन्तव्य "दश मुख्य सम्बन्धहरूमा" सोभियत रुसबाट सिक्दै चीनको माटो सुहाउँदो समाजवादको निर्माणबारे बोल्नुभएको थियो। सोभियत रुसमा देखापरेका खोटा विचार र कमजोरीहरूबाट पनि चीनले सिक्नुपर्ने सन्देश मन्तव्यमा थियो। "एकदमै ठूलो उद्योगहरूभन्दा पनि ग्रामीण कृषि, स-साना र मझौला उद्योगहरू प्राथमिकतामा राख्नुपर्छ साथै समुद्र किनारका क्षेत्र र भित्रको उद्योगबिच राम्रो सम्बन्ध, आर्थिक विकाससँगै सुरक्षा सामग्री निर्माणको सम्बन्ध बलियो हुनुपर्छ।"– उहाँको विचार थियो यो। सर्वहारा र बुर्जुवा वर्गबिचको विरोधाभासको अन्त्य नभइसकेको तत्कालीन चिनियाँ समाजमा समाजवादी मार्गको वृहत्तर अवधारणा अध्यक्ष माओले अघि सार्नुभयो। जसको प्रमुख पक्ष वर्गसङ्घर्ष थियो भने समाजवादी निर्माणको गति अर्को पक्ष र अन्तिम आर्थिक नियमनका उपायहरू थिए।

चिकपाले सन् १९५८ को सुरुतिर 'तीन वर्षे ठूलो अग्रगामी छलाङ' अर्थात् Three Year Great Leap forward को योजना बनायो। साथै सन् १९६६ मा सांस्कृतिक क्रान्तिको सुरुआत गर्यो। 'ग्रेट लिप फर्वार्ड' चीनका लागि आर्थिक र सामाजिक विकासको योजना थियो जसले कृषिप्रधान समाजलाई औद्योगिकीकरणतिर लाने र चीनलाई फलाममा आत्मनिर्भर बनाउने लक्ष्य राखेको थियो। सांस्कृतिक क्रान्तिको उद्देश्य प्रारम्भिक तहसम्मका कार्यकर्ता या जनतालाई समाजवादको शिक्षा दिनु, सानादेखि माथिल्ला प्रशासनसम्म सलहको रूपमा फैलिएको भ्रष्टाचार र कर्मचारीतन्त्रलाई जरैदेखि उखेल्नु, चिनियाँ कम्युनिस्ट पार्टीको ध्येय र भावनालाई जनतासँग जोड्नु थियो। सारा जनताको सांस्कृतिक स्तर उठाउँदै समाजवादी आचरण सिकाउनु सांस्कृतिक क्रान्तिको लक्ष्य थियो। विविध कारणले ती दुवै योजना पूरा भएन। चिकपा र अध्यक्ष माओको नेतृत्व र समाजवादी बन्दोबस्त विफल बनाउन प्रतिक्रियावादी र अवसरवादीहरूले कुनै कसर बाँकी नराखेको तथ्य पुस्तकले सङ्केत गर्छ। चीनका यी दुई घटना या समयावधिलाई चीनको इतिहासका दुई गल्ती या उतारचढाव हुन् भनी पछिल्ला साहित्यहरूमा लेखिएको पाइन्छ। तर त्यो अवधि चीनको आर्थिक विकासभन्दा पनि चीनको रक्षा र घरेलु शत्रुहरू समाप्त गर्ने अवधि थियो। त्यो अवधि देशलाई खुला गर्नुभन्दा पनि चारैतिरको सम्भावित हमला रोक्न चीनलाई भित्रबाटै बलियो बनाउनुपर्ने अवधि थियो। समाजवादले मात्र चीनको रक्षा गर्न सक्ने र मार्क्सवाद नै चीनको बाटो हो भन्ने विचार जन जनको हृदयमा स्थापित गर्ने अवधि थियो।

सांस्कृतिक क्रान्तिपछि चीनको आर्थिक विकासमा विशेष जोड दिइयो। 'चार आधुनिकीकरणको कार्यक्रम र दुई तहको विकास नीति' अघि सारियो। आधुनिक कृषि, आधुनिक उद्योग, आधुनिक राष्ट्रिय सुरक्षा र आधुनिक विज्ञान तथा प्रविधि नै चार आधुनिकीकरण कार्यक्रमको उद्देश्य थियो। त्यसका लागि दुई वटा अवधि तोकियो। पहिलो १५ वर्षमा अर्थात् सन् १९८० अघि सम्म स्वतन्त्र र तुलनात्मकरूपमा पूर्ण औद्योगिक प्रणाली या राष्ट्रिय अर्थतन्त्र स्थापित गर्ने उद्देश्य राखियो। दोस्रो चरण अर्थात् यो शताब्दीको अन्त्यसम्ममा चीनलाई कृषि, उद्योग, सुरक्षा, विज्ञान तथा प्रविधिमा मात्र होइन सम्पूर्ण रूपले आधुनिक समाजवादी चीन निर्माण गर्ने लक्ष्य राखियो। चीनले विश्वमा चीन विरोधी भावना या




मनोवैज्ञानिक युद्धविरुद्ध लामो सङ्घर्ष गर्यो। वर्गसङ्घर्ष र जनताको सेवा गर्ने भावनालाई आर्थिक विकासको मूल विषय बनाई अघि बढ्यो। सन् १९७८ मा आर्थिक विकासलाई मुख्य एजेण्डा बनाउँदै सुधार र खुलापनको नीति लिइयो। वास्तवमै त्यो पहलकदमी चिनियाँ आर्थिक विकासको कोशेढुङ्गा साबित भयो। अध्यक्ष माओको राजनीतिक विचार र आर्थिक विकासको जगमा 'सुधार र खुलापन' तत्कालका लागि चीनको मार्ग बन्यो।

सुधारको कार्यक्रम सहरहरूबाट सुरु गरियो। ग्रामीण भेगमा अझै गरिबी थियो। किसानहरू सहरी मजदुरहरूले भन्दा कम सामाजिक सुरक्षा उपभोग गर्न पाउँथे। अधिकांश किसानहरूलाई हातमुख जोड्न गाह्रै थियो। चीनमा भोकमरीविरुद्धको लडाइँको कथा फेरि बेग्लै छ। 'हाइब्रिड धानको बिउ' उत्पादन चीनको भोकमरीविरुद्धको लडाइँले जन्माएको आविष्कार हो। चीनमा वैदेशिक ऋणविरुद्धको लडाइँ रोचक छ। चिकपाका सारा नेता कार्यकर्तामात्र होइन सारा जनताले विलासिता र मिठो भोजन त्यागी एक छाक खाएर देशलाई ऋणबाट मुक्त गरेको प्रसङ्ग प्रेरणादायी छ। त्यसैले सुधार र खुलापन त धेरै उकाली ओरालीपछिको एजेण्डा थियो। सारा कृषि कम्युनहरूलाई नयाँ ढाँचामा सञ्चालन गरियो। बिऊबिजनको बन्दोबस्त, मलखाद र आवश्यक कृषि सामग्रीको उपलब्धतासँगै उत्पादकत्व वृद्धि र बजारको व्यवस्थापनमा सुधार गरियो। देशमा खाद्यान्न अभाव पूर्ति देशभित्रैबाट गर्ने योजना छोटो समयमै पूरा भयो। किसानले उत्पादनअनुसारको बजार र मिहिनेतअनुसारको पारिश्रमिक प्राप्त गरे। अर्थतन्त्र खुला बनाएलगत्तै चीन वैदेशिक लगानीमो उर्वर थलो बन्यो। चीनले लगानीका केही ठाउँहरूलाई 'विशेष आर्थिक क्षेत्र' घोषणा गर्यो। सिमानाका सहररू र समुद्र जोडिएका सहरहरूमा केन्द्रीय सरकारको लगानी पुग्दैन भने वैदेशिक लगानी स्वागत गर्न पाइने खुलापन भित्रियो। तर, यो बाटो समाजवादी देश चीनको निम्ति रगताम्य पनि हुन सक्ने चुनौतिबारे नेतृत्व सचेत थिए। क्वानचाउ, फुसियानजस्ता सहरहरूलाई विशेष निर्यात क्षेत्रको रूपमा अभ्यास थालियो। चीनको उत्पादनलाई विश्व बजारमा लाने बाटो त्यहीँबाट खुला भयो।

वास्तवमा विशेष आर्थिक क्षेत्रहरू चीनको लागि अवसर र आशाका ढोकाहरू थिए। तर चुनौती र खतरा पनि उत्तिकै थियो। 'अब चीन पुँजीवादमा पतन हुन्छ, चीनको सुधार र खुलापन सोभियत सङ्घको ग्लासनोष्ट र पेरेस्ट्रोइका जस्तै हो, सोभियत सङ्घ जस्तै चीन पनि अब पुँजीवादी लाइनमा आयो' भन्ने आलोचना या खिसिटिउरी पश्चिमबाट भयो। तर सन् १९८४ सम्म चीनको शेन्चेन आर्थिक क्षेत्रले समृद्धि हासिल गरिसकेको थियो। चुहाई क्षेत्र त्यही दौडमा थियो। समुद्री क्षेत्र जोडिएका भूभागहरूमा खुलापनको अवधारणा सार्थक बन्दै थियो। चिनियाँ युवालाई शिक्षा र प्रविधिको सिकाइका लागि विकसित देशहरूमा पढ्न पठाइयो। पुँजीमात्र होइन देशभित्र केही वर्षमै आधुनिक प्रविधि भित्रियो। व्यवस्थापकीय सिप आदानप्रदान भयो। सुधार र खुलापनको अवधि चीनमा समाजवादी बजार अर्थतन्त्र निर्माणको आधार साबित भयो।

सुधार र खुलापनको मेरुदण्ड भनेको उत्पादनका साधनहरूमा सार्वजनिक स्वामित्वको सिद्धान्त नै थियो। निजी र विदेशी लगानीलाई राज्यको नियमनमा राखी देशको द्रुत विकास गर्ने चीनको नीति समाजवादी मुलुकमा अस्वाभाविक अनुभव नगरिएको होइन। तर मार्क्सवाद, लेनिनवाद र माओ त्से तुङ विचारधाराको राजनीतिक सिद्धान्तको जगमा निर्मित चीनको बन्दोबस्तमा विदेश र निजी क्षेत्र हाबी हुने कुनै पनि प्वाल या कमजोर ठाउँ नै थिएन। सुधार र खुलापनले बेरोजगारीको समस्या पनि हल गर्दै गयो। सन् १९७० को दशकको अन्त्य मै पनि एक करोड चिनियाँ शिक्षित युवाहरू सहरी क्षेत्रमा रोजगारीका लागि भौतारिरहेका थिए। तब चिकपाले राज्यबाट प्रत्यक्ष प्रदान गरिने रोजगारी, इन्टरप्राइजेजहरूको रोजगारी र स्वरोजगारी गरी रोजगारी सिर्जनाका तीन माध्यम अघि सार्यो।

तथ्याङ्कअनुसार सन् १९८१ अक्टोबरसम्ममा अर्थात् १ दशकमा २ करोड चिनियाँहरूले विभिन्न क्षेत्रमा रोजगारी प्राप्त गरे। त्यही समयमा एक कृषि क्षेत्रका व्यवसायी चेन झिसियोनले आफ्नो मत्स्यपालन व्यवसायमा ४०० कामदारलाई रोजगारी दिइरहेको अध्ययन गरियो। स्थानीय तहको त्यो अध्ययन कै आधारमा सन् १९८१ पछि निजीक्षेत्रलाई पनि रोजगारी सिर्जनाको एउटा माध्यम घोषणा गरियो। ग्रामीण तथा सहरी निजीर साना-मझौला उद्योगहरूको नियमनका लागि राज्यबाटै नीति–प्रावधान तयार गरियो। निजीक्षेत्रको अर्थतन्त्र समाजवादी अर्थतन्त्र निर्माणको सहयोगी बनाइयो। यसरी ग्रामीण घरपरिवारलाई कृषिको औद्योगिकीकरण र आधुनिकीकरणसँग प्रत्यक्ष जोड्ने, विशेष आर्थिक क्षेत्र निर्माण गर्ने, निजीक्षेत्रलाई सहयोगी माध्यम बनाउने नीति समयसँगै सफल भयो। ती सबै नीति मार्क्सवादका थेलीहरूमा थिएनन् तर मार्क्सवादको मूल मर्मलाई भाँच्ने काम पनि गरिएन। चीनको विशेष परिस्थितिसँग मार्क्सवादका गुह्य सिद्धान्तहरूको मेल या सामञ्जस्य नै चीनको व्यवहार हो , पहिचान हो ।

सन् १९८२ सेप्टेम्बर, सन् १९७८ मा सुरु गरिएको सुधार र खुलापनको समीक्षा गर्ने क्रममा नेतृत्वले बोलेका थिए -"चीनको आधुनिकीकरण चिनियाँ वास्तविकताको जगमा मात्र सम्भव छ। क्रान्ति होस् या समाजवादी व्यवस्था निर्माणको क्रममा होस् अन्य देशहरूको अनुभवबाट सिक्न जरुरी छ। तर प्राविधिक रूपमा कुनै पनि देशको अभ्यास नक्कल गर्नु अनुत्पादक हुन सक्छ।" यसर्थ विश्वमा आज चीनको सानदार स्थान आफ्नै बल र विशेषताबाट स्थापित हो भन्दा समीचीन हुन्छ। आफ्नै विशेषताको समाजवादी बन्दोबस्त भन्नाले आफ्नै शैलीको अर्थतन्त्र, विदेश नीति, सुरक्षा बन्दोबस्तको तयारी पनि हो। सन् १९८७ अक्टोबरमा आयोजित चिकपाको १३ औं देखि १९ औं पार्टी महाअधिवेशनसम्म आइपुग्दा "चिनियाँ विशेषतासहितको समाजवाद" को ब्यानर निकै उँचो फहरियो। यही अवधिमा चिनियाँ विशेषताको समाजवादको व्यावहारिक विकास र सैद्धान्तिक आधारहरू तयार भयो। देशभित्र मात्र होइन विश्वभरमा चिनियाँ विशेषताको समाजवादबारे छलफल चलाइयो। चीनको समाजवादका चार पक्षहरू चीनको मार्ग, सिद्धान्त, प्रणाली र संस्कृति हुन्। चिनियाँ विशेषतासहितको समाजवाद चिनियाँ कम्युनिस्ट पार्टीको कुशल नेतृत्वमा चिनियाँ अर्थतन्त्रको द्रुत विकासमात्र होइन राजनीतिक विचारमा चीनको स्पष्ट अडान सँगै सामाजिक संरचनामा आमूल परिवर्तन र चिनियाँ सभ्यताको पुनर्जागरणको विचार हो। सुधार र खुलापनको चिनियाँ अगुवाइ उत्पादनका नयाँ नयाँ साधनहरूको निर्माण, समाजवादी बजार अर्थतन्त्रको निर्माण, समाजवादी प्रजातन्त्रको अवधारणा, समाजवादी पर्यावरणीय सुरक्षा अवधारणा नै चिनियाँ विशेषताको समाजवादी बाटो हो भन्ने बुझ्न यो पुस्तकले सघाउँछ। नयाँ अर्थात् आधुनिक समाजवादी चीन आजभन्दा समृद्ध, शक्तिशाली, सुसंस्कृत, मिलनसार एवम् सहयोगी र सुन्दर बन्ने विश्वास लिइएको छ। आज विश्वमा चीनको चमत्कार, अनुभव, अवधारणा र विचारबारे सघन चर्चा हुनुले चीनको लोकप्रियता दर्साउँछ।

चीनमा समाजवादको अर्थ चीनको स्वाधीनता या स्वतन्त्रता हो। उत्पादनशील शक्तिको विकाससँगै विश्वमा ध्रुवीकरणको आतङ्कविरुद्ध लड्नु चीनको समाजवाद हो भन्न सकिन्छ। पुस्तकमा लेखिएको छ -"बजार अर्थतन्त्रको बाटो पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाबिच भिन्नताको मापदण्ड होइन। योजनाबद्ध विकासको अवधारणा समाजवादी व्यवस्थाको पर्यायवाची होइन। पुँजीवादी देशहरूले पनि विकासको योजना बनाउँछन्। बजार अर्थतन्त्र पुँजीवाद होइन किनभने समाजवादी व्यवस्थामा पनि बजार हुन्छ। योजना र बजार केबल आर्थिक क्रियाकलापलाई नियन्त्रण गर्ने ज्यावल मात्र हुन्। त्यसकारण, समाजवादको प्रश्न व्यवस्था कसरी निर्माण भयो र नयाँ चरणमा कसरी प्रवेश गर्दै छ भन्ने हो।"

चीनका बजार अर्थतन्त्रको अर्थ साम्राज्यवादी या औपनिवेशिक विश्व अर्थतन्त्रविरुद्धको हाँक थियो। आज संसारले यो सत्य अनुभव गर्दै छ। चीनले कुनै पनि मोडमा आफ्नो विचार र सिद्धान्त त्यागेन। चीनले बजारमा राज्यको म्याक्रोकन्ट्रोल अर्थात् बृहत्तर नियन्त्रण हुने समाजवादी ढाँचाको बजार अर्थतन्त्र हुर्कायो। पुँजीवादी अर्थतन्त्रको पिता एडम् स्मिथ हुन्। चीनका नयाँ एडम् स्मिथहरूले चीनको अर्थतन्त्रलाई पुँजीवादको आधारशीला मानिने बजार अर्थतन्त्र नै उपयोग गरी अघि बढ्न सिकाए। अब चीनको समाजवादी बजार अर्थतन्त्रले साम्राज्यवादी अर्थतन्त्रलाई पछार्ने दिन नजिकिँदै छ। चिकपाको नेतृत्वविना चीनको यो चामत्कारिक फड्को सम्भव थिएन्। माओको क्रान्तिविना त चीनलाई जोगाउने समाजवाद नै चीनमा सम्भव थिएन। तसर्थ चिकपाको नेतृत्व र माओ त्सेतुङ विचारधारा चिनियाँ समाजवादको सबैभन्दा महत्त्वपूर्ण विशेषता हो। चिनियाँ विशेषताको समाजवादी विचारले पार्टी र जनतालाई आफ्नो राष्ट्रिय पुनर्जागरण र वैज्ञानिक सिद्धान्तबारे दीक्षित बनाउँछ। नयाँ युगलाई हेर्ने वैज्ञानिक दृष्टिकोणसँगै शान्त र सन्तुलित विश्वको न्यायोचित माग गर्दछ।

आजको चीनको स्थानलाई पश्चिमले ठूलो चुनौती भनिरहँदा विश्वले भन्दै छ - "चीन संसारको लागि होइन संरा अमेरिकाको निम्ति ठूलो चुनौती या टाउको दुखाइ जरुर हो।" संसारले अपेक्षा गरेभन्दा ज्यादा सभ्य र सुन्दर छ आजको चीन। त्यसो त चीन सभ्यताको देश हो। ५ हजार वर्ष पुरानो सभ्यता, संस्कृति पुनर्निर्माणका निम्ति विश्वव्यापी सभ्यता अगुवाइ अघि सारिएको छ। चीनको सभ्यता चिनियाँ समाजवादको विशेषता हो।

अध्यक्ष माओले १९४० तिर राख्नुभएको विचार पुस्तकमा छ - "चीनलाई हामीले राजनीतिक र आर्थिकरूपले मात्र स्वतन्त्र र समृद्ध बनाउन खोजेको होइन। अपहेलित र पिछडिएको चीनको परिचय मेट्दै प्रगतिशील र अगाडि बढेको सुसंस्कृत समाज निर्माण मुख्य लक्ष्य हो। त्यसका लागि नयाँ युगमा संस्कृति र सभ्यताको जागरण जरुरी छ।" चीन आज जनताकेन्द्रित संस्कृति निर्माणमा तल्लीन छ। जसले आधुनिकता अङ्गालेको छ, सारा विश्व र भविष्यलाई आलिङ्गनमा बेरेको छ। जनकेन्द्रित संस्कृति निर्माण र आधुनिकताले समाजवादलाई भौतिक सुविधा सम्पन्न बनाउनेछ। समाजवादको सांस्कृतिक – जातीय विविधताको गौरव उँचो बनाउनेछ। चीनको विश्वास छ - "चिनियाँ संस्कृति र सभ्यताले चिनियाँ जनता र समाजवादको सेवा गर्नेछ।" अध्यक्ष माओले भन्नुभएझैं आज पनि चिनियाँ नेतृत्व सयौँ फूलहरू फुल्न दिने सिद्धान्त आत्मसात गर्छन्। सयौँ विचारहरूको मन्थनका लागि चीन आज पनि उत्तिकै खुला छ। रचनात्मक रूपान्तरण र विकासका लाग चीन सदा सहृदयी छ। यही चिनियाँ समाजवादको विशेषता हो।

## नेपाल विश्वविद्यालय विधेयकबारे प्राज्ञहरूमाझ छलफल

# विश्वविद्यालय गुणस्तरीय शिक्षाको लागि आवश्यक

काठमाडौं । प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा नेपाल विश्वविद्यालयबारे शुक्रबार सरोकारवालासँग छलफल कार्यक्रम भयो ।

उक्त छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सहरी विश्वविद्यालयको रूपमा धेरै विश्वविद्यालयहरू स्थापना हुनु जरुरी रहेको उल्लेख गर्दै नेपाल विश्वविद्यालयलाई पनि त्यही रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विश्वविद्यालय गुणस्तरीय शिक्षाको लागि हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "अहिले कतिपय विश्वविद्यालयको स्नातकोत्तर र पीएचडीसम्मका अनुसन्धानपत्रहरू फोटोकपी पसलमा किन्न पाइने चर्चा छ । खुला सिमानातर्फको देशबाट स्नातकोत्तर र पीएचडीको डिग्री समेत किनेर नेपालमा आउने सङ्ख्या बढिरहेको चर्चा छ । त्यस्तो गलत प्रमाणपत्रलाई नेपालमा विश्वविद्यालयले समकक्षता दिनु हुँदैन ।"

राणा शासनले समेत शिक्षालाई अन्ततः रोक्न नसकेको चर्चा गर्दै सांसद सुवालले अहिलेका सरकारहरूले शिक्षालाई रोक्न सम्भव छैन; यसकारण विश्वविद्यालय खोल्न दिनुपर्छ उहाँले भन्नुभयो ।

"नेपाल विश्वविद्यालयको विधेयकलाई गैरसरकारी भनी ल्याइएको छ; त्यसो गर्नुहुँदैन । कुनै एउटा स्थानीय पालिकालाई नेपाल विश्वविद्यालयको स्वामित्व दिनु जरुरी छ । उपकुलपतिहरू भागबन्डा गरेर विश्वविद्यालय चल्दैन । देशको राजस्व सङ्कलन गरेर बनेको ढुकुटीलाई अर्थ मन्त्रालयले मन्त्रीको पेवा ठान्नु गलत हो । विद्यालय शिक्षा र विश्वविद्यालय शिक्षाको लागि आवश्यक बजेट अर्थमन्त्रालयबाट विनियोजन हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

विश्वविद्यालय या प्राध्यापकले सिधै विदेशीसँग पैसा लिए विदेशीको दलाल बनाउने सम्भावना रहेको उल्लेख गर्दै सांसद सुवालले विदेशी सहयोग सरकारमार्फत ल्याउन उपयुक्त हुनेछ भन्नुभयो ।

नेपाल विश्वविद्यालयको सरोकारवालाको तर्फबाट पूर्वउपकुलपति केदारभक्त माथेमाले अबका विद्यार्थीलाई पृथ्वीनारायण शाहले नेपाल खाल्डोमा हमला गर्नुअघि के व्यवस्था थियो भनी सोध्नुभन्दा पृथ्वीनारायण शाह लडाइँमा हारेको भए नेपालको खाल्डोको अवस्था के हुने होला भनी कल्पनाशील प्रश्न सोध्नु जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालमा १५ प्रतिशत युवाले मात्रै विश्वविद्यालयमा प्रवेश गर्न पाएका छन् । बङ्गलादेशमा २८ प्रतिशत युवाले विश्वविद्यालयमा प्रवेश पाएका छन् । चीनको त कुरै नगरौँ, त्यहाँ धेरै विश्वविद्यालयहरू छन् । यसकारण, नेपालमा पनि विश्वविद्यालय पर्याप्त खोल्नुपर्छ ।"

पूर्वशिक्षामन्त्री माधव पौडेलले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरू विदेश जानुको कारण देशभक्तिसँग सम्बन्धित शिक्षा नभएको चर्चा गर्दै इथियोपियामा झन्डै ६ करोड जनसङ्ख्या छ; ६०–७० वटा विश्वविद्यालय छन्; नेपालमा विश्वविद्यालय पुगेको छैन; विश्वविद्यालयलाई गैरसरकारी भन्नु ठीक छैन; सरकारले बढी नियन्त्रण पनि गर्नुहुँदैन; सरकारले विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न सहयोग गर्नुपर्छ भन्नुभयो ।

प्राध्यापक चैतन्य मिश्रले पढ्ने राम्रो भन्नुको अर्थ विषयवस्तु बुझ्नु हो; प्रमाणपत्र मात्र वितरण गर्नु होइन भन्दै राममनोहर श्रेष्ठलाई त्रिविको उपकुलपति बनाउनु राम्रो हुने बताउनुभयो ।

अर्जुन कार्कीले नेपाल विश्वविद्यालय विधेयकलाई सरकारले तोडमरोड गरी वितरण गऱ्यो, राष्ट्रिय सभाले गैरसरकारी विधेयक भनी थप्यो; यसमा हाम्रो चित्त बुझेको छैन; अहिले सरकारले नेपाल विश्वविद्यालयलाई पूर्वाधारको निम्ति वर्षको एकडेढ करोड बजेट पठाइएको छ भन्नुभयो ।

विपिन अधिकारीले सो विधेयकलाई सरकारी र गैरसरकारी विधेयक भनी छुट्ट्याउनु गलत भएको उल्लेख गर्दै डाक्टर पढ्नेलाई सामाजिक शिक्षा चाहिँदैन; इन्जिनियर पढ्नेलाई नेपाली विषय चाहिँदैन भन्नु नै गलत हो; विश्वविद्यालयलाई सिधै विदेशीसँग आर्थिक सहयोग लिन नदिनु तानाशाही हो; त्रिविको जस्तो स्वतन्त्रता दिइएन भने नेपाल विश्वविद्यालय चलाउँदैनौँ भन्नुभयो ।

उमिना सिंहले नेपाल विश्वविद्यालयमा स्नातक पढ्ने विद्यार्थीलाई पहिलो दुई वर्ष विभिन्न विषय पनि अध्ययन गराउने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

सूर्यराज आचार्यले प्राध्यापकको निष्ठाबाट विश्वविद्यालय निर्देशित हुनुपर्छ; सरकारको ऐनकानुनले निर्देशित गर्नुहुँदैन; विदेशमा सेवा आयोग भन्ने छैन; दक्षिण एसियामा मात्र छ भन्नुभयो ।

समितिका सभापति भानुभक्त जोशीले अन्य विज्ञहरूसँग पनि छलफललाई निरन्तरता दिने विश्वास दिलाउनुभयो ।

---

एकक्षण

बिजुक्छैं

# अमेरिकी औद्योगिक क्रान्तिमा मजदुरको योगदान

हातले मालसामान बनाउने ठाउँमा मेसिनले बनाउने र घरघरबाट उत्पादन हुने ठाउँमा कारखानाबाट उत्पादन हुने परिवर्तनलाई 'औद्योगिक क्रान्ति' भनिन्छ । बेलायतमा सन् १७०० शताब्दीको मध्यमै कपासबाट धागो काट्ने र धागोबाट कपडा बुन्ने कामचलाउ भाप मेसिनको विकास र आविष्कारबाट बेलायतमा परिवर्तन हुँदै गयो । १७७५ तिर बेलायतको औद्योगिक क्रान्ति अमेरिकातिर मोड्न सुरु गर्यो ।

बेलायतले आफ्नो नयाँ उत्पादन शैलीलाई अरू देशमा पठाउन चाहँदैनथ्यो । उसले मेसिनहरू र मेसिनको नक्कल विदेशमा पठाउन निषेध गर्यो र मेसिनमा काम गर्न जान्ने कालीगड र मजदुरहरूलाई विदेशमा पठाउन चाहँदैनथ्यो । हाते कारखानाहरूको नयाँ काइदाहरूको जानकारी बाहिर जानबाट रोक्न बेलायत असफल रह्यो ।

नयाँ उत्पादनबारे जानकार केही खप्पिस बेलायतीहरू अमेरिका पुगेर त्यही जेनी (Jenny) धागो बुन्ने र कपडा बुन्ने नयाँ काइदाहरू अमेरिकामा प्रयोग गर्न थाले । सन् १७७० तिर रोजे टापुमा सामुएल स्लटरले नयाँ कारखाना स्थापना गरे । (उनी नै अमेरिकी कारखाना बन्दोबस्तका पिता कहलिए ।) त्यसपछि धागो काट्ने कारखानाहरू बढ्दै गए र सन् १८१२ सम्ममा न्यु इङ्गल्यान्डमा झन्डै ३०० जति धागो काट्ने कारखानाहरू सुरु भए ।

सन् १८१४ मा फ्रान्सिस लोवेल (Francis Lowell) ले संयुक्त राज्य अमेरिकामा पहिलो भापबाट चल्ने धागो कात्ने कारखाना स्थापना गर्यो । बेलायतको जस्तै त्यस भापबाट चल्ने धागो कात्ने कारखाना थियो । त्यसै वर्ष लोवेलले मासाचुसेट्को वाल्थम् (Waltham, Massachusets) मा कपास कारखाना सुरु गरे । त्यो नै संसारको पहिलो धागो बुन्ने र कपडा बुन्ने एउटै कारखाना थियो । त्यसपछि लोवेल र अरूले पनि विभिन्न ठाउँ र मेरिमाक (Merrimac) नदी र न्यु इङ्गल्यान्ड एवं न्युयोर्कको ससाना खोलानालाको किनारमा पनि कारखानाहरू स्थापना गरे ।

सबैतिर ऊन, रेशम, गलैंचा, घडी, बन्दुक र कृषि औजारहरूका कारखानाहरू स्थापना भए । मेसिनले चल्ने कारखानाहरू चले पनि घरघरमा चल्ने र ससाना हातले बनाउने कारखानाहरू बन्द भएनन् । सन् १८२० सम्म पनि तीन भागको दुई भाग अमेरिकामा कपडा कारखाना घर घरमा वा घरेलु नै थियो । तर, १९ औँ शताब्दीको मध्यसम्म अर्थात् १८५० सम्म पनि हाते कारखानाहरू सञ्चालनमा थिए ।

**किन उत्तर अमेरिकामा कारखाना उद्योग विकास भयो ?**

व्यापार र बैङ्कमा लगानी गर्ने रकमलाई तिनीहरूले कलकारखानामा लगाए । उत्तरमा पानीको शक्ति प्रचुर मात्रामा थियो, त्यहाँ यान्त्रिक र व्यापारिक किसिमका जनसङ्ख्या र व्यवसायीहरू थिए, खेतीका महिलाहरू र युरोपका प्रवासीहरूको श्रमशक्ति पनि त्यहाँ प्राप्त थियो । कारखाना संस्कृतिको केन्द्र पहिले न्यु इङ्गल्यान्डमा थियो र मासाच्युसेट, रोडे टापु र कोत्नेकटिकटमा पनि थियो । पछिपछि पूर्वी न्युयोर्क, न्यु जर्सी र पेन्साइलेभेनिया, ओहियो, इन्डियाना र इल्लिनोइसमा फैलियो ।

सुरुमा कारखाना मालिकहरूले नजिकैका किसानहरू नै आफ्ना श्रमशक्तिको स्रोत मान्थे । किसानहरूका छोराछोरीहरू पैसा कमाउने अवसरबाट खुसी थिए । तिनीहरू लामो समय काम गर्थे र कडा मेहनत गर्थे । जतिजति कारखानाहरू खुल्दै गए अमेरिकामै जन्मेका महिलाहरू र केटाकेटी अपुग भएपछि कारखाना मालिकहरूले युरोपबाट बसाइ सराइलाई उत्साहित गरे ।

सन् १७९० देखि १८२५ सम्म वर्षमा ८ हजार मात्रै प्रवासीहरूले सजिलै काम पाउँथे । सन् १८३० देखि एक वर्षमा प्रवासीहरूको प्रवाह ५० हजार पुग्यो र १८४० सम्ममा १ लाख प्रवासीहरू पुगे । आयरल्यान्डको अकाल र जर्मनीको क्रान्तिले अमेरिकामा नयाँ प्रवासीहरूको बाढी नै आयो । सन् १८५० देखि वर्षको ३ लाख नयाँ प्रवासी भित्रियो । धेरैजसो उत्तर अमेरिकी बन्दरगाहमा पुगे र त्यही बसे । तिनीहरू गरिब र अनपढ थिए, त्यहाँ पुग्न तिनीहरूले जे पनि बेच्थे र जे पनि पाएमा काम गर्थे । तिनीहरू कम ज्याला र नराम्रो ठाउँमा पनि काम गर्थे ।

**औद्योगिकरणले नयाँ सामाजिक समस्या**

कलकारखानाहरूले बिस्तारै ससाना ज्यासलहरूलाई समाप्त पारे तथा ती कामदारहरूको जीवनलाई धेरै किसिमले हेरफेर गरे । वर्षौंदेखि उसले प्राप्त गरेको कालीगड कारखानालाई आवश्यक भएन । केटाकेटीले धेरैजसो मेसिनका यन्त्रहरू चलाउन जान्दैनथे । कामदारहरूले आफ्नो मालिकलाई चिन्दैनथे । आफूले आफ्नै कारखाना राख्न सक्दैनथे र कारखाना धेरै महँगो पर्दथ्यो । उसको जीविकाको निम्ति कारखानाका मालिकहरूको कम्पनीको मुख हेर्नुपर्ने भयो ।

केटाकेटीहरूले समेत कारखानाका यन्त्रहरू चलाउन जान्ने हुनुपर्यो । यान्त्रीकरणले अमेरिकामा जन्मेका मजदुरहरू कारखानामा काम नगरी बरु आफूले सिकेको खेतमा काम गर्न जान थाले । कारखानाबाट धेरै पैसा कमाउन नसक्ने हुँदा मजदुरहरू अमेरिकाको पश्चिमातिरको जग्गातिर लागे ।

कारखानाहरूले पनि खेतीमा जस्तै बिहानदेखि साँझसम्म काम गर्नुपर्ने नियम बनाए । न्यु इङ्गल्यान्ड भन्ने ठाउँमा एक कारखानामा बिहानैदेखि काम गराउँथ्यो । बिहान ८ बजे आधा घण्टा खाना खान समय दिन्थ्यो र दिउँसो १२ बजे मात्र खाने समय दिन्थ्यो । साँझ हुञ्जेलसम्म काम गराउँदा महिला र केटाकेटीहरू साह्रै थाक्थे ।

ज्यालामा एकरूपता थिएन, काम जान्ने मजदुरहरूलाई दिनको दुई डलरसम्म पाउँथ्यो र सालाखाला ८५ सेन्टदेखि एक डलरसम्म पुग्थ्यो । तर, महिलाहरूलाई हप्तामा ५० डलरदेखि ३ डलरसम्म पाउँथ्यो । केटाकेटीले हप्तामा ५० सेन्टदेखि ८० सेन्टसम्म पाउँथे । लामो समयसम्म ज्यालाको एउटै दर थियो । एक्लै कामदारले हप्तामा दुई दशमलव ५० डलर पश्चिममा जग्गा किन्न जोगाउन सक्थ्यो तर स्वास्नी र छोराछोरी भएकाहरूले अलिअलि कमाए पनि कोठा लिन र पश्चिमा जग्गा किन्न सक्दैनथे ।

खेतीमा दिनभरि काम गर्नुभन्दा कारखानामा काम गर्दा केटाकेटी र महिलाहरू अति थाक्थे । घर र कारखानामा काम गर्न धेरै गाऱ्हो हुन्थ्यो । रोडे टापुमा सन् १८०१ मा ६ वर्षदेखि १२ वर्षसम्मका केटाकेटीलाई काममा लगाएका थिए । तिनीहरूले १२ देखि २५ सेन्टसम्म पाउँथे । एक शताब्दीसम्म बालश्रम चालु रह्यो ।

यसबेलाका कारखानाका यन्त्रहरूलाई सुरक्षाको दृष्टिले राम्रो बन्दोबस्त गरिएको हुन्थेन । त्यसकारण बरोबर कारखानामा दुर्घटनाहरू हुन्थे र उज्यालोसमेत नपुग्ने र हावा नपुग्ने ठाउँमा काम गर्न बाध्य थिए । दुर्घटनामा परेका मजदुरहरूलाई क्षतिपूर्ति दिनेसमेत ऐनमा बन्दोबस्त थिएन ।

काम गर्ने ज्यासलको वातावरण स्वस्थकर नहुँदा धुलो, भाप र फोहोरको कारण कामदारहरूलाई क्षयरोग लाग्थ्यो । चर्पी र सफाइ नहुँदा रोगहरू एकले अर्कोलाई साथ्र्यो, सहरहरूको विकास हुँदै गयो तर ढल, चर्पी र सफाइ नहुँदा गाउँमा भन्दा सहरी कारखानाहरूमा रोग फैलिने गर्थ्यो । रोगीको वृद्धि र मृत्युदर पनि बढ्थ्यो ।

**मजदुर आन्दोलनको विकास**

सन् १८२५ सम्म बेलायतमा मजदुरहरूलाई सङ्गठन गर्ने र हडताल गर्ने अधिकार थिएन । अमेरिकामा पनि ज्याला बढाउन सङ्गठन गर्ने र हडताल गर्ने मजदुरहरूलाई अदालतले जेल सजाय दिन्थ्यो । बेलायतको तुलनामा अमेरिकामा मजदुर सङ्गठन थोरै थियो र सङ्गठित थिएनन् । अमेरिकामा पनि सन् १८२५ पछि मात्र अमेरिकामा मजदुर सङ्गठन गर्न सुरु भयो । १८२८ मा फिलडेल्फियामा ससाना सङ्गठनहरू एक भएर मजदुर सङ्घ बन्यो । नगरहरूमा पनि मजदुर सङ्गठनहरू बने र १८३४ मा मजदुरहरू सङ्घर्षको निम्ति एक राष्ट्रिय मजदुर महासङ्घमाा सङ्गठित भए ।

काम गर्ने परिस्थिति सुधार गर्न, ज्याला बढाउन र कामको घण्टा कम गर्न मजदुर सङ्घहरूले सङ्घर्ष सुरु गरे । हडताल असफल हुन्थ्यो र हडतालीहरूको ठाउँमा नयाँ आप्रवासीहरूलाई कारखानामा काम लाउँथे, हडतालहरू असफल हुन्थ्यो र जनमत मालिकहरूको पक्षमा हुन्थ्यो । तैपनि कम सफल भएका हडतालहरूको कारणले पनि मजदुरहरूको पक्षमा कानुनमा केही हेरफेर र सुधार हुँदै गयो ।

---

**ख्वप...**

रहने अमरगढी नगरपालिकाका प्रमुखलाई संयोजक बनाउनुपर्ने आवश्यकता उल्लेख गर्दै सांसद सुवालले संरक्षक परिषद्को अध्यक्षमा पनि अमरगढी नगरपालिकाका प्रमुख संयोजक हुने प्रावधान विधेयकमा राख्नु उचित हुने बताउनुभयो ।

"देश विकासमा विश्वविद्यालयको योगदान महत्त्वपूर्ण हुन्छ । इथोपियाका नेताहरूले कृषि, वृक्षरोपन, पूर्वाधार विकासको जिम्मेवारी विश्वविद्यालयलाई दिएर देशलाई द्रुत विकास गर्दै छन् । यो मामिलामा नेपालले इथोपियाबाट सिक्नु आवश्यक छ ।" सांसद सुवालले स्पष्ट गर्नुभयो ।

विदेशी सहयोग सङ्घीय सरकारमार्फत ल्याउनुपर्नेमा जोड दिँदै सांसद सुवालले भारतीय राजदूतावासबाट सोझै २० करोड रुपैयाँसम्मको योजना बाँड्न पाउने सम्झौताको कारण देश भारतको नवउपनिवेश बन्ने खतरा बढेको उल्लेख गर्नुभयो ।

"भक्तपुर नगरपालिकाको नेतृत्वमा स्थापना हुने ख्वप विश्वविद्यालय विधेयक सांसदहरूलाई वितरण भइसक्दासमेत निस्क्रिय बनाई पारित गरिएन । शिक्षा समितिका सभापतिले भक्तपुर नगरपालिकाद्वारा स्थापना र सञ्चालन हुने ख्वप विश्वविद्यालयको विधेयकसमेत यो विधेयकसँगै अघि बढाउने निर्देशन शिक्षा मन्त्रालयलाई दिनु जरुरी छ ।" सांसद सुवालले जोड दिनुभयो ।

समिति सभापति भानुभक्त जोशीले ख्वप विश्वविद्यालय विधेयक पारित नभएको बारे शिक्षा मन्त्री र मन्त्रालयसँग छलफल गर्ने प्रतिबद्धता गर्नुभयो ।

समितिको औपचारिक बैठक समापन भइसकेपछि केही सांसदहरूले नेपाल विश्वविद्यालयको जग्गालगायत कुनै पनि पूर्वाधार नभएको भनी आश्चर्य प्रकट गरेका थिए ।

**व्यापक...**

गर्दै व्यापक जनतालाई सचेत र सङ्गठित नगरेसम्म क्रान्ति र विद्रोह सफल नहुने शिक्षा डिसेम्बर विद्रोहबाट सिक्नु जरुरी रहेको उल्लेख गर्नुभयो ।

उहाँले एक व्यक्तिमात्र क्रान्तिकारी भएर नपुग्ने भएकोले परिवारका परिवार क्रान्तिको निम्ति तयार हुनु जरुरी रहेको उल्लेख गर्दै कार्यकर्ताहरूले आफ्नो परिवार र समाजमा पनि क्रान्तिको विचार फैलाउन क्रियाशील रहनु जरुरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भजिसका अध्यक्ष मिनबहादुर बाटाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा गणेशप्रसाद सुवाल, प्राध्यापक विश्वमोहन जोशी, नेक्रायुसङ्घका राजकुमार लघु, रमेश वैद्य, सङ्गीता नेपाली, मुना बासुकला, रामकृष्ण प्रजापति, रुपेश कर्माचार्य, दिनेश प्रधान, गोपालसुन्दर गोसाई, सिद्धिराम सुवाल, राजाराम बासी, जगतराम धुख्वालगायतले पुस्तकबारे आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।

**शैक्षिक...**

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले शिक्षा विधेयकले शिक्षकको मौलिक राजनैतिक अधिकार खोस्न लागेको चर्चा गर्दै अन्याय अत्याचारविरुद्ध बोल्न र देशभक्तिपूर्ण विचार राख्न कसैले रोक्न सक्दैन भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न कार्यक्रममा श्यामकृष्ण खत्री, हिमालयश्वरलाल मूल, रोसनराज तुइतुईले पनि विचार राख्नुभएको थियो ।

विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले विद्यालयका प्रतिवेदन प्रस्तुत गर्नुभयो भने लक्ष्मीसुन्दर सुवाल र सुशीला न्याइच्याईले पनि बोल्नुभएको उक्त कार्यक्रममा विद्यालयलाई आर्थिक भौतिक सहयोग गर्ने महानुभाव तथा शिक्षकशिक्षिकाहरूलाई सम्मान गरिएको थियो । उत्कृष्ट खेलाडी तथा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । सांस्कृतिक कार्यक्रम पनि देखाइएको थियो ।

प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,
प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३